# समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

# शोधपत्र


शोधकर्ता

दिलीपकुमार ढकाल

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०६३

शोध निर्देशक
प्राध्यापक राजेन्द्र सुवेदी

# समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र

**शोधकर्ता**

**दिलीपकुमार ढकाल**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर,**

**२०६३**

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा समाजिक शास्त्रसङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री दिलीपकुमार ढकालले त्रि.वि.स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख ..............................

२. शोधनिर्देशक प्राध्यापक राजेन्द्र सुवेदी ...............................

३. बाह्य परीक्षक ...............................

मितिः .......................

प्राध्यापक डाक्टर दयाराम श्रेष्ठ

गोपीकृष्ण शमा

**कृतज्ञता–ज्ञापन**

समालोचक यदुनाथ खनाल सैद्धान्तिक नेपाली समालोचना फाँटका आधारभूत प्रणेता हुन् । नेपाली समालोचनाको आधुनिक कालखण्डको अध्ययन नभएको परिप्रेक्ष्यमा अभाव पूर्ति स्वरूप प्रस्तुत **समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू** शीर्षकको शोधपत्र तयार भएको हो । प्रस्तुत शोधपत्रले यदुनाथ खनालको समालोचकीय गरिमालाई थप उँचो बनाउन उल्लेख्य बल प्रदान गर्ने कुरामा म विश्वस्त छु ।

प्रस्तुत शोधपत्रलाई पूर्णाकृति प्रदान गर्ने क्रममा प्रथमतः श्रद्धेय गुरु प्रा. राजेन्द्र सुवेदीप्रति विनम्रतापूर्वक हार्दिक आभार व्यक्त गर्दछु । यस शोधपत्र तयारीका क्रममा उहाँबाट प्राप्त प्राज्ञिक परामर्श एवम् विद्वतापूर्ण निर्देशनले मलाई थप अध्ययन तथा अनुसन्धानका लागि समेत हौसला प्रदान गरिरहेको छ । शोधपत्र निर्माण कार्यमा श्रद्धेय गुरुवर प्रा.डा. दयाराम श्रेष्ठ , प्रा. घनश्याम कँडेल, सह-प्रा. केशव सुवेदी, सह-प्रा.डा. रविलाल अधिकारी, सह-प्रा. कुलप्रसाद खनाल, उप-प्रा. रघुनाथ अधिकारी, उप-प्रा. कृष्णहरि बराल, उप-प्रा. नेत्र एटम, उप-प्रा. सुकुम शर्मालगाएतबाट पनि महत्वपूर्ण प्राज्ञिक परामर्श प्राप्त गरेको हुँ । म उहाँहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै विविध आन्तरिक सूचना उपलब्ध गराएर शोधकार्यमा उत्प्रेरणा जगाउने समालोचक यदुनाथ खनालका पुत्र डा. उदयराज खनालप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्यका क्रममा सहयोग पुऱ्याउनु हुने उपेन्द्र सुवेदी, दीपक रेग्मी, नारायणप्रसाद पौडेल, ऋषिराम उपाध्याय, टंकप्रसाद गैह्रे, श्यामप्रसाद तिवारी, गोविन्दप्रसाद वास्तोला, रेशमराज सिग्देल, भूमिदत्त पौड्याल, गणेश शर्मालगायतका मित्रहरूलाई धन्यवाद दिन्छु । शोधपत्रलाई टङ्कण गरी सहयोग गर्ने क्रिएटिभ कम्प्युटर सेवा, नयाँ बजार, कीर्तिपुर परिवार पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा म यस शोधपत्रलाई समुचित मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरमार्फत त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खुसमक्ष प्रस्तुत गर्दछु ।

.......................................

दिलीपकुमार ढकाल

नेपाली केन्द्रीय विभाग,

कीर्तिपुर

# सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| अनु. | अनुवाद |
| ई. सं. | इस्वी संवत् |
| क्र. सं. | क्रमसङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| पृ. | पृष्ठ |
| प्र.का. | प्रकाशनकाल |
| प्रा. | प्राध्यापक |
| प्रा. डा. | प्राध्यापक डाक्टर |
| र. का. | रचनाकाल |
| वि.सं. | विक्रम संवत् |
| सं. | संस्करण |
| सम्पा. | सम्पादक |
| स्त्री. | स्त्रीलिङ्ग |
| स्व. | स्वर्गीय |

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली एम.ए. दोस्रो वर्षका विद्यार्थी श्री दिलीपकुमार ढकालले **समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

प्रा.राजेन्द्र सुवेदी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

मितिः २०६३/३/.......

# विषयसूची

पृष्ठ

**परिच्छेद -एक**

**१. शोधपरिचय** **१–५**

१.१ शोधकर्ताको नाम १

१.२ शोधशीर्षक १

१.३ शोधप्रयोजन १

१.४ विषयपरिचय १

१.५ समस्याकथन २

१.६ शोधको उद्देश्य २

१.७ पूर्वकार्यको समीक्षा ३

१.८ शोधकार्यको औचित्य र महत्त्व ५

१.९ अध्ययनको सीमाङ्कन ५

१.१० सामग्री सङ्कलन तथा शोधकार्यको विधि ५

१.११ शोधपत्रको रूपरेखा ५

**परिच्छेद – दुई**

**२. जीवनी र व्यक्तित्वका आलोकमा समालोचक यदुनाथ खनाल** **६–२२**

२.१ जीवनीका आलोकमा समालोचक यदुनाथ खनाल ६

२.२ व्यक्तित्वका आलोकमा समालोचक यदुनाथ खनाल १२

२.२.१ प्राध्यापक व्यक्तित्व १३

२.२.२ लेखक व्यक्तित्व १५

२.२.२.१ साहित्यसापेक्ष लेखन १५

२.२.३.२ साहित्यनिरपेक्ष लेखन १७

२.२.३. प्रशासक व्यक्तित्व १७

२.२.४. कूटनीतिक व्यक्तित्व १९

२.२.५. सामाजिक व्यक्तित्व २१

## परिच्छेद – तीन

**३. लेखनीका आलोकमा यदुनाथ खनाल** **२३–३२**

३.१ यदुनाथ खनालका साहित्ययात्राका चरणहरू २३

३.१.१ पहिलो चरण : निबन्धकेन्द्रित लेखन २४

३.१.२ दोस्रो चरणः समालोचनाकेन्द्रित लेखन २६

३.१.३. तेस्रो चरण : कविताकेन्द्रित लेखन २८

३.२ जीवनी र कृतित्वको अन्तःसम्बन्ध २९

३.२.१ अनुवंशले पारेको प्रभाव २९

३.२.२ पारिवारिक पृष्ठभूमिले पारेको प्रभाव ३०

३.२.३ शिक्षाको प्रभाव ३०

३.२.४ पेसागत प्रभाव ३१

३.२.५ राष्ट्रिय -अन्ताराष्ट्रिय परिवेशबाट परेको प्रभाव ३१

## परिच्छेद – चार

**४. नेपाली समालोचनाको काल विभाजन र समालोचनक यदुनाथ खनालको स्थान** **३३–६४**

४.१ नेपाली समालोचनाको काल विभाजन ३३

४.१.१ पृष्ठभूमि काल ३५

४.१.२ पूर्वआधुनिक काल ३६

४.१.३ आधुनिक काल ३८

क) पहिलो चरण (१९७९-२००३) ३९

ख. दोस्रो चरण (२००४-२०२०) ४२

ग. तेस्रो चरण (२०२१-२०४६) ४७

घ. चौथो चरण (२०४७-हालसम्म) ५३

४.२ नेपाली समालोचनापरम्परामा यदुनाथ खनालको स्थान र योगदानको तुलनात्मक मूल्याङ्कन ५८

## परिच्छेद -पाँच

**५. यदुनाथ खनालका समीक्षात्मक कृतिहरूको अध्ययन** **६५–८१**

५.१ समालोचनाको सिद्धान्त ६५

५.२ साहित्यिक चर्चा ७०

५.३ यदुनाथ खनालका छरिएर रहेका समीक्षात्मक सामग्रीहरू ७६

## परिच्छेद – छ

**६. समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू** **८२–१००**

६.१ पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारमा पहिलोपटक नेपाली समालोचनाको मानदण्ड तयार पार्नु ८२

६.२ समीक्षामा तुलनालाई मुख्य आधार बनाउनु ८४

६.३ गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनु ८६

६.४ गुण र दोषको सन्तुलित निरूपण गर्नु ८७

६.५ दार्शनिक र बौद्धिक गहिराइ भएका कृतिहरूको समीक्षण गर्नु ८९

६.६ स्थापित सिद्धान्तहरूको समीक्षात्मक प्रयोग गर्नु ८९

६.७ समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्नु ९१

६.८ स्पष्ट र स्तरीय भाषामा बौद्धिक चिन्तन प्रस्तुत गर्नु ९२

६.९ समीक्षामा नैतिक र आर्दश दृष्टिकोण राख्नु ९३

६.१० असङ्ख्य सूचना सम्प्रेषण गर्दै साहित्यकार तथा तिनका कृतिहरूको

प्रभावपरक विश्लेषण गर्नु ९४

६.११ स्वच्छन्दतावादी साहित्यप्रति झुकाउ राख्दै समीक्षामा आत्मपरक शैलीको प्रयोग गर्नु ९६

६.१२ समीक्षकहरूसँग तार्किक एवम् बौद्धिक प्रतिस्पर्धा गर्नु ९८

६.१३ समीक्षात्मक गुणहरूले भरिपूर्ण निबन्धात्मक सिर्जना एवम् साहित्यिक पुस्तकहरूमा भूमिका लेख्नु ९९

**परिच्छेद – सात**

**७. उपसंहार तथा निष्कर्ष** **१०१–१०३**

**सन्दर्भग्रन्थसूची** **१०४–१०६**

# शोधपरिचय

## १.१ शोधार्थीको नाम

दिलीपकुमार ढकाल

## १.२ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक '**समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू**' रहेको छ ।

## १.३ शोधप्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

## १.४ विषयपरिचय

नेपाली समालोचनाको आधुनिक कालखण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक यदुनाथ खनाल (१९७०-२०६१) नेपाली समालोचनाको इतिहासमै पहिला सैद्धान्तिक समालोचकका **रू**पमा स्थापित व्यक्तित्व हुन् । वि.सं.१९८८ सालपछिका समयमा लेखन क्षेत्रमा प्रवेश गरेका खनालका समालोचनाका क्षेत्रमा **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) गरी दुई पुस्तकाकार कृति प्रकाशित छन् । **समालोचनाको सिद्धान्त** पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपालीमा लेखिएको सैद्धान्तिक समालोचनाको पहिलो एवम् गहकिलो कृति हो भने **साहित्यिक चर्चा** साहित्यका विविध पक्ष र स्रष्टा एवम् तिनका सिर्जनामा पाइने प्रवृत्तिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको कृति हो । असङ्ख्य सूचना सम्प्रेषण गर्दै विशेषतः स्वच्छन्दतावादी साहित्यको समीक्षा गर्न रुचाउने र समीक्षामा प्रभाववादी चिन्तनसमेत प्रस्तुत गर्ने खनाल बौद्धिक र दार्शनिक गहिराइ भएका नीतिवादी एवम् आदर्शवादी समालोचक हुन् । गुण र दोषको सन्तुलित नि**रू**पण गर्दै गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनुपर्छ भन्ने खनालले आफ्ना समीक्षाहरूमा तुलनालाई मुख्य आधार बनाउँदै स्पष्ट र स्तरीय भाषामा समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्ने प्रयास गर्दछन् । समालोचक खनाललाई **सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा** शीर्षकको लेखले नीतिपरक समालोचनाका मर्यादित अनुयायीका रूपमा एवम् **आगो र पानी** खण्डकाव्यको समीक्षणले दार्शनिक र बौद्धिक गहिराइ भएका कृतिका समीक्षकका

रूपमा परिचित गराएको हो । प्रस्तुत शोधपत्र यिनै साधक यदुनाथ खनालको समालोचकीय प्रवृत्तिको गहन अध्ययनमा केन्द्रित रहेको छ ।

## १.५ समस्याकथन

संस्कृत, नेपाली र अङ्ग्रेजी भाषामा गहिरो ज्ञान भएका यदुनाथ खनाल कुशल प्रशासक, प्राध्यापक, लेखक तथा कूटनीतिक व्यक्तित्व हुन् । नेपाली समालोचनाको आधुनिक खण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने यस्ता बहुमुखी व्यक्तित्वका धनी समालोचक यदुनाथ खनाल (१९७०-२०६१) नेपाली समालोचनाको इतिहासमै पहिलो सैद्धान्तिक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । उनको समग्र जीवन एवम् व्यक्तित्वका कुनै अध्ययन, अनुसन्धान र मूल्याङ्कन नै नभएको भने होइन; तर विधागत वैशिष्ट्यका आधारमा समालोचनाका क्षेत्रमा उनको योगदानको गहन अध्ययन र विश्लेषण हुन बाँकी नै छ । यसकारण प्रस्तुत शोधपत्र निम्न समस्याहरूमा केन्द्रित रहेको छ -

१ समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू के के हुन् ?

२ नेपाली समालोचनाको इतिहासमा खनालको स्थान र योगदान के कस्तो छ ?

३ खनालका जीवनीका विभिन्न पक्षहरूले समालोचक व्यक्तित्वमा कस्तो प्रभाव पारेका छन् ?

४ खनालको साहित्यिक लेखनको आलोक कसरी विस्तारित भएको छ ?

## १.६ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य समालोचक यदुनाथ खनालको प्रवृत्तिहरूको गहन विश्लेषणात्मक अध्ययन गर्नु रहेको छ । बुँदागत रूपमा प्रस्तुत शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् -

१ समालोचक यदुनाथ खनालका प्रवृत्तिहरूको निरूपण गरिएको छ ।

२ नेपाली समालोचना परम्परामा खनालको स्थान र योगदानलाई केलाउने काम गरिएको छ ।

३ खनालका जीवनीका विभिन्न पक्षहरूले समालोचक व्यक्तित्वमा पारेको प्रभावको निरूपण गरिएको छ ।

४ खनालको साहित्यिक लेखनको आलोकको विस्तारलाई केलाउने काम गरिएको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

नेपाली समालोचनाको आधुनिक कालखण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक यदुनाथ खनाल नेपाली समालोचनाको इतिहासमै पहिलो सैद्धान्तिक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । जीवनको अधिकांश समय प्राध्यापन, निजामती सेवा एवम् कूटनीतिको परराष्ट्र सेवामा बिताएका खनाल असङ्ख्य सूचना सम्प्रेषण गर्दै विशेषतः स्वच्छन्दतावादी साहित्यको समीक्षा गर्न रुचाउने र समीक्षामा प्रभाववादी गहिराइ भएका नीतिवादी एवम् आदर्शवादी समालोचक हुन् । यदुनाथ खनालको समालोचकीय व्यक्तित्वका बारेमा विस्तृत अध्ययन हुन नसके पनि केही विद्वानहरूले सीमित पक्षबाट अध्ययन भने गरेकै छन् ।

कमल दीक्षितले **समालोचनाको सिद्धान्त** (२०३०) को प्रकाशकीयमा यस कृतिले समालोचनाको क्षेत्रमा राम्ररी पाइला हाल्न सिकायो भनेका छन् (खनाल; २०३०: )।

मोहनराज शर्माले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) भन्ने ग्रन्थमा नेपाली समालोचनाको विकासका सन्दर्भमा यदुनाथ खनालको योगदानको चर्चा गरेका छन् । त्यहाँ उनले पूर्वेली अथवा पश्चिमेली काव्यसिद्धान्त र साहित्यिक आन्दोलनको परिचयात्मक व्याख्या गर्नेहरूमा यदुनाथ खनालको नाम महत्त्वपूर्ण छ भन्ने विचार व्यक्त गरेका छन् (श्रेष्ठ र शर्मा; २०३४:१३२)।

**साहित्यिक चर्चा** (२०३४) को प्रकाशकीयमा समालोचक खनाललाई समीक्षासम्बन्धी सैद्धान्तिक विषयको प्रथम पुस्तक लेख्ने स्वतन्त्र विचार भएका समालोचकका रूपमा चर्चा गरिएको छ ।

घटराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०४०) भन्ने ग्रन्थमा समालोचक यदुनाथ खनालको जीवनी, व्यक्तित्व एवम् कृतित्वको खोजपूर्ण चर्चा गरेका छन् (भट्टराई; २०४०:३१२-३१८)।

डिल्लीराम मिश्रले **नेपाल अधिराज्यमा तनहूँ** (२०४५) शीर्षकको ग्रन्थमा समालोचक खनालको जीवनी र कृतित्वको अन्तःसम्बन्धको विश्लेषण गर्दै लामो लेख लेखेका छन् (मिश्र;२०४५:३१८-३३३) ।

रविलाल अधिकारीले **नेपाली समालोचनाको रूपरेखा** (२०५१) भन्ने पुस्तकमा समालोचक यदुनाथ खनालका बारेमा चर्चा गरेका छन् । यहाँ उनले समालोचक खनाललाई गुण र दोष दुवै पक्षको उल्लेख गर्ने एवम् कुनै विषयमा राम्रो अध्ययन गरेर ढिलो कलम चलाउने प्रथम सैद्धान्तिक समालोचक ठहर्‍याएका छन् (अधिकारी; २०५१ : ७६-८०) ।

घनश्याम कँडेलले **नेपाली समालोचना** (२०५५) शीर्षकको ग्रन्थमा खनाललाई साहित्यसिद्धान्तका मर्मज्ञ र बौद्धिक क्षमता सम्पन्न समालोचकका रूपमा चर्चा गरेका छन् । यहाँ

उनले खनाललाई नीति-चेतना प्रबल भएका र समालोचनामा आफ्ना विचारलाई प्रभावकारी रूपमा व्यक्त गर्न सक्ने समालोचकका रूपमा चर्चा गरेका छन् ।

रामकृष्ण शर्माले **सूक्तिसिन्धु-थप कुरा** भन्ने समीक्षात्मक लेखमा समालोचक यदुनाथ खनालको आलोचनात्मक  टिप्पणी गरेका छन् । त्यहाँ उनले सूक्तिसिन्धु एक स्वतन्त्र दृष्टिकोण हो भन्दै सूक्तिसिन्धु क्षयोन्मुखी कविताहरूको सङ्गालो हो भन्ने यदुनाथ खनालको तार्किक खण्डन गरेका छन् (सुवेदी ; २०५५ : ११०-११५) ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०५६) भन्ने ग्रन्थमा समालोचक यदुनाथ खनालको टिप्पणी गर्दै साहित्यकारको सुषुप्त प्रेरणालाई घच्घच्याउन र साहित्यिक चर्चा र कदर बढाएर परिष्कृतताको वातावरण सृष्टि गर्न आलोचकले कलम समाउनु पर्छ भन्ने विचार खनालको रहेको कुरा व्यक्त गरेका छन् (शर्मा; २०५६:  )।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०५८) भन्ने ग्रन्थमा सैद्धान्तिक समालोचनाका क्षेत्रमा समालोचक खनालको योगदानको चर्चा गरेका छन् । यहाँ उनले कविकृतिको समालोचना गर्नुभन्दा पहिला समालोचनाका सिद्धान्तहरूको खाँचो देखेर खनालले पूर्वीय र पाश्चात्य दृष्टिकोणको तुलनात्मक विवेचना गरी यससम्बन्धी सिद्धान्तहरू प्रस्तुत गरेको कुराको वर्णन गरेका छन् (प्रधान ; २०५८ : १३) ।

जयराज आचार्यले **यदुनाथ खनाल : जीवनी र विचार** (२०५९) भन्ने ग्रन्थमा खनालको जीवनीको विस्तृत एवम् आधिकारिक व्याख्या गरेका छन् । त्यहाँ उनले खनालका विचारहरूलाई दुरुस्त उतार्न प्रयत्न गर्दै उनका प्राध्यापक, कूटनीतिक, प्रशासक एवम् लेखक व्यक्तित्वको स्पष्ट टिप्पणी गरेका छन् (आचार्य ; २०५९: )।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** (२०६१) भन्ने ग्रन्थमा नेपाली समालोचनाको आधुनिक कालखण्डका प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षकका रूपमा यदुनाथ खनालको चर्चा गरेका छन् । त्यहाँ उनले नेपाली समालोचनाका पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तन एवम् तुलनात्मक समीक्षाप्रणालीका आधारभूत प्रणेताका रूपमा समीक्षक खनालको चर्चा गरेका छन् । (सुवेदी ; २०६१ : ९७-१०१) ।

मदनकुमार भट्टराईले **बहुआयामिक व्यक्तित्व यदुनाथ खनाल** (२०६२) शीर्षकको लेखमा प्रकाशमा नआएका खनालका विविध प्राज्ञिक गतिविधिहरूको चर्चा गर्दै उनको बहुआयामिक व्यक्तित्वको पुष्टि गरेका छन् (भट्टराई; २०६२) ।

## १.८ शोधकार्यको औचित्य र महत्त्व

समालोचक यदुनाथ खनालका प्रवृत्तिसम्बन्धी अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधको औचित्य रहेको छ । हालसम्म यदुनाथको समालोचक व्यक्तित्वको गहन अध्ययन नभएकाले नेपाली समालोचनाको क्षेत्रमा प्रस्तुत शोधपत्रको छुट्टै महत्त्व र पहिचान रहेको छ ।

## १.९ अध्ययनको सीमाङ्कन

यदुनाथ खनालको वैविध्यपूर्ण व्यक्तित्वको एक महत्त्वपूर्ण पक्ष समालोचक व्यक्तित्वको सीमाभित्र पर्ने प्रकाशित सम्पूर्ण कृतिहरूको विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ । उनका अन्य व्यक्तित्वका पक्षहरू यस शोधपत्रमा समाविष्ट गरिएको छैन ।

## १.१० सामग्री सङ्कलन तथा शोधकार्यको विधि

प्रस्तुत शोधपत्रको सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि प्रधानरूपमा प्रयोग गरिएको छ र आवश्यकता अनुरूप सम्बन्धित व्यक्तिहरूसँगको प्रत्यक्ष  भेटवार्ताको पनि सहयोग लिइएको छ । यदुनाथ खनालका प्रकाशित कृतिहरूको सङ्कलन अधिकांश रूपमा पुस्तकालयबाट गरिएको छ । यस शोधपत्रमा आगमनात्मक र निगमनात्मक अध्ययनविधि अपनाइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई विभिन्न अध्यायमा विभाजन गरी निन्नलिखित शीर्षकहरू राखिएका छन् ।

| | | |
|---|---|---|
| परिच्छेद- एक | : | शोधपत्रको परिचय, |
| परिच्छेद -दुई | : | जीवनी र व्यक्तित्वका आलोकमा समालोचक यदुनाथ खनाल, |
| परिच्छेद -तीन | : | लेखनीका आलोकमा यदुनाथ खनाल, |
| परिच्छेद- चार | : | नेपाली समालोचनाको कालविभाजन र समालोचक यदुनाथ खनालको स्थान, |
| परिच्छेद- पाँच | : | यदुनाथ खनालका समीक्षात्मक कृतिहरूको अध्ययन, |
| परिच्छेद- छ | : | समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू, |
| परिच्छेद- सात | : | उपसंहार । |

सन्दर्भग्रन्थसूची

# जीवनी र व्यक्तित्वका आलोकमा समालोचक यदुनाथ खनाल

## २.१ जीवनीका आलोकमा समालोचक यदुनाथ खनाल

तनहूँ जिल्लाको मानुङ डाँडा विस्तारित खनाल वंशमा वि.सं.१९७० श्रावण २८ गते (सन् १९१३ अगस्ट १३) का दिन पिता नरनाथ र माता तारादेवीका कान्छा छोराका रूपमा यदुनाथ खनालको जन्म भएको हो । उनका पिता नरनाथ खनाल (१९२७ -१९९५) को विवाह तेह्र वर्षको उमेरमा नेपालका प्रसिद्ध कवि भानुभक्त आचार्य (१८७१-१९२५) जन्मेकै आचार्यवंशकी तारा नामकी दशवर्षकी कन्यासित भएको थियो । उनका जेठा दाजु सूर्यनाथ वि.सं. १९५४ सालमा र माहिला दाजु सूर्यनाथ वि.सं. १९५६ सालमा जन्मेका थिए । यदुनाथका जेठा दाजु हरिनाथ (१९५४-२०१६) उनीभन्दा सोह्र वर्ष जेठा  हुनाले र उनको शिक्षादीक्षामा हरिनाथको ठूलो योगदान रहेको हुनाले उनले हरिनाथलाई आफ्ना पितासमानका दाजु मानेका र निकै ठूलो श्रद्धा व्यक्त गरेको पाइन्छ (आचार्य; २०५९:४) । यदुनाथका दिदीबहिनीहरू पनि निकै थिए, जो अल्पायुमै स्वर्गीय भए ।

आफ्नो बाल्यकाल जन्मस्थान मानुङ गाउँमै बिताएका यदुनाथलाई पाँच वर्ष पुगेपछि वि.सं.१९७५ सालको श्रीपञ्चमीका दिन पिता नरनाथले अक्षर चिनाउन र केही देवीदेवताका स्तोत्रहरू घोकाउन सुरु गरे । छ पुगेर सात वर्षमा टेक्नासाथ हिन्दू संस्कारअनुरूप उपनयनसंस्कार गरिएका यदुनाथले आफ्नो १२ वर्षसम्मको उमेर ग्रामीण समाजमा हुर्कने केटाकेटीहरूका झैं पाङ्ग्रा, गिर, डन्डीबियो, पौडीजस्ता खेल खेलेर नै बिताए; यद्यपि पिता नरनाथको संस्कृत परम्पराअनुरूपको दिनचर्यामा रहनुपर्ने एकोहोरो दबाब पनि छँदैथियो ।

यदुनाथको बाल्यकालमा नेपालका विभिन्न भागमा भानुभक्तको रामायणका साथै तनहूँकै चुँदी रम्घाकै नजिकको दोरदोर गाउँका अर्का प्रसिद्ध लेखक कवि तीर्थराज पाण्डे  (१९२९-१९७९) ले लेखेको **उपदेशमञ्जरी** नामक (१९७३ मा प्रकाशित) पुस्तक निकै लोकप्रिय थिए । **उपदेशमञ्जरी** एक नीतिशास्त्रको कृति थियो । यो कृति यदुनाथले बालककालमा निकै महत्त्व दिएर पढे । वास्तवमा उपदेशमञ्जरीको पढाइको संस्कारले यदुनाथलाई एक असल विद्वान् र कूटनीतिज्ञ बन्नमा केही सहायता भएको पनि हुन सक्छ  (आचार्य ;२०५९ :८)

दाजु हरिनाथको बोलावटानुसार वि. सं. १९८२ सालमा छ दिनको पैदलयात्रा गरेर काठमाडौंमा पुगी यदुनाथले परम्परागत शैलीमा संस्कृत पढ्न थाले । १९८३ सालमा तीनधारा पाठशालामा भर्ना भएका यदुनाथको विवाह मङ्सिरमा प्रथम परीक्षाको वार्षिक जाँच दिएर छुट्टी

मनाउन मानुङ गएका बेला नौ वर्षकी कन्या कमलासँग भयो । बालिकावधू कमला ज्यादै सानी हुनाले उनलाई माइतमै छोडेर यदुनाथ व्याकरणमध्यमाको प्रथमवर्षको पढाइका लागि काठमाडौं हिँडे ।

पढाइमा निकै तेज रहेका यदुनाथले काठमाडौंको रानीपोखरीस्थित संस्कृत प्रधान पाठशालामा नेपालका ठूला-ठूला नाम चलेका विद्वानहरूसित पढे भने सोमनाथ सिग्द्याल, टेकनाथ पौडेल, कालिदास पराजुली, देवीदत्त पराजुली जस्ता विद्वान् शिक्षकहरूको सामीप्यमा दिन गुजार्न थाले । अङ्ग्रेजी पढ्ने ठूलो धोको हुँदाहुँदै उनले १९८७ सालको हिउँदमा व्याकरण विषयमा मध्यमा परीक्षा दिएपछि तात्कालिक चलनअनुसार सरकारी जागिरका लागि आवश्यक प्राथमिक परीक्षा मानिने **चार पास** जाँच पनि दिए । यदुनाथको चाहना र दाजु हरिनाथको अनुमतिअनुसार १९८८ साल वैशाख १ देखि फागुनसम्ममा यदुनाथले अङ्ग्रेजी भाषामा प्रारम्भिक दखलता हाँसिल गरी यसै फागुनमा दरबार हाइस्कुलमा आठौं कक्षामा भर्ना भई पढ्नथाले । शैक्षिक सत्रको सुरुमै विद्यालयमा भएको निबन्ध प्रतियोगितामा **रानी पोखरी** शीर्षकको निबन्ध लेखी उनी पहिला भए । **रानी पोखरी** हालसम्म प्राप्त यदुनाथको प्रथम आत्मपरक निबन्धात्मक लेख हो जुन १८ वर्षका यदुनाथले वि.सं. १९८८ को अन्त्यतिर लेखेका थिए । दरबार हाइस्कुलमा भीमबहादुर पाँडे, अमृतप्रसाद प्रधान, कुलरत्न तुलाधर, मेदिनीनाथ भट्टराई, देवविक्रम राणा, कृष्णजङ् शाहलगायतका नेपालका विभिन्न उच्च पदमा पुगेका व्यक्तिहरूलाई पछि पार्दै यदुनाथ सधैं प्रथम भइरहन्थे ।

व्युत्पन्न छात्र यदुनाथ वि.सं.१९९१ सालको एस्. एल. सी. परीक्षामा प्रथम श्रेणीमा प्रथम स्थानमा पास भए र आई. एस्सी. पढ्नका लागि दुई वर्षसम्म उनले मासिक पन्ध्र रूपयाँको छात्रवृत्ति पाए; जबकि त्यतिबेला एक तल्लो तहको सरकारी कर्मचारी नौसिन्दाको तलब एघार रूपयाँ थियो । त्यसताका पटना विश्वविद्यालयले लिने गरेको आई. एस्सी. परीक्षामा पनि वि.सं.१९९४ (सन् १९३७) मा यदुनाथ नेपालीहरूमा प्रथम नै भए र मासिक सत्तरी रूपयाँ छात्रवृत्ति पाउने गरी बी.एस्सी. पढ्न वि.सं.१९९४ मा कलकत्ता गए । यतिन्जेलसम्म यदुनाथले फ्याट्टफुट्ट निबन्ध, कविता एवम् समीक्षा लेख्न थालिसकेका थिए । वि.सं.१९९३ सालमा कलेजस्तरीय निबन्ध प्रतियोगिताको आयोजना भएको थियो, जसमा बी.एल्. प्रथम खण्ड समाप्त गरी द्वितीय खण्डको तयारीमा रहेका कवि लक्ष्मीप्रसाद देवकोटा परीक्षक थिए । उक्त प्रतियोगितामा यदुनाथ खनाल, गोपालप्रसाद रिमाल, शाम्बदेव पाण्डे, सुरेन्द्रबहादुर शाह लगायताका आठ जनाले **पृथ्वी, समुद्र र आकाश** शीर्षकमा निबन्ध लेखेकामा सबैभन्दा बढी ६० अङ्क प्राप्त गरी यदुनाथ नै प्रथम भए ।

पिता नरनाथ खनालको आफ्नी पत्नीसित काशीबासमा रहेका बेला वि.सं.१९९५ को चैतमा देहावसान भएपछि कपाल खौरिएको मुडुलो टाउको छोप्न यदुनाथले गान्धी टोपी लगाएको देखेर तात्कालिक राणाहरूले गान्धीवादी, अङ्ग्रेजविरोधी, एवम् राणा विरोधी भएको आरोप लगाउँदै उनलाई राज्यबाट शङ्कास्पद दृष्टिले हेर्न थालियो । कलकत्तामा अध्ययन गर्दाकै अवधिमा यदुनाथले धरणीधर कोइराला, रामकृष्ण शर्मा, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, शिवकुमार राई एवम् जवाहरलाल नेहरूलगायतका व्यक्तिलाई भेटेका थिए । गान्धी टोपी लगाएको, नेहरूसित भेटघाट गरेको, छात्रयुनियन बनाउने कुरा गरेको लगायतका क्रियाकलाप गरेको भन्दै राणाहरूले यदुनाथको छात्रवृत्ति पूर्णतः कटौती गरे । बी.एस्सी. पास गरेपछि उनले दाजु हरिनाथले दिएको मासिक तीस रूपयाँले दुःख-सुख गुजारा गरी वि.सं.१९९९ (सन् १९४२) मा एम. ए. पास गरे । यदुनाथले बी.एस्सी पास गरेर दाजुले दिएको खर्चमा अङ्ग्रेजीमा एम. ए. पढ्न कलकत्ता गएकै बेला **१९९७ सालकाण्ड** भएको थियो, जसमा चार सहिदहरू शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ मारिएका थिए । यदुनाथले एम. ए. दोस्रो वर्षमा अध्ययन गरिरहेका बेला जताततै विश्वयुद्धको ज्वाला दन्किरहेको थियो । जापानले दक्षिणपूर्वी एसियाका मलेसिया, सिङ्गापुर, थाइल्याण्ड, बर्मालगायतका देशहरूमा हमला गरिसकेको परिप्रेक्ष्यमा भारतको बङ्गालमा पनि हमला गर्ने खतराबाट बच्न यदुनाथ र उनका साथीहरू कलकत्ता सहरबाट केही दूर **वर्धवान** भन्ने ठाउँमा प्रवासमा गए । नभन्दै १९९८ साल फागुनको अन्त्यतिर (मार्च १२, १९४२ मा) त जापानले बङ्गालको खाडीको अण्डमान टापुमा हमला नै गर्‍यो ।

यदुनाथले पहिले संस्कृत पढे; त्यसपछि अङ्ग्रजी पढ्न थाले ; त्यसपछि विज्ञान पढ्न तर्फ लागे; अन्त्यमा अङ्ग्रेजीमा एम. ए. गरे । आफ्नो शिक्षायात्रामा धेरैपल्ट बाटो बदल्दा-बदल्दै कताकता अब त बाटो नै बिलायो कि जस्तो अनुभव भयो र यदुनाथले १९९७ मा **शारदा** नामक साहित्यिक पत्रिकामा एक निबन्ध छपाए–**बाटो बिलायो** (आचार्य; २०५९:१६) ।

वि.सं.१९९९ मा अङ्ग्रेजी साहित्यमा एम. ए. को परीक्षा दिएर स्वदेश फर्केपछि यदुनाथले त्रि-चन्द्र कलेजमा अस्थायी प्रोफेसर भई पढाउन थाले । यदुनाथका लागि त्रिचन्द्र कलेजको प्रोफेसरको पदमा नियुक्त हुनु एक किसिमको आश्चर्य र गौरवको कुरा थियो । उनी ती पिताका पुत्र थिए, जसले आफ्नै जीवनमा खनाललाई पढ्न फाप्तैन भन्ने कठोर अन्धविश्वास तोडेका थिए । निरक्षरहरूको पहाडी गाउँ मानुङदेखि पाँच-छ दिनको पैदल बाटो हिँडी काठमाडौं आउनु र संस्कृत पढ्नु, संस्कृत

पढ्न छोडेर अङ्ग्रेजी पढ्नु, अझ कलकत्ता पुगेर विज्ञान र अङ्ग्रेजी साहित्य पढी फर्कनु र प्रोफेसर हुनु यी यदुनाथले आफ्नो जीवनमा मारेका धेरै लामालामा छलाङ्हरू थिए (आचार्य;२०५९:२०) ।

१९९९ सालमा त्रिचन्द्र कलेजमा पढाउन थाले लगत्तै यदुनाथले समालोचनाको अँध्यारो बाटोमा हिड्न र विद्यार्थीहरूलाई हिँडाउन निकै अप्ठ्यारो महसुस गर्न थाले । त्यसपछि बी. ए. तहको नेपाली पाठ्यक्रममा राख्न उचित हुने तबरले **नेपाली भाषा प्रकाशिनी समिति**को उत्प्रेरणामा पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपाली समालोचनापरम्पराकै पहिलो सैद्धान्तिक समालोचनाको कृति **समालोचनाको सिद्धान्त** (२००३) प्रकाशनमा ल्याए । समालोचनाको सिद्धान्तहरूबाट परिचित हुन र नेपाली समालोचनालाई प्रोत्साहित गर्न **समालोचनाको सिद्धान्त** कृतिको प्रकाशन निकै सहायक सिद्ध हुन गयो । यही पुस्तकको प्रकाशनपछि यदुनाथ साहित्यका प्रखर र आधिकारिक चिन्तकका रूपमा स्थापित भएका हुन् ।

त्रिचन्द्र कलेजमा पढाउँदा-पढाउँदै यदुनाथलाई बेलायत गई स्नातकोत्तर डिप्लोमा पढ्ने अवसर प्राप्त भयो । यसरी २००९-१० सालमा बेलायत गई लण्डन विश्वविद्यालयमा **बेलायती शैक्षिक चिन्तन र व्यवहार** विषयमा स्नातकोत्तर डिप्लोमा पढेर फर्केपछि यदुनाथलाई आफ्नो दृष्टिकोण र अध्ययनमा निकै नै व्यापकता थपिएको अनुभव पनि भयो । त्यसबेला त्रिचन्द्र कलेजमा अङ्ग्रेजी पढाउन थाले । त्यसबेला त्रिचन्द्र कलेज देशकै धेरै वर्षसम्म एक मात्र र पछिसम्म सबैभन्दा नाम चलेको काठमाडौंमा खुलेको एकाध कलेजमध्ये प्रमुख कलेज थियो । उनका असङ्ख्य चेलाहरूमध्ये सूर्यबहादुर थापा र कीर्तिनिधि विष्ट देशको प्रधानमन्त्री भइसकेका छन् भने कैयौं चेलाहरू देशका राष्ट्रिय सभाका अध्यक्ष, मन्त्री, मुख्य सचिव, सचिव, नेपाल राष्ट्रबैंकका गभर्नर, प्रमुख निर्वाचन आयुक्त, प्राध्यापक, मेडिकल डाक्टर, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, उच्च सैनिक तथा प्रहरी अधिकृत, तथा विद्वान् लेखक र साहित्यकारका रूपमा स्थापित भइसकेका छन् ।

यदुनाथ खनालको कूटनीतिक जीवनको सुरुवात एसिया–अफ्रिकी देशहरूको बाङ्दुङ शिखरसम्मेलनबाट भएको हो । त्रिचन्द्र कलेजमा प्राध्यापकका रूपमा कार्यरत यदुनाथ खनाल इन्डोनेसियाको बाङ्दुङ नगरमा वि.सं.२०१२ बैशाख ५ देखि ११ सम्म भएको पहिलो ऐतिहासिक बाङ्दुङ सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलका सदस्य सचिवका रूपमा सम्मिलित भएका थिए । वि.सं.२०१२ साल माघ १३ गते टङ्कप्रसाद आचार्य राजा महेन्द्रबाट प्रधानमन्त्रीमा नियुक्त भएपछि उनी प्रधानमन्त्रीका स्वकीय सचिवका रूपमा सर्वप्रथम प्रशासनिक क्षेत्रमा प्रवेश गरेका हुन् । त्यसपछि जीवनको झण्डै ८० वर्षको उमेरसम्म यदुनाथ विभिन्न महत्त्वपूर्ण सरकारी ओहोदामा बसेर निरन्तर

सक्रियताका साथ काम गरिरहे । युदनाथले २०४६ सालको राजनैतिक क्रान्तिपछि बनेका सरकारका प्रधानमन्त्रीहरूमध्ये पहिला कृष्णप्रसाद भट्टराई र पछि गिरिजाप्रसाद कोइरालाका  परराष्ट्र मामिला सल्लाहकारको जिम्मेवारी सफलतापूर्वक वहन गरी आफ्नो प्रशासनिक यात्रा टुङ्याएका हुन् । उनले प्रधान, गृह, परराष्ट्रलगातयका मन्त्रालयहरूमा पटकपटक सचिवको जिम्मेवारी निर्वाह गरे । राजसभाका सदस्य, त्रिभुवन विश्वविद्यालय सेवाआयोगका सदस्य, लोकसेवा आयोगका सदस्यसमेत रहेका यदुनाथ खनाल भारत, अमेरिका र चीन तीनै देशमा राजदूत हुने हालसम्मका एकमात्र र पहिला नेपाली हुन् । यदुनाथ भारत, अमेरिका र चीन जस्ता नेपालका तीनै महाशक्तिहरूसँगको सन्तुलित र आपसी हितमा आधारित सम्बन्धको पक्षपाती हुनुका साथै सानो राष्ट्रको नाताले नेपालका अन्य मित्रराष्ट्रहरूसँगको सम्बन्धको स्थापना र विविधीकरण तथा अन्तर्राष्ट्रिय सङ्घ–संस्थाहरूसँग सक्रिय संलग्नता राखी आफ्नो छुट्टै पहिचान र राष्ट्रिय स्वार्थको प्रवर्द्धन गर्नुपर्ने कुरामा जोड दिन्थे (भट्टराई ; २०६२ : ६८) । यदुनाथ खनालले अन्य देशहरूसँग नेपालको सम्बन्ध सुधार्ने हेतुले पटकपटक विभिन्न देशहरूको भ्रमण गर्नुका साथै विदेश भ्रमणमा रहेका बेला राजा, प्रधानमन्त्री लगायतका नेपाली प्रतिनिधिमण्डलका प्रमुखहरूका भाषण सवम् वक्तव्यहरू लेख्ने कामसमेत गरेका छन् । यस्ता भाषणहरूमा **प्रथम अफ्रो-एसियाली बाङ्दुङ सम्मेलन**मा नेपाली प्रतिनिधिमण्डलका प्रमुखको भाषण, संयुक्त राष्ट्रसंघको पन्ध्रौं साधारणसभा (२०१७ मा भएको ) मा प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले दिएको भाषण, असंलग्न आन्दोलनको प्रथम शिखर सम्मेलन (२०१८ भाद्र, युगोस्लाभियाको राजधानी बेल्ग्रेडमा) मा श्री ५ महेन्द्रले दिएको भाषण, चीनको राजधानी पेकिङमा आयोजित नागरिक स्वागत अभिनन्दन (२०१८, आश्विन १९) समारोहमा श्री ५ महेन्द्रले दिएको प्रत्युत्तर भाषण, **एक्स्पो ७०** (२०२६, चैत्र १७) मा जापानी प्रधानमन्त्री सातोको आयोजनामा भएको रात्रिभोजमा श्री ५ महेन्द्रबाट दिइएको प्रत्युत्तर भाषण, असंलग्न राष्ट्रहरूको दसौ शिखर सम्मेलन (२०४९–भाद्र १६–२१) मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दिएको भाषण आदि प्रमुख रहेका छन् । उपर्युक्त भाषणहरूले तत्तत् अवसरमा उल्लेख्य चर्चासमेत प्राप्त गरेका छन् । जीवनमा प्राध्यापकदेखि प्रशासकसम्म अनि कूटनीतिक क्षेत्रमा  भारतदेखि चीन हुँदै अमेरिकासम्म निवास गरेका यदुनाथको अनुभवको क्षेत्र व्यापक छ । उनको प्राज्ञिकता, लगनशीलता एवम् कर्तव्यनिष्ठताको उच्च मूल्याङ्कन गरेर त्रिभुवन विश्वविद्यालय तथा भारत र अमेरिकाका विभिन्न उच्चशिक्षासम्बन्धी अध्ययन संस्थानबाट मानार्थ विद्यावारिधि र सम्मान तथा नेपाल भित्र विभिन्न पुरस्कारसमेत यदुनाथ खनाललाई प्रदान गरिएको छ ।

यदुनाथ खनालले देशका विभिन्न उच्च जिम्मेवारी बहन गरिरहेका बेलामा सिर्जनात्मक लेखनलाई पनि गम्भीर एवम् निरन्तर रूपमा अगाडि बढाउँदै लगेको पाइन्छ । आफू विभिन्न मन्त्रालयको सचिव, वैदेशिक भ्रमणमा नेपाली प्रतिनिधिमण्डलको जिम्मेवार सदस्य, त्रिभुवन विश्वद्यिालय सेवा आयोगका सदस्य, भारत र संयुक्त राज्य अमेरिकाका लागि शाही नेपाली राजदूत रहेका बेला आत्मसन्तोषका लागि बीस वर्षभन्दा पनि बढी समयको अवधिभित्र विभिन्न समयमा साहित्य र साहित्यकारका सम्बन्धमा लेखिएको लेखहरूको सङ्कलन हो–**साहित्यिक चर्चा** (२०३४) । २०३२ सालमा प्रकाशित **सूक्तिसञ्चय** केही मौलिक र केही विविध अन्य भाषाबाट संस्कृतमा अनुवाद गरिएका कविताहरूको सङ्कलन हो भने २०५५ सालमा प्रकाशित **नेपाली भामिनीविलास** पण्डिराज जगन्नाथको संस्कृत भामिनीविलासको समवर्णमात्री, समअक्षरी, समलयी अनुवाद हो । साहित्यका क्षेत्रमा नेपाली र संस्कृतमा गरी चार कृति एवम् अङ्ग्रेजी भाषामा लेखिएका कूटनीतिका क्षेत्रका पाँच कृति गरी यदुनाथ खनालका जम्मा नौ पुस्तकाकार कृति प्रकाशित छन् भने थुप्रै आत्मपरक निबन्धात्मक एवम् समीक्षात्मक लेखहरू फुटकर रूपमा छरिएर रहेका छन् ।

यदुनाथको जीवनको सार्है लोभ लाग्दो पक्ष हो-सक्रियता वा रचनात्मक उर्जा । यदुनाथ वि.सं.२०३९ सालको जेठताका चीनबाट राजदूत पदको कार्यभारबाट मुक्त हुँदा उनको उमेर उनन्सत्तरी वर्षको थियो । यस उमेरमा मानिस प्रायः निष्कृय हुन थाल्छ । तर यदुनाथले जीवनमा निष्क्रियता भन्ने कुरा नै जानेनन् । त्रिचन्द्र कलेजको प्रोफेसरका रूपमा तेह्र - चौध वर्ष पढाएका अनि २०१२ सालदेखि २०५० सालसम्म प्रशासनिक र कूटनीतिक क्षेत्रमा सक्रिय रही काम गरेका यदुनाथ खनालको प्रेरणाको स्रोत **चरैवेति चरैवेति** भन्ने उपनिषद्वाक्य जीवनभर नै बनिरह्यो । यही लगनशील देशभक्त भएका कारण श्री ५ वीरेन्द्रबाट २०३४ सालमा **सरदार** उपाधि प्रदान भएको हो । यदुनाथ खनाल प्रशासनिक र कूटनीतिक क्षेत्रमा विशिष्ट योगदान गरेबापत त्रिशक्तिपट्ट पदक प्रथम, गोरखादक्षिणबाहु प्रथम, एवम् नेपाल श्रीपद दोस्रोबाट विभूषित भइसकेका छन् । खनालले साहित्यको सेवा गरेवापत प्राप्त गरेका पुरस्कारहरूमा आदिकवि भानुभक्त पुरस्कार, वेदनिधि पुरस्कार आदि प्रमुख रहेका छन् ।

२०६१ सालको वर्ष यदुनाथ खनालको जीवनयात्राको अन्तिम वर्ष हो । सादा जीवन, उच्च विचारका अनुयायी खनालको २०६१ असोज १६ गते ९२ वर्षको उमेरमा बानेश्वरस्थित आफ्नै निवासमा स्वर्गारोहण भयो । देहत्याग गर्नुभन्दा केही क्षण पहिलेसम्म अन्त्येष्टिमा तडकभडक नगर्न छोरा उदयलाई सम्झाइरहेका यदुको परम्पराअनुसार अन्त्येष्टि भयो ।

नेपाली वाङ्मयका प्राज्ञिक धरोहर एवम् कूटनीतिक क्षेत्रका मनीषी सरदार यदुनाथ खनाल ( १९७०-२०६१) को स्वर्गारोहण भए पनि उनको दीर्घ सक्रिय जीवनको सर्वत्र स्मरण भइरहेको छ । राणाकालमै विद्वत्ताको आलोक देखाइसकेका खनाल ८१ वर्षको उमेरसम्म सार्वजनिक जिम्मेवारीहरूमा सक्रिय थिए भने देहावसानको बिन्दुसम्म नै अध्ययन, लेखनलगायतका बौद्धिक क्रियाकलापमा लागिरहेका थिए । नेपाली साहित्य, कूटनीति, शिक्षा र प्रशासनमा उल्लेख्य टेवा पुऱ्याएका यी अग्रजप्रतिको श्रद्धा र सम्मान स्वाभाविक र अपेक्षित पनि थियो । नेपाली, संस्कृत र अङ्ग्रेजीमा सँगसँगै कलम चलाउने खुबी भएका खनालले सधैँ सिर्जनात्मक र सार्थक जीवन बाँचे ।

## २.२ व्यक्तित्वका आलोकमा समालोचक यदुनाथ खनाल

कुनै पनि मानिसको व्यक्तित्व स्वयम्ले भोगेको र अन्तर्विकास गर्दै गएको जीवन र त्यसका क्रिया-प्रतिक्रियासँग सम्बन्धित हुन्छ, साथै व्यक्तित्व निर्माणमा उसको पारिवारिक पृष्ठभूमि, सामाजिक, साँस्कृतिक र आर्थिक परिवेश, शिक्षादीक्षा, व्यक्ति स्वयम्को चिन्तन-दर्शन तथा दृष्टिकोणले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

गहुँगोरो वर्ण, थोरै बाटुलो तर लाम्चिलो अनुहार, अलि ठूलो चौडा निधार, सम्पूर्ण फुलेको तथा तालु खुइलिएको कपाल, सुलुक्क परेर केही उठेको नाक, पुष्ट गाला, ठूला-ठूला झोलिएका आँखा यदुनाथ खनालको बृद्धावस्थाको उत्तरार्ध समयावधिमा झ्वाट्ट हेर्दा देखिने बाह्य स्वरूप हो । ठिक्क नेपाली कद भएका, शान्त-सौम्य प्रकृतिका, विनम्र र मिलनसार, ओजस्वी र गम्भीर बाह्य व्यक्तित्व भएका यदुनाथ खनालको आन्तरिक व्यक्तित्वचाहिँ लेखक, प्राध्यापक, प्रशासक, कूटनीतिक तथा सामाजिक क्षेत्रका परिधिमा विस्तारित रहेको छ । समग्रमा यदुनाथ खनालको व्यक्तित्वको निम्न पाँच भागमा विभाजन गरेर अध्ययन गरिनु समुचित ठहर्छ :

१. प्राध्यापक व्यक्तित्व

२. लेखक व्यक्तित्व

३. प्रशासक व्यक्तित्व

४. कूटनीतिक व्यक्तित्व

५. सामाजिक व्यक्तित्व

## २.२.१ प्राध्यापक व्यक्तित्व

यदुनाथ खनालले जीवनयापन तथा सेवासम्बद्धताका क्रममा विशेषतः लेखन, प्रशासन, कूटनीति, सामाजिक सेवा तथा प्राध्यापन कार्यलाई नै मूल आधार बनाएको पाइन्छ । वि.सं.१९९१ सालको एस.एल.सी. परीक्षामा प्रथम श्रेणीमा प्रथम स्थानमा पास भएपछि उच्च शिक्षा हासिल गर्नका लागि निरन्तररूपमा छात्रवृत्ति पाउँदै आएका यदुनाथ खनालले वि.सं.१९९९ मा अङ्ग्रेजी साहित्यमा एम.ए. जाँच दिएर स्वदेश फर्केपछि त्रिचन्द्र कलेजमा अस्थायी प्रोफेसर भई पढाउन थालेका हुन् । त्यसताका प्रोफेसरको मासिक तलब भा.रु. एक सय हुन्थ्यो, जुन नेपाली रूपयाँ नब्बे मात्र हुन्थ्यो ( आचार्य; २०५९: १९) । एक वर्षपछि आई. एस्सी. का छात्रहरूको सङ्ख्या बाह्रबाट चौबीस बनाउने योजनाअन्तर्गत विज्ञानका केही नयाँ प्रोफेसरहरू स्थायी नियुक्त भए, तर आफूलाई स्थायी पनि नबनाइएको र तलब पनि नबढाइएकोमा यदुनाथलाई चित्त बुझेन र उनले राजीनामा दिए ।

यसरी जागिर छोडेर बसेकै बेला मृगेन्द्रशमशेरले आफ्नो दरबारमा त्रिचन्द्र-कलेजका जत्ति नै तलब दिएर यदुनाथलाई पढाउन बोलाए । यसैबीच बिदामा बसेका भारतीय प्रोफेसरहरू नफर्केकाले एक भारतीय प्रोफेसर **लुम्बा**को खाली पदमा यदुनाथले स्थायी नियुक्ति पाए ।

यदुनाथ खनाल त्रिचन्द्र कलेजको प्रोफेसरको पदमा नियुक्त हुनु एक किसिमको आश्चर्य र गौरबको कुरा थियो । उनी ती पिताका पुत्र थिए, जसले आफ्नै जीवनमा खनाललाई पढ्न फाप्दैन भन्ने कठोर अन्धविश्वास तोडेका थिए । निरक्षरहरूको पहाडी गाउँ मानुङदेखि पाँच छ दिनको पैदल बाटो हिँडी काठमाडौं आउनु र संस्कृत पढ्नु, संस्कृत पढ्न छोडेर अङ्ग्रेजी पढ्नु, अझ कलकत्ता पुगेर विज्ञान र अङ्ग्रेजी साहित्य पढी फर्कनु र प्रोफेसर हुनु– यी यदुनाथले आफ्नो जीवनमा मारेका धेरै लामालामा छलाङहरू थिए (आचार्य; २०५९: २०) । खनालले त्रिचन्द्र-कलेजमा स्थायी नियुक्ति पाएपछिको शैक्षणिक अनुभव एवम् आवश्यकताका आधारमा नै नेपाली समालोचनाको पहिलो सैद्धान्तिक कृति **समालोचनाको सिद्धान्त** (२००३) प्रकाशमा ल्याएका हुन् । समालोचनाको सिद्धान्तहरूबाट परिचित हुन र नेपाली समालोचनालाई प्रोत्साहित गर्न **समालोचनाको सिद्धान्त** ( २००३) कृतिको प्रकाशन निकै सहायक सिद्ध हुन गयो ।

यदुनाथ खनाल त्रिचन्द्र कलेजमा पढाइरहेकै बेला कहिले **बेलायती शैक्षिक चिन्तन र व्यवहार**का सम्बन्धमा अध्ययन गर्न बेलायतको लण्डन विश्वविद्यालय गए भने कहिले नेपाली प्रतिनिधिमण्डलका सदस्यसचिव भई पहिलो ऐतिहासिक अफ्रो-एसियाली सम्मेलन (बाङ्दुङ, वि. स. २०१२ बैशाख ५- ११) मा सम्मिलित भए ।

वि.सं.२०१२ साल माघ १३ गते टङ्कप्रसाद आचार्य राजा महेन्द्रबाट प्रधानमन्त्री नियुक्त भएपछि त्रिचन्द्र-कलेजमा पढाइरहेका यदुनाथलाई प्रधानमन्त्रीको स्वकीय सचिवका रूपमा लगियो । यसपछि केही वर्षसम्म प्रशासनिक अनुभव बटुली यदुनाथले विश्वेश्वरप्रसाद कोइरालाको सरकार गठन भएपछि पुन : त्रिचन्द्र कलेजका प्रोफेसरकै रूपमा कार्य गर्न थाले । त्यस्तै २०२८ सालमा हार्वर्ड विश्वविद्यलयमा फेलो भई फर्केपछि केही समय त्रिभुवन विश्वविद्यलयको **आर्थिक विकास तथा प्रशासन केन्द्र** (सेडा) मा आगन्तुक प्राध्यापकका रूपमा रहेर प्राध्यापन गरे ।

यदुनाथ खनालले पढाएका सयौँ चेलाहरू नेपालका विभिन्न उच्च पदमा पुगिसकेका परिप्रेक्ष्यमा उनी नेपालका गुरूप्राध्यापक सिद्ध भएका छन् । त्यसबखत त्रिचन्द्र-कलेज देशकै धेरै वर्षसम्म एक मात्र र पछिसम्म सबैभन्दा नाम चलेको काठमाडौंमा खुलेको एकाध कलेजमध्ये प्रमुख थियो । उनका असङ्ख्य चेलाहरूमध्ये प्रधानमन्त्री हुनेमा सूर्यबहादुर थापा र कीर्तिनिधि विष्ट, राष्ट्रिय सभाका अध्यक्ष हुनेमा बेनीबहादुर कार्की र मन्त्री हुनेहरूमा राजेश्वर देवकोटा, ऋषिकेश शाह, डा. यादवप्रसाद पन्त, डा. हर्कबहादुर गुरुङ, डा. देवेन्द्रराज पाण्डे, डा. बद्रीप्रसाद श्रेष्ठ, डा. मोहम्मद मोहसिन, प्रा. ऐश्वर्यलाल प्रधानाङ्ग, डा. मथुराप्रसाद श्रेष्ठ, डा. केशरजङ्ग रायमाझी, अच्युतराज रेग्मी, फत्तेसिंह थारु, नारायणदत्त भट्ट, भुवनलाल प्रधान आदि रहेका छन् । मुख्य सचिव वा सोसरह र सचिवस्तरका प्रशासनको उच्च आहोदामा पुग्ने व्यक्तिहरूमा हंसमान सिंह, लोकदर्शन वज्राचार्य, ईश्वरीमान श्रेष्ठ, रेणुलाल सिंह, मनमोहनलाल सिंह, कर्णध्वज अधिकारी, जसकान्त अधिकारी, गोरक्षबहादुर न्हुच्छे प्रधान, लोकबहादुर श्रेष्ठ, डा. ठाकुरनाथ पन्त, वीरेन्द्र खुँजेली, जितबहादुर मानन्धर, रामबहादुर के.सी., कृष्णबहादुर मानन्धर, कृष्णबहादुर देउजा, नन्दलाल जोशी, फणीन्द्रराज हमाल, रञ्जनराज खनाल, शारदाप्रसाद उपाध्याय, मङ्गलकृष्ण श्रेष्ठ, सूर्यनाथ सुवेदी, डा. शशिनारायण शाह, जीवनलाल सत्याल, विष्णुगोपाल रिसाल, जितेन्द्रलाल मास्के आदि रहेका छन् । परराष्ट्र सचिव हुनेहरूमा नरप्रताप शमशेर थापा, विश्व प्रधान, यादवकान्त सिलवाल र केदारभक्त श्रेष्ठ पर्दछन् भने नेपाल राष्ट्रवैंकका गभर्नर पदमा पुग्ने प्रा खनालका विद्यार्थीहरूमा हिमालयशमशेर राणा र कल्याणविक्रम अधिकारी रहेका छन् । अन्य बैंङ्कसँग सम्बन्धित उच्च अधिकृतहरू ईश्वरीराज पाण्डे, आनन्दभक्त राजभण्डारी भरतलाल राजभण्डारी , अम्वेश्वर राजभण्डारी, विश्वम्भरमानसिंह प्रधान आदिले पनि प्रा. खनालसँगै शिक्षार्जन गरेका थिए । प्रा. खनालका विद्यार्थीहरूमध्ये सुन्दरप्रसाद शाह, विष्णुप्रताप शाह र अच्युतनारायण राजभण्डारी प्रमुख निर्वाचन आयुक्त भए ।

प्रा. यदुनाथ खनालका प्राध्यापक हुने विद्यार्थीहरूमा डा. बलराम जोशी, खड्गभक्त सिंह, डा. तुलसीराम वैद्य, डा. प्रयागराज शर्मा, डा. मोहनप्रसाद लोहनी, डा. ध्रुवमान अमात्य, डा. शिवप्रसाद धौमडेल, सुरेन्द्रसिंह के.सी., शिवगोपाल रिसाल, डा. मधुसूदन शर्मा, कृष्णबहादुर मानन्धर, डा.उत्तमलाल राजभण्डारी , डा. भवानीशङ्कर राजवंशी, डा. प्रचण्ड प्रधान आदि रहेका छन् । त्यस्तै मेडिकल डाक्टर हुनेहरूमा मृगेन्द्रराज पाण्डे, नारायणकेशरी शाह, सच्चेकुमार पहाडी, खगेन्द्रबहादुर श्रेष्ठ, ध्रुवलाल सिंह, विश्वराज दली, मोहन शाह, दिनेशनाथ गङ्गोल, ज्वालाराज पाण्डे, बद्रीराज पाण्डे, पुरुषोत्तम राजभण्डारी, टीकामान वैद्य, लोकविक्रम थापा आदि पर्दछन् भने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्य हुनेमा डा. रत्नशमशेर राणा, डा. चन्द्रबहादुर श्रेष्ठ र उपेन्द्रमान मल्ल पर्दछन् ।

विद्वान् लेखक र साहित्यकारहरू डा. ईश्वर बराल, महेशचन्द्र रेग्मी, कमलमणि दीक्षित, सत्यमोहन जोशी, जनकलाल शर्मा, जगदीशशमशेर राणा, माधवलाल कर्माचार्य, डोरबहादुर विष्ट, नीरविक्रम प्यासी, चित्तरञ्जन नेपाली आदिले प्रा. खनालसँगै पढेका हुन् । त्यस्तै प्रा. खनालका दर्जनौं विद्यार्थीहरू वरिष्ठ राजनीतिज्ञ, उच्च सैनिक तथा प्रहरी अधिकृतलगायतका थुप्रै पदहरूमा पुगिसकेका छन् । तिनीहरू सबैको नाम उल्लेख गर्न असम्भव रहेकाले यहाँ उपर्युल्लिखित व्यक्तिहरूको नाममात्र उल्लेख गरिएको छ । उपर्युक्त तथ्यहरूका आधारमा यदुनाथ खनालको प्राध्यापक व्यक्तित्वको अध्ययन गरिनु समुचित ठहर्छ ।

### २.२.२ लेखक व्यक्तित्व

यदुनाथ खनाल संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाको गहिरो ज्ञान भएका र तीनै भाषामा कलम चलाउन सक्ने सफल लेखक हुन् । उनको लेखनगत धार मूलतः संस्कृत र नेपाली भाषाका सिर्जनामा साहित्यसापेक्ष बनेर देखापरेको छ भने अङग्रेजी भाषामा लेखिएका लेखहरूमा साहित्यनिरपेक्ष बनेर प्रस्तुत भएको छ । यसकारण यदुनाथ खनालको लेखनकलालाई निम्नानुसार दुई भागमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त हुन्छ :

#### २.२.२.१ साहित्यसापेक्ष लेखन

यदुनाथ खनालका साहित्यिक व्यक्तित्व र त्यसका प्रदानको सेरोफेरो बहुमुखी छ । उनको लेखनगत भाषिक आयाम संस्कृत, नेपाली र अङ्ग्रेजीमा विस्तारित भए पनि साहित्यिक आलोक विशेषतः संस्कृत र नेपाली भाषामा तेजिलोसँग छरिएको छ भने अङ्ग्रेजी भाषाका साहित्यिक फुटकर

कृतिहरूको महत्त्व पनि उल्लेख्य नै रहेको पाइन्छ । त्यस्तै यदुनाथले अङ्ग्रेजी भाषामा लेखेका समीक्षात्मक लेखहरूसमेत फुटकर रूपमा उपलब्ध रहेका छन् ।

अठार वर्षको उमेरमा हिँडिरहेका बेला यदुनाथले **रानी पाखरी** शीर्षकको निबन्ध लेखी सर्वप्रथम आफूलाई साहित्यिक फाँटमा सार्वजनिक गरेका हुन् । वि.सं.१९८८ सालको फागुनमा दरबार हाइस्कुलमा आठौँ कक्षामा भर्ना भएलगत्तै विद्यालयमा प्रथम स्थान प्राप्त गरेको हो । त्यसपछि भने यदुनाथले निबन्ध लेखनको क्षेत्रमा ढिलो  तर गहन कलम चलाइरहे । यदुनाथको पुस्तकाकार निबन्ध सङ्ग्रह हालसम्म प्रकाशनमा आएको छैन, यद्यपि **रानी पोखरी, पृथ्वी, समुद्र र आकाश, बाटो बिलायो, नारी जीवन, ऐतिहासिक दृष्टिकोण, स्वावलम्बन एक अनुभव, कठोरता, म कसरी राजदूत भएँ, म सम्झन्छु, जनताको माया** लगायतका निबन्धहरूले खनाललाई निजात्मक र सशक्त चिन्तकका रूपमा स्थापित गरेका छन् ।

नेपाली समालोचना-परम्परामा अजेय उतुङ्ग चुली शृङ्खलाको आरोहण गर्न सफल यदुनाथ खनाल पूर्वीय र पाश्चात्य साहित्यशास्त्रीय मान्यतासित सुपरिचित समालोचक हुन् । नेपाली समालोचनाका क्षेत्रमा खनालका पुस्तकाकार दुई कृति प्रकाशनमा आएका छन् । खनालको **समालोचनाको सिद्धान्त** (२००३) नेपाली समालोचनापरम्परामा सैद्धान्तिक समालोचनाको पहिलो पुस्तक हो । यसरी सचेतताका साथ सैद्धान्तिक समालोचनाको थालनी गर्ने पहिला व्यक्ति उनी नै हुन् । खनालका नेपाली समालोचनाका पुस्तकाकार दुई कृतिहरूमध्येको दास्रो कृति **साहित्यिक चर्चा** (२०३४) मा साहित्यका विविध पक्ष र स्रष्टा एवम् तिनका सिर्जनामा पाइने प्रवृत्तिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको छ (कँडेल; २०५५: ९) । यी दुई पुस्तकमा समेटिएका थुप्रै समीक्षात्मक लेखहरू एवम् अरू साहित्यकारहरूका पुस्तकका भूमिकाहरू विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा छरिएर रहेका छन् । त्यस्तै **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधार, कवि भूपि शेरचन र उनका कविता** लगायतका उत्कृष्ट समीक्षात्मक लेखहरू **नेपाल रिभ्यू** नामक मासिक पत्रिकामा पहिला अङ्ग्रेजी भाषामा छापिएका र पछि **साहित्यिक चर्चा** (२०३४) मा नेपाली भाषामा अनुवाद गरी राखिएका छन् । यदुनाथ खनालका उपर्युक्त समीक्षात्मक कृतिहरूको गुणात्मकता एवम् समीक्षात्मक नवप्रदानका दृष्टिले नेपाली समालोचनापरम्परामा उल्लेख्य महत्त्व रहेको छ ।

कविताका क्षेत्रमा यदुनाथ खनालका दुई पुस्तकाकार कृतिहरू **सूक्तिसञ्चय** (२०३२) र **नेपाली भामिनीविलास** (२०५५) प्रकाशित छन् । **सूक्तिसञ्चय** केही मौलिक र केही विविध अन्य भाषाहरूबाट संस्कृतमा अनुवाद गरिएका कविताहरूको सङ्कलन हो भने **नेपाली भामिनीविलास** पण्डितराज

जगन्नाथको संस्कृत भामिनीविलासको समश्लोकी - समच्छन्दी नेपाली अनुवाद हो । यदुनाथ खनालको अनुवाद कौशलको अर्को नमुना **प्रज्ञा** पत्रिका - वर्ष ७, अङ्क २, पूर्णाङ्क २४, २०३५) मा प्रकाशित **प्रभात–वर्णन** शीर्षकको माघकाव्यको एघारौँ सर्गको नेपाली भावानुवादका रूपमा देखापरेको छ ।

निष्कर्षमा निबन्धबाट साहित्यिक फाँटमा उत्रेका यदुनाथ खनाल सफल निबन्धकार, समालोचक, कवि तथा अनुवादक हुन् । उपर्युक्त सबै विधामा सफल रहे तापनि सर्वाधिक उँचो स्थान समालोचनामा प्राप्त गरेका यदुनाथ खनाल नेपाली भूमिका प्राज्ञिक धरोहर हुन् ।

## २.२.३.२ साहित्यनिरपेक्ष लेखन

यदुनाथ खनालले आफू विभिन्न प्रशासनिक एवम् कूटनीतिक पदहरूमा रहेका बेला यिनै क्षेत्रसँग सम्बन्धित नेपाली तथा अङ्ग्रेजी भाषामा विभिन्न लेखहरू लेखेका छन् । यदुनाथका अङ्ग्रेजी भाषामा लेखिएका साहित्यनिरपेक्ष कृतिहरूमा **नेपालस् रिलेसन्स विद इन्डिया एण्ड चायना, रिफ्लेक्सन्स् अन नेपाल – इन्डिया रिलेन्सस्, स्ट्रे थट्स, नेपाल : ट्रान्जिसन फ्रम आइसोलेसनिज्म् , एस्सेन इन नेपाल्स फरेन अफेयर्स् , नेपाल्स नन् – आइसोलेसनिस्ट फरेन पोलिसी** आदि रहेका छन् ।

यदुनाथको एउटा महत्त्वपूर्ण विशेषता हो आफू जुनसुकै पदमा जहाँसुकै रहे पनि सोका बारेमा आफ्नो स्पष्ट धारणा वस्तुपरक निबन्धमार्फत प्रकट गर्नु । यदुनाथका यस प्रवृत्तिका अनेकौं लेखहरू रहेका छन् । तीमध्ये केही प्रमुख लेखहरू हुन् **– म कसरी राजदूत भएँ,** ( भारतका लागि राजदूत नियुक्त भएपछिको संस्मरण) , **नेपालका लागि एक विश्वविद्यालय**( ओरेगन विश्वविद्यालयबाट फर्केपछि ), **नेपालमा प्राज्ञिक स्वतन्त्रको समस्या** (त्रि.वि. को स्थापना हुनुअघि), **संयुक्त राज्य अमेरिका र एसिया : एक सानो राज्यको दृष्टिकोण** ( हार्वड विश्वविद्यालयमा फेलो हुँदा), **अमेरिका परराष्ट्र नीतिमा नयाँ दिशा, नेपाललाई त्यसका सम्भावित निहितार्थहरू** (अमेरिकाको राजदूत पदबाट मुक्त भई फर्केपछि), **लोकसेवा आयोगका बारेमा केही यादृच्छिक विचारहरू** ( लोकसेवा आयोगको सदस्यमा बहाल रहँदा) आदि । उपर्युक्त पुस्तकाकार कृतिहरू एवम् विभिन्न फुटकर लेखहरूले यदुनाथ खनालको सफल गैरसाहित्यिक लेखनतर्फको छविलाई प्रष्ट्याएका छन् ।

## २.२.३. प्रशासक व्यक्तित्व

यदुनाथ खनालका व्यक्तित्वका विविध पाटाहरूमध्ये प्रशासक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । २०१२ सालदेखि यस क्षेत्रमा औपचारिक प्रवेश गरेका यदुनाथ खनालले प्रधानमन्त्रीका स्वकीय सचिव,

गृह तथा परराष्ट्र मन्त्रालयका सचिव, त्रिभुवन विश्वविद्यालय सेवा आयोगका सदस्य, ओकसेवा आयोगका अध्यक्षजस्ता उच्च प्रशासनिक पदमा बसेर सफलतापूर्वक कार्यभार सम्पादन गरेका छन् ।

त्रिचन्द्र-कलेजमा प्राध्यापन गरिरहेका यदुनाथ खनालको प्रशासनिक व्यक्तित्वको थालनी प्रधानमन्त्रीका स्वकीय सचिवका रूपबाट भएको हो । वि.सं.२०१२ साल माघ १३ का दिन टङ्कप्रसाद आचार्य श्री ५ महेन्द्रबाट प्रधानमन्त्रीमा नियुक्त भएपछि पहिलो ऐतिहासिक अफ्रो – एसियाली सम्मेलन ( २०१२ बैशाख ५–११ सम्म, बाङ्दुङमा) मा सदस्यसचिवको महत्त्वपूर्ण कार्यभार सम्हालिसकेका यदुनाथ खनाल प्रधामन्त्रीको स्वकीय सचिव नियुक्त भएका हुन् । आफूसँग प्रधानमन्त्रालयका अलावा गृह र राज्य व्यवस्था मन्त्रालयको समेत कार्यभार सम्हालेका टङ्कप्रसाद आचार्यले केही महिनापछि यदुनाथलाई गृहसचिवमा सरुवा गरे । यदुनाथलाई यो सरुवा त्यति ठूलो परिवर्तन थिएन, किनभने प्रधानमन्त्री स्वयम् नै गृहमन्त्री पनि थिए । यदुनाथले टङ्कप्रसादसँग काम गर्दा प्रशासनिक सेवाका लागि संस्थागत सुधार गर्ने उद्देश्यले प्रशासकीय पुनर्गठन योजन आयोग ( २०१३) बन्यो । सो आयोगमा यदुनाथले काम गरे र त्यसले अरू धेरै काम गर्नुबाहेक निजामती सेवा ऐन (२०१३) पनि तयार गऱ्यो ।

प्रशासनभन्दा शिक्षा क्षेत्र बढी पवित्र एवम् सन्तुष्टिमूलक मानेका यदुनाथले प्रशासनमा काम गर्दै जाँदा त्यहाँ हुने रकमीतन्त्र र अनावश्यक गोपनीयता मन नपरेपछि पुनः शिक्षा क्षेत्रमा नै फर्कने बाटो खोजिरहेका थिए । अनि संयोग पनि त्यस्तै पऱ्यो । त्रिचन्द्र कलेजका प्राध्यापकका हैसियतले सं २०१० सालको अन्त्यतिर गठन भएको राष्ट्रिय शिक्षा योजना आयोगका सदस्य बनेका यदुनाथ खनाल नेपालमा विश्वविद्यालय खोल्ने परियोजनाअन्तर्गत अमेरिकी सरकारको सहयोगमा ओरेगन विश्वविद्यालयमा तालिम लिन अमेरिकातर्फ लागे । ओरेगनबाट शैक्षिक तालिम लिई फर्कदा यहाँ डा. के. आई. सिंह प्रधानमन्त्री थिए भने शिक्षामन्त्री महाकवि लक्ष्मीप्रसाद देवकोटा थिए । डा. सिंहको नेतृत्वको सरकार एक सय दस दिनमा विघटन भएपछि यदुनाथ राजा महेन्द्रबाट योजनामण्डलका सदस्यमा मनोनीत भए ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालमा पनि अनेक ढङ्गबाट प्रशासनिक कामहरू गरेका एवम् पटक-पटक विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलका जिम्मेवार सदस्यका रूपमा भाग लिएका यदुनाथ खनाल २०१७ साल पुष १ गतेको शाही घोषणा पश्चात परराष्ट्रसचिव (२०१७–२०२७) नियुक्त भए । यसैबीच भारतका लागि राजदूत ( २०१९ – २०२४) पदमा फर्किए ।

पहिला तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यका स्वकीय सचिव अनि गृहसचिव बनेका यदुनाथलाई प्रस्तावित विश्वविद्यालयको प्रथम उपकुलपति बनाउन भनी अमेरिकाको **ओरेगन विश्वविद्यालय**मा पढ्न पठाइएको थियो । तर परिस्थितिले कालान्तरमा उनलाई त्रिभुवन विश्वविद्यालयको उपकुलपति होइन, सेवा आयोगका सदस्य (२०२९) बनायो ।

यदुनाथ खनाल बैसठ्ठी वर्षको उमेरमा हिँडिरहेका बेला राजा वीरेन्द्रबाट लोकसेवा आयोगका अध्यक्ष पदमा नियुक्त (२०३२, मङ्सिर २२ गते ) भए । लोकसेवा आयोगका बारेमा उनले **लोकसेवा आयोगका बारेमा केही यादृच्छिक विचारहरू** शीर्षकको लेख लेखेर आफ्ना विचारहरू व्यक्त गरेका छन् ।

यदुनाथ नेपाली प्रशासन फाँटका गुरु प्रशासक हुन् । प्रशासनिक क्षेत्रका उच्च पदमा रहिरहेका बेला उनले नेपाली प्रतिनिधिमण्डलका जिम्मेवार सदस्य भएर अनेकौँ पटक अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिए भने कैयौँ पटक अन्तर्राष्ट्रिय क्षेत्रमा राजा, प्रधानमन्त्री लगायतका उच्चतम व्यक्तिहरूले व्यक्त गर्ने भाषण लेखे । यिनै तथ्यहरूका आधारमा यदुनाथ खनालको प्रशासकीय व्यक्तित्वको अध्ययन गरिनु उचित ठहर्छ ।

## २.२.४. कूटनीतिक व्यक्तित्व

प्रधानमन्त्रीका स्वकीय सचिव, गृह तथा परराष्ट्र मन्त्रालयका सचिव, राजसभाका सदस्य, त्रिभुवन विश्वद्यिालय सेवा आयोगका सदस्य एवम् लोकसेवा आयोगका अध्यक्षसमेत रहेका प्रा. यदुनाथ खनाल भारत, चीन र अमेरिका तीनै देशमा राजदूत हुने हालसम्मका एकमात्र र पहिलो नेपाली हुन् । यदुनाथ खनालले भारत, अमेरिका र चीन जस्ता नेपालका तीनै महाशक्तिहरूसँगको सन्तुलित र आपसी हितमा आधारित सम्बन्धको पक्षपाती हुनुका साथै सानो राष्ट्रको नाताले नेपालका अन्य मित्र राष्ट्रहरूसँग सम्बन्धको स्थापना र विविधीकरण तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग सक्रिय संलग्नता राखी आफ्नो छुट्टै पहिचान र राष्ट्रिय स्वार्थको प्रवर्द्धन गर्नुपर्ने कुरामा जोड दिन्थे ।

नेपालका दुई शक्तिशाली आवरण भारत र चीनबीच सीमायुद्ध चर्की **दुई ढुङ्गाबीचको तरुल** सरहको नेपाल झन् अफठ्यारोमा परिरहेका बेला गम्भीर परिस्थितिलाई दृष्टिगत गरी सुविख्यात विद्वान् यदुनाथ खनाल वि.सं.२०१९ सालको असोजमा भारतका लागि नेपाली राजदूत नियुक्त भएका हुन् । उनी राजदूत नियुक्त भएपछि राजानिकट एकजना राजनीतिज्ञले भन्यो रे- “यदुनाथलाई राजदूत बनाएको राम्रो भएन, किनकि उनले दौरासुरुवाल लगाएको पनि राम्रो मिल्दैन ।”

यदुनाथले **म कसरी राजदूत भएँ** शीर्षकको आत्मकथात्मक-संस्मरणात्मक निबन्ध लेखी आफू राजदूत हुँदाका अनुभूतिको सविस्तार वर्णन गरेका छन् । डा. तुलसी गिरी परराष्ट्रमन्त्री हुँदा नयाँ-दिल्ली पठाइएका यदुनाथ राजदूतका रूपमा आफ्नो विशिष्ट मूल्याङ्कन भारतमै भएको अनुभव गर्दथे । दुवैपटक परराष्ट्र सचिव हुने अवधिको बीचमा रहेको उनको चारवर्षको नयाँ दिल्ली बसाइँ नेपालको सन् १९६० को राजनीतिक परिवर्तनको उत्तरार्द्ध सन् १९६२ को भारत-चीन सीमाविवाद, भारतमा पण्डित जवाहरलाल नेहरू, लालबहादुर शास्त्री र श्रीमती इन्दिरा गान्धीजस्ता तीन ठोस व्यक्तित्वको प्रधानमन्त्रित्वकाल तथा नेपाल र भारतबीच प्रचुर मात्रामा भएको उच्चस्तरीय भ्रमणको आदानप्रदानका कारणले पनि निकै अर्थपूर्ण रह्यो (भट्टराई; २०६२ : ७४) ।

संयुक्तराज्य अमेरिकाको उच्चतम मानिने हार्वर्ड विश्वविद्यालयमा फेलो भई अमेरिकी परराष्ट्रनीतिको गहन अध्ययन गरी फर्केको एक वर्षपछि २०३० सालको सुरुमै राजा वीरेन्द्रबाट यदुनाथ खनाल संयुक्त राज्य अमेरिकाका लागि राजदूत नियुक्त भए । उनको ओहदाको प्रमाणपत्र स्वीकार गरेपछि तत्कालीन अमेरिकी राष्ट्रपति निक्सनले भने रे- "तपाईंजस्तो ख्याति प्राप्त र उच्च सम्मान प्राप्त व्यक्ति श्री ५ बाट यस देशको लागि राजदूत नियुक्त हुनुभएकोमा संयुक्तराज्य अमेरिका नै सम्मनित भएको छ" (आचार्य; २०५९: १५९) ।

संयुक्तराज्य अमेरिकामा नेपाली राजदूत भई रहँदाका अनुभूति एवम् अमेरिकी परराष्ट्रनीतिलाई यदुनाथले **अमेरिकी परराष्ट्रनीतिमा नयाँ दिशाः नेपाललाई त्यसका सम्भावित निहितार्थहरू** शीर्षकको लेखमा वर्णन गरेका छन् ।

यदुनाथ २०३५ साल बैशाखमा चीनका लागि नेपालका राजदूत पदमा नियुक्त भएर चारवर्ष ( अर्थात् २०३९ जेठसम्म) त्यस पदमा रही काम गरे । यदुनाथ भारत, अमेरिका र चीनमा राजदूत नियुक्त भएका बेला नेपालको अन्तर्राष्ट्रिय सम्बन्धहरूमा नयाँ मोड आउन लागेको महत्त्वपूर्ण अवस्था थियो । उनी भारतका राजदूत भई जाँदा नेपालमा भर्खर पञ्चायती व्यवस्था लागू भएको थियो र नेपालले आफ्नो परराष्ट्रनीतिमा नयाँ पहल गर्न थालेको थियो भने भारतले त्यसलाई शङ्काका दृष्टिले हेरिरहेको थियो । उनी अमेरिकाका लागि राजदूत नियुक्त हुँदा राष्ट्रपति निक्सनले अमेरिकालाई भियतनामको लडाइँबाट झिक्ने र रुससित तनाब कम गर्ने रणनीतिका रूपमा चीनसित सम्बन्ध बढाउने प्रयास गर्दै थिए ।

यदुनाथ चीनमा राजदूत हुँदा भर्खरै माओत्से तुङ, चु तेह, चाउ एन–लाईजस्ता चीनका महान् नेताहरूको देहावसानले चीनमा एक प्रकारको रिक्तताको अनुभव मात्र भइरहेको थिएन, चीन आन्तरिक र परराष्ट्रनीतिमा नयाँ युगभित्र प्रवेश गर्दै पनि थियो (आचार्य; २०५९: १८५) ।

यदुनाथ खनालले अन्य देशहरूसँग नेपालको सम्बन्ध सुधार्ने हेतुले पटकपटक विभिन्न देशहरूको भ्रमण गर्नुका साथै विदेश भ्रमणमा रहेका बेला राजा, प्रधानमन्त्री लगायतका नेपाली प्रतिनिधिमण्डलका प्रमुखहरूका कैयौ भाषण एवम् वक्तव्यहरू लेख्ने कामसमेत गरे । खनाल २०४६ सालपछिका प्रधानमन्त्रीद्वय कृष्णप्रसाद भट्टराई एवम् गिरिजाप्रसाद कोइरालाका परराष्ट्रमामिला सल्लाहकारसमेत भएका व्यक्तित्व हुन् । उनले नेपालको परराष्ट्रनीतिमा मौलिक र देशकाल परिस्थितिअनुरूप आवश्यक पर्ने कुरामा निरन्तरता तर मूलस्वरूपमा परिवर्तन र परिमार्जन गर्दै जानुपर्ने कुरामा जोड दिन्थे । उनी परराष्ट्र मन्त्रालयको संयन्त्रलाई समयानुसार ढाल्नुपर्ने कुरा बताउँथे । निश्चय नै यदुनाथ खनाल नेपाललाई परराष्ट्र जगत्सँग जोड्ने पुलस्वरूपका भीष्म पितामह हुन् ।

## २.२.५. सामाजिक व्यक्तित्व

यदुनाथ खनालको सामाजिक व्यक्तित्व बाल्यावस्थादेखि पलाएको र लेखन एवम् विभिन्न उच्च प्रशासनिक तथा कूटनीतिका पदहरूको बहालीसँग गाँसिएर आएको देखिन्छ । उनको सामाजिक व्यक्तित्वको स्पष्ट सार्वजनिक प्रस्फुटन काठमाडौं नगरपालिकाका निर्वाचित सदस्यका रूपमा भएको हो भने यसको चरमावस्था राजसभा सदस्यका रूपमा प्रकटिएको पाइन्छ । नेपालका प्रसङ्गमा यदुनाथ खनाल व्यक्ति मात्र नभई संस्था नै भएकाले उनका हरेक क्रियाकलाप नेपाली समाज निरपेक्ष हुनै सक्तैनथे ।

नेपाली समाजमा राणा विरोधी आन्दोलन चरमोत्कर्षमा पुगेको समयताका पहिलो पटक सम्पन्न काठमाडौं नगर निर्वाचनमा वडा नं. ११ बाट यदुनाथ खनाल निर्वाचित भएका हुन् । सबैभन्दा बढी एघार हजार मतदाता रहेको यस वडामा निर्वाचित खनाल दुई सरकारी जागिरदारहरू (यदुनाथ खनाल र शङ्करदेव पन्त) मध्येका एक उम्मेदवार हुन् । यस चुनावमा निर्वाचित हुनेहरूमा यदुनाथ खनालगायत भुवनलाल प्रधान, शङ्करदेव पन्त, शारदाप्रसाद उपाध्याय, पूर्णबहादुर एम.ए., भेषबहादुर शर्मा, शेषराज दली, पुष्करलाल मास्के, उदयलाल श्रेष्ठ, तेजप्रसाद शर्मा, विष्णुलाल डङ्गोल, हरिकृष्ण श्रेष्ठ, तेजप्रसाद शर्मा र रामजी शर्मा रहेका छन् । तत्कालीन समयमा सरकारी

कर्मचारीहरूले पनि निर्वाचनमा भाग लिन पाउने प्रावधान थियो ; सरकारी कर्मचारीहरूले निर्वाचनमा उम्मेदवार हुन नपाउने नियम वि.सं.२००५ सालमा बनेको हो ।

वि.सं.२०४० साल बैशाख ५ गते सोमबारका दिन यदुनाथ खनाल श्री ५ वीरेन्द्रबाट राजसभा स्थायी समितिका सदस्यमा नियुक्त भएका हुन् । यदुनाथको दीर्घकालीन राष्ट्रसेवा एवम् बौद्धिक तथा शालीन व्यक्तित्वकै कारण यस व्यक्तित्वलाई समाज सेवामा प्रयोग गर्नका लागि उनलाई राजसभा सदस्यमा नियुक्त गरिएको पाइन्छ । निष्कर्षमा यदुनाथ खनाल सफल लेखक, प्राध्यापक, प्रशासक, एवम् कूटनीतिज्ञजस्तै सफल समाज सेवक पनि हुन् ।

# लेखनीका आलोकमा यदुनाथ खनाल

## ३.१ यदुनाथ खनालका साहित्ययात्राका चरणहरू

संस्कृत, नेपाली र अङ्ग्रजी तीनै भाषामा एकैसाथ सशक्त कलम चलाउने यदुनाथ खनाल साहित्यिक फाँटका निबन्ध, समालोचना र कविताका क्षेत्रमा एक सुपरिचित र स्थापित व्यक्तित्व हुन् । साहित्यका क्षेत्रमा उनका नेपाली र संस्कृतमा गरी **समालोचनाको सिद्धान्त** (२००३), **सूक्तिसञ्चय** (२०३२), **साहित्यिक चर्चा** (२०३४) र **नेपाली भामिनीविलास** (२०५५) गरी चार पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने थुप्रै आत्मपरक निबन्धात्मक एवम् समीक्षात्मक लेखहरू विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा फुटकर रूपमा छरिएर रहेका छन् । उनले आफ्ना साहित्यिक सिर्जनाहरूमा स्पष्टसँग पूर्वीय (संस्कृत र नेपाली) र पाश्चात्य (अङ्ग्रेजी) दुवै परिवेशलाई समेटेका छन् । भाषागत रूपमा यदुनाथ खनालका निबन्धात्मक र समीक्षात्मक लेखहरू नेपाली भाषासँग तथा कवितात्मक सिर्जनाहरू संस्कृत भाषासँग बढी सम्बद्ध रहेका छन् । उनका निबन्धहरू विशुद्ध नेपाली परिवेशमा, समालोचनाहरू वैदिक-पौराणिक, नेपाली र पश्चिमी परिवेशमा तथा कविताहरू विशुद्ध पूर्वीय संस्कृत परिवेशमा रचिएका छन् । यदुनाथ खनालको साहित्यिक फाँटअन्तर्गतको सम्पूर्ण परिधिलाई दुई खण्डमा वर्गीकरण गर्न सकिन्छ-साहित्य खण्ड र समालोचना खण्ड । साहित्य खण्डअन्तर्गत निबन्धात्मक र कवितात्मक सिर्जनाहरू पर्दछन् भने समालोचना खण्डअन्तर्गत समीक्षात्मक सिर्जनाहरू पर्दछन् ।

यदुनाथ खनालले आफ्नो १८ वर्षीय उमेरमा दरबार हाइस्कुलमा कक्षा आठमा पढ्दाको अवधि (वि.सं.१९८८) मा लेखेको विद्यालयस्तरीय निबन्ध प्रतियोगिताको सर्वोत्कृष्ट **रानी पोखरी** शीर्षकको निबन्धदेखि सार्वजनिक साहित्य सिर्जनयात्रा थालेका हुन् र यो यात्राले विभिन्न मोड-उपमोडहरू निरन्तररूपमा छिचोल्दै सत्तरीको दशकवर्षसम्म निरन्तरता पायो । यदुनाथ खनालका साहित्यिक सिर्जनालाई निबन्धात्मक, समालोचनात्मक र कवितात्मक आलोकका तीन चरणमा छुट्याउन सकिन्छ र तिनको विकसनशील प्रवृत्तिलाई औँल्याउन सकिन्छ । वि.सं.१९८८ सालमा सिर्जित **रानी पोखरी** शीर्षकको निबन्धदेखि **समालोचनाको सिद्धान्त** (२००३) को प्रकाशन हुनुपूर्वको मूल लेखनीको आलोक निबन्ध विधामा फिँजिएकाले १४ वर्षीय यो समयावधि निबन्धकेन्द्रित चरणका रूपमा देखापरेको छ । यदुनाथ खनालको साहित्यिक लेखनीको दोस्रो चरण **समालोचनाको सिद्धान्त** (२००३) को प्रकाशनदेखि सुरु भई **सूक्तिसञ्चय**को प्रकाशन(२०३२) हुनुपूर्वसम्म कायम रहेको छ । यदुनाथको व्यक्तित्वको बृहत् आयाम समेटेको यो लगभग तीन दशकको समयावधि समालोचनाकेन्द्रित चरणका रूपमा देखापरेको छ । त्यस्तै खनालको **सूक्तिसञ्चय**को प्रकाशन (२०३२) पश्चात्को लगभग तीन

दशकको समयावधि कविताकेन्द्रित चरण हो र यो नै उनको साहित्यिक लेखनीको बिसौनी पनि हो । यसप्रकार यदुनाथ खनालको सातदशक लामो साहित्य साधनाले तीन मोड लिएको देखिन्छ -

१. पहिलो चरण :(१९८८-२००२) निबन्धकेन्द्रित लेखन

२. दोस्रो चरण :(२००३-२०३१) समालोचनाकेन्द्रित लेखन

३. तेस्रो चरण :(२०३२ पश्चात्) कविताकेन्द्रित लेखन

## ३.१.१ पहिलो चरण : निबन्धकेन्द्रित लेखन

यदुनाथ खनालको चौधवर्षीय यस चरणको लेखनीगत आलोक मूलत : निबन्धको सिर्जनामा फिँजिएर रहेको छ । यदुनाथ खनालले फुटकर निबन्धको लेखनगत अभ्यास वि.सं.१९७८ को आसपासदेखि नै गर्न थालेका र त्यसैताका पिता नरनाथ तथा दाजु हरिनाथलाई देखाउँदै आएका भए तापनि १९८८ सालदेखि सार्वजनिकरूपमै देखापर्न थालेको पाइन्छ । १९८८ सालको अन्त्यतिर दरबार हाइस्कुलको आठौं कक्षामा भर्ना भएलगत्तै विद्यालयमा भएको निबन्ध प्रतियोगितामा यदुनाथ **रानी पोखरी** शीर्षकको निबन्ध लेखी प्रथम भएका थिए र हालसम्म प्राप्त निबन्धहरूमध्ये यो नै उनको प्रथम सार्वजनिकीकरण गरिएको आत्मपरक निबन्ध हो । यस निबन्धमा उनले रानीपोखरीका सम्बन्धमा वैचारिक टिप्पणी प्रस्तुत गरेका छन् । राणाहरूको कठोर शासनावधिमा खोलिएको र राणाहरू एवम् देशका उच्च पदस्थ व्यक्तिहरूका छोराछोरीहरूले मात्र पढ्ने दरबार हाइस्कुलमा निम्न-वर्गीय निरक्षर गाउँका मध्यम-वर्गीय परिवारबाट छ वर्षअगाडि संस्कृत पढ्न थालेका यदुनाथ खनाल अङ्ग्रेजी पढ्ने उत्साहका साथ भर्ना भएलगत्तै निबन्ध प्रतियोगितामा अन्य सबै सहभागीहरूलाई उछिनेर प्रथम हुनु गौरवको एवम् उच्च प्रतिष्ठाको कुरा थियो । यदुनाथ खनालका अन्य निबन्धहरूमा **पृथ्वी, समुद्र र आकाश, बाटो बिलायो, कठोरता, नारी जीवन, ऐतिहासिक दृष्टिकोण, स्वावलम्बन एक अनुभव, म सम्झन्छु, जनताको माया, म कसरी राजदूत भएँ** आदि फुटकर रूपमा विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा प्रकाशित भएका छन् भने कतिपय निबन्धहरू अझै प्राप्त हुन सकेका छैनन् ।

वि.सं.१९९३ सालमा त्रिचन्द्र-कलेजले आयोजना गरेको निबन्ध प्रतियोगितामा **पृथ्वी, समुद्र र आकाश** शीर्षकको निबन्ध लेखी यदुनाथ खनालले गोपालप्रसाद रिमाल, सुरेन्द्रबहादुर शाह, कण्ठनारायण, रामप्रसाद तण्डुकार, शाम्बदेव पाण्डे, रामप्रसाद जोशी तथा तीर्थनाथ अधिकारी गरी सात जनालाई उछिनी सर्वोत्कृष्ट ठहरिए । यस कलेजस्तरीय निबन्ध प्रतियोगितामा बी.एल. प्रथम खण्ड समाप्त गरी द्वितीय खण्डको तयारीमा रहेका लक्ष्मीप्रसाद देवकोटा पनि परीक्षक थिए ।

यदुनाथले पहिले संस्कृत पढे; त्यसपछि अङ्ग्रेजी पढ्न थाले; डाक्टर बन्ने धोको थियो, मौका नपाएर विज्ञान पढे; तर विज्ञानको पढाइबाट जीविकाको अवसर सीमितजस्तो देखियो र अब यदुनाथलाई अङ्ग्रेजीमा एम. ए. गर्ने विचार भयो, किनकि बी. एस्सी. पास भएपछि यदुनाथलाई पेसाका हिसाबले अङ्ग्रेजीमा एम. ए. गरेमा काम पाइने सम्भावना बढी भएजस्तो लाग्यो । यसरी आफ्नो शिक्षायात्रामा धेरैपल्ट बाटो बिलायो कि जस्तो अनुभव भयो र यदुनाथले १९९७ मा शारदा नामक साहित्यिक पत्रिकामा **बाटो बिलायो** शीर्षकको निबन्ध छपाए (आचार्य ; २०५९:१६) ।

यदुनाथ खनालको अर्को फुटकर प्रकाशित निबन्ध हो **–कठोरता** । एउटा बघिनीको कठोरताप्रति भावनात्मक अभिव्यक्ति प्रस्तुत गर्दै बघिनीको कठोरताले नबनाउने बरु सधैँ भत्काउने निष्कर्ष प्रस्तुत गरेका छन् । कठोरता सृष्टिको नियमको प्रतिकूल र नम्रताअनुकूल रहेको देखाउनु यस निबन्धको अभिप्राय रहेको छ ।

यदुनाथ खनालको अर्को फुटकर निबन्ध **नारी जीवन**मा बाहिरी जगत्का नारीजस्तै नेपाली नारीहरूले पनि नचाहिँदा सामाजिक बन्धनलाई तोडी प्रगतिशील पथमा लाग्नुपर्छ भनी नेपाली नारीप्रति आग्रह गरिएको छ (मिश्र; २०४५ :३२६) । एकातिर यदुनाथका प्रस्तुत निबन्धमा नारीहरूले हिन्दूसमाजमा सामाजिक मर्यादापालनलाई यथावत् राखी आफ्नो समाजमा प्रतिकूल असर नपर्ने गरी जीवनको विकास र उत्थान गर्न सकिन्छ भन्ने चिन्तन प्रस्तुत छ भने अर्कातिर मानिसका लागि केही मात्रामा बाहिरी नियन्त्रणले शारीरिक तथा मानसिक ठूलो हानी गर्दछ भन्ने कुरामा विशेष जोड दिएको पाइन्छ ।

नेपाली गद्य सङ्ग्रहमा सङ्ग्रहित **ऐतिहासिक दृष्टिकोण** नेपालको सांस्कृतिक चित्र उतारिएको चिन्तनमूलक निबन्ध हो भने **स्वावलम्बन एक अनुभव** शीर्षकमा आत्मपरक शैलीमा आफूले सिकेका स्वावलम्बनका पाठहरू एवम् बिताएका स्वावलम्बी क्षणहरूको चर्चा गरिएको छ । वास्तवमा यदुनाथ खनालले धेरै निबन्धात्मक लेखहरू लेखेका छैनन् तर जति लेखेका छन्, सबै उच्च गुणस्तरयुक्त छन् । निबन्धकार यदुनाथ खनालको प्रस्तुत निबन्धात्मक अध्ययन ज्यादै छिपछिपे तहको रहेको छ । यदुनाथका यी निबन्धहरूको सूक्ष्म अध्ययन गर्ने हो भने श्रमिक, नारी र बेसहारा वर्गप्रति सहानुभूति दृष्टि, अमानवीय शोषण र ढोँगी प्रवृत्तिको विरोध, सामाजिक कुरीति र विसङ्गत विचारप्रति व्यङ्ग्य, प्रकृतितिरको उन्मुखता, स्वच्छन्दतावादी चेत, राष्ट्र पुकार, निर्माणमुखी सङ्कल्प, जागरणमुखी धारणा तथा भावनात्मक अभिव्यक्तिजस्ता प्रवृत्तिहरूलाई केन्द्रमा राखेर अनेकौँ कोणबाट निरूपण गर्न सकिन्छ । उनले दोस्रो र तेस्रो चरणमा पनि निबन्धात्मक कृतिहरू सिर्जना गरेका छन् । तर उनको मुख्य निबन्धात्मक समयावधिक क्षेत्र भने यही चरण बनेकाले यसलाई निबन्धकेन्द्रित चरण स्विकारिएको छ ।

### ३.१.२ दोस्रो चरणः समालोचनाकेन्द्रित लेखन

यदुनाथ खनालको लगभग तीन दशक लामो यस चरणको लेखनीगत आलोक मूलतः समालोचनात्मक चिन्तनमा फिँजिएर रहेको छ । उनको साहित्ययात्राको यस मोडलाई जन्माउने कृति **समालोचनाको सिद्धान्त** (२००३) हो । १९९९ सालमा त्रिचन्द्र कलेजमा पढाउन थालेको केही वर्षपछि उनले बी. ए. तहको नेपाली पाठ्यक्रममा राख्न उचित हुने तबरले नेपाली भाषा प्रकाशिनी समितिको उत्प्रेरणामा पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्याताका आधारमा नेपाली समालोचनापरम्पराकै पहिलो सैद्धान्तिक समालोचनाको कृति **समालोचनाको सिद्धान्त** (२००३) प्रकाशमा ल्याएका हुन् । समालोचनाको निश्चित मानदण्ड तयार नभइसकेको उक्त समयमा नेपाली माध्यमबाटै समालोचनाको सिद्धान्तहरूबाट परिचित हुन र नेपाली समालोचनालाई प्रोत्साहित गर्न **समालोचनाको सिद्धान्त** कृतिको प्रकाशन निकै सहायक सिद्ध हुन गयो । यही पुस्तकको प्रकाशनपछि यदुनाथ साहित्यका प्रखर र आधिकारिक चिन्तकका रूपमा स्थापित भएका हुन् ।

यदुनाथ खनालको समीक्षात्मक लेखहरूको अर्को सँगालो **साहित्यिक चर्चा** २०३४ सालमा पहिलोपल्ट पुस्तकाकाररूपमा प्रकाशनमा आएको हो तर यस कृतिमा सङ्ग्रहित सबै समीक्षात्मक लेखहरू बीस वर्षभन्दा पनि बढी समयको अवधिभित्र विभिन्न समयमा लेखिई विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशनमा आइसकेका हुन् । र फुटकररूपमा प्रकाशित ती लेखहरूले २०३४ सालमा पुस्तकाकारस्वरूप मात्र प्राप्त गरेका हुन् । यसैकारण यस कृतिको पुस्तकाकारस्वरूपले प्राप्त गर्ने महत्व विभिन्न पत्र पत्रिकामा पहिले नै प्रकाशित भइसकेका फुटकर लेखहरूले खण्डितरूपमै भए पनि निम्त्याइसकेका हुनाले यदुनाथ खनालको साहित्यिक लेखनीगत चरण विभाजनको यस मध्यम चरणको बिसौनी **सूक्तिसञ्चय** को प्रकाशन (२०३२) वर्षपूर्व गरिएको हो ।

यदुनाथ खनालको दोस्रो समालोचना कृति **साहित्यिक चर्चा** मा सम्मिलित अठार पाठहरू **रूपरेखा, मधुपर्क, शारदा, इन्दु, नेपाली, भानु, रमझम** लगायतका पत्रिकाहरूमा विभिन्न समयमा प्रकाशित भएका हुन् । उपर्युक्त समीक्षात्मक लेखहरूमा साहित्यिक अध्ययनका स्रष्टापरक समालोचना, कृतिपरक समालोचना र प्रकृतिपरक समालोचना गरी तीन केन्द्र निर्धारित भएको पाइन्छ । जसमध्ये स्रष्टापरक समालोचनाअन्तर्गत **पण्डितराज सोमनाथलाई फर्केर हेर्दा, हरिनाथ खनाल : एक परिचय, लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूल धार, लक्ष्मीप्रसाद देवकोटा–एक अधुरो संस्मरण, सिद्धिचरण श्रेष्ठ – एक चित्रण, कवि भूपिशेरचन र उनका कविता र कवि म.वी. वि. शाह** पर्दछन् भने कृतिपरक समालोचनअन्तर्गत **नेपाली साहित्यमा प्रयोग र परम्परा : आगो र पानी, सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा, कवितामा बौद्धिकताको प्रयोग : हिउँ : एक आधुनिक इङ्गलिश कविता, तरुण – तपसी – एक दृष्टिकोण, बौद्धिकताको प्रयोग – आगो र पानी र यौटा सत्य कथा म भन्छु** पर्दछन् ।

त्यस्तै प्रकृतिपरक समालोचनाअन्तर्गत **नेपाली साहित्य एक सिंहावलोकन**, **नेपाली साहित्यमा आलोचनाको अवस्था : एक दृष्टिकोण**, **नेपाली साहित्यका केही समस्या** र **नेपाली साहित्मा चिन्तनको बटुलबाटुल** पर्दछन् ।

समालोचक यदुनाथ खनालले आफ्ना विचारहरूको तार्किक एवम् बौद्धिक प्रस्तुति गर्ने गर्दछन् । अङ्ग्रेजी साहित्यका विद्वान् भए तापनि हिन्दू संस्कृतिका आदर्शमा आस्थावान खनाल साहित्यमा नैतिकता र बौद्धिकताको पक्ष लिन्छन् । यदुनाथ खनाललाई सूक्तिसिन्धुको समीक्षाले समालोचक रामकृष्ण शर्माका प्रतिपक्षी समालोचक बनायो भने पण्डितराज सोमनाथ बारेको समीक्षाले नयराज पन्तका प्रतिपक्षी समालोचक बनायो ।

समालोचक यदुनाथ खनालले **आगो र पानी**को समीक्षा गर्ने क्रममा सूक्तिसिन्धुको चर्चा यसप्रकार गरेका छन् :-

“शृङ्गार रसको विरोध नगरीकन पनि त्यस पुस्तकका विभिन्न कवितामा व्यक्त गरिएका भावहरूको तुच्छता, मानवताको तिरस्कार र दासत्वको स्तुतिको आधारमा सूक्तिसिन्धुलाई नेपाली साहित्यको कालचक्रमा मधयरात भन्न सकिन्छ” (खनाल; २०४९[ख]:४५) ।

**सूक्तिसिन्धु** कविता सङ्ग्रहका बारेमा यदुनाथ खनालका यस्ता टिप्पणीहरू प्रकाशित भएपछि रामकृष्ण शर्माले **सूक्तिसिन्धु** एक स्वतन्त्र दृष्टिकोण शीर्षकको लेख प्रकाशित गरी सूक्तिसिन्धु स्वतन्त्र दृष्टिकोणले युक्त क्रान्तिकारी कविता भएको धारणा अगाडि सारे । सूक्तिसिन्धुका बारेमा रामकृष्ण शर्माले यदुनाथ खनाललाई दिएको जबाफस्वरूप यस्तो दृष्टिकोण सार्वजनिक भएको थियो । यो लेखपछि फेरि यदुनाथ खनालले रामकृष्ण शर्मालाई प्रतिउत्तर दिँदै आफ्नो थप दृष्टिकोण **सूक्तिसिन्धुको मूल्याङकनको खोजमा** शीर्षकको लेख लेखेर अझ स्पष्टसँग प्रस्तुत गरे । यो लेख प्रकाशमा आएपछि फेरि रामकृष्ण शर्माको अर्को प्रत्युत्तरात्मक लेख **सूक्तिसिन्धु – थप कुरा** (नेपाली, पूर्णाङ्क ८-२०१८) देखापर्दछ र यसपछि दुवै समालोचक यदुनाथ खनाल र रामकृष्ण शर्माबीचको तार्किक बहसलाई नेपाली समालोचनाको परम्परामा महत्त्वपूर्ण घटनाका रूपमा लिइन्छ ।

यदुनाथ खनालको समालोचनात्मक प्रस्फुटनको सबैभन्दा उर्वर वर्ष २०१७ साल बनेर देखापरेको छ । यसै साल भएको रामकृष्ण शर्मासँगको समीक्षात्मक झडपले यदुनाथलाई थप उचाइमा पुऱ्याएको हो भने **नेपाली साहित्यका केही समस्या**, **नेपाली साहित्यमा प्रयोग र परम्पराः आगो र पानी**, **कवितामा बौद्धिकताको प्रयोगः हिउँः एक आधुनिक इङ्ग्लिश कविता**, **तरुण-तपसी- एक दृष्टिकोण**, **बौद्धिकताको प्रयोगः आगो र पानी**, **यौटा सत्य कथा म भन्छु** लगायताका थुप्रै समीक्षात्मक

लेखहरू यसै साल प्रकाशनमा आएका हुन् । यसकारण २०१७ साल समालोचक खनालका निम्ति स्वर्णिम साल सिद्ध भएको छ ।

असङ्ख्य सूचना सम्प्रेषण गर्दै विशेषतः स्वच्छन्दतावादी साहित्यको समीक्षा गर्न रुचाउने र समीक्षामा प्रभाववादी चिन्तनसमेत प्रस्तुत गर्ने यदुनाथ खनाल बौद्धिक र दार्शनिक गहिराई भएका नीतिवादी एवम् आदर्शवादी समालोचक हुन् । गुण र दोषको सन्तुलित निरूपण गर्दै गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनुपर्छ भन्ने खनालले आफ्ना समीक्षाहरूमा तुलनालाई मुख्य आधार बनाउँदै स्पष्ट र स्तरीय भाषामा समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्ने प्रयास गर्दछन् । यदुनाथ खनालको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भने पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारमा पहिलो पल्ट नेपाली समालोचनाको मानदण्ड तयार पार्नु रहेको छ । यदुनाथले लेखनीको पहिलो र तेस्रो चरणमा पनि समीक्षात्मक लेखहरू नलेखेका होइनन् ; तर उनका मुख्य समीक्षात्मक समयावधि यही चरण भएकाले यसलाई समालोचनात्मक आलोकको चरण स्विकारिएको हो ।

## ३.१.३. तेस्रो चरण : कविताकेन्द्रित लेखन

यदुनाथ खनालको लगभग तीन दशक लामो यस चरणको लेखनीगत आलोक मूलतः कवितात्मक सिर्जनामा फिँजिएर रहेको छ । यदुनाथको साहित्ययात्राको यस मोडलाई जन्माउने कृति **सूक्तिसञ्चय** (२०३२) कवितासङ्ग्रह हो भने यस चरणका कविताहरूको प्रतिनिधित्व गर्ने पुस्तकाकार कृतिहरूमा **सूक्तिसञ्चय** (२०३२) का साथै **नेपाली भामिनीविलास** (२०५५) रहेका छन् ।

**सूक्तिसञ्चय** (२०३२) केही मौलिक र केही विविध अन्य भाषाहरूबाट संस्कृतमा अनुवाद गरिएका कविताहरूको सङ्कलन हो । **सूक्तिसञ्चय**का कूल तीसवटा कविताहरूलाई यदुनाथले मौलिक भाग र अनुवाद भाग गरी दुई भागमा विभाजन गरेका छन् । यीमध्ये मौलिक भागअन्तर्गत २० वटा मौलिक कविताहरू रहेका छन् भने बाँकी १० वटा अनुवादित कविताहरू अनुवाद भागमा राखिएका छन् । यस सङ्ग्रहका मौलिक कविताहरूमध्ये धेरै आफ्ना प्रिय व्यक्तिप्रति समर्पित रहेका छन् । यस्ता व्यक्तिहरूमा पण्डितराज सोमनाथ, जीवन सङ्गिनी कमला, योगी नरहरिनाथ, राजा महेन्द्र, वैयाकरण टेकनाथ पौडेल, चिन्तामणि देशमुख, कृष्णप्रसाद घिमिरे, गणेशप्रसाद गौतमलगायतका रहेका छन् । त्यस्तै यस सङ्ग्रहका केही कविताहरू पत्रप्रकृतिका, केही समयचक्रसँग सम्बन्धित, केही भावनात्मक विषयसँग सम्बन्धित एवम् केही अन्य विषयमा लेखिएका छन् । यस सङ्ग्रहका अनुदित कविताहरूमध्ये विलियस वल्टर येट्स, विलफ्रेड ओवेन, रबर्ट फ्रस्ट, क्युँवो यो, डब्ल्यु यच अडेन लगायतका विदेशी कविका कविताहरू रहेका छन् । यस सङ्ग्रहका केही अनुदित कविताहरू जहाज दुर्घटनामा रहस्यमय मृत्युवरण गर्न पुगेका तत्कालीन संयुक्त राष्ट्र सङ्घका महासचिव ड्याग हामरशोल्डप्रति समर्पित रहेका छन् ।

**नेपालीभामिनीविलास** (२०५५) पण्डितराज जगन्नाथको संस्कृत भामिनीविलासको समश्लोकी समच्छन्दी नेपाली अनुवाद हो । संस्कृत **भामिनीविलास** जगन्नाथद्वारा रचित जागृतरूपमा काव्य र काव्यशास्त्रका बीच साँघुरो धारमा रचिएको ग्रन्थ हो । **भामिनीविलास** आफ्नै खालको क्लिष्ट कोषकाव्य हो, जसमा छन्दलगायत अनेक शब्दालङ्कार, अर्थालङ्कार र रसको कोष नै छ । यस्तो संस्कृत साहित्यकै उत्कृष्ट काव्यको समश्लोकी-समच्छन्दी नेपाली अनुवाद गर्नु सानो कुरा होइन, जुन यदुनाथबाट सफलतापूर्वक सम्पन्न भयो । जनमानसलाई छुन सकेका भानुभक्तको रामायण र शुम्भुप्रसादको **जान्छिन् आज शकुन्तला घर भनी** जस्ता अनुवाद एकातिर र राम्रा भए पनि त्यसरी जनमानसलाई छुन नसकेका लेखनाथको गीता र कोमलनाथका केही काव्यका अनुवादहरू अर्कातर्फ राखी विचार गर्दा अनुवादकर्तामा नै सहज गुण चाहिने देखिन्छ । यदुनाथको यस अनुवादमा संस्कृत शब्द बहुल पर्न गएका छन्, जसले पाठकलाई विकर्षण गर्न सक्छ ।

यदुनाथ खनालको साहित्यिक लेखनीको तेस्रो चरणले उनलाई नेपाली, संस्कृत र अङ्ग्रेजी तीनै भाषामा थप पहुँच भएका विद्वान् सिद्ध गरेको छ । उनले आफ्ना कवितामा एकातिर अङ्ग्रेजीबाट संस्कृत र संस्कृतबाट नेपालीमा कवितात्मक अनुवाद गरेका छन् भने अर्कातिर संस्कृत भाषामा थुप्रै मौलिक कविताहरूसमेत रचेका छन् । यदुनाथको जीवनको उत्तरार्धमा अवश्य पनि संस्कृत भाषा एवम् संस्कृति हावी भएको देखिन्छ । तर कवितामा उनी नेपाली, संस्कृत र अङ्ग्रेजी भाषाका बलिया सम्बन्ध सेतु बनेका छन्; सबैले श्रद्धा गर्नुपर्ने पुल ।

## ३.२ जीवनी र कृतित्वको अन्तःसम्बन्ध

वि.सं.१९८८ पछिका वर्षहरूमा साहित्यलेखन तथा १९९९ पछिका वर्षहरूमा समालोचना लेखनतर्फ क्रियाशील यदुनाथ खनालका साहित्य तथा समालोचना फाँटमा नेपाली तथा संस्कृत भाषामा लेखिएका **समालोचनाको सिद्धान्त** (२००३), **सूक्तिसञ्चय** (२०३२), **साहित्यिक चर्चा** (२०३४) र **नेपाली भामिनीविलास** (२०५५) गरी चार पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् भने थुप्रै फुटकर निबन्ध तथा समालोचनाहरू विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा छरिएर रहेका छन् । खनालको जीवनीका निम्नलिखित खास-खास पक्ष/सन्दर्भहरूले उनका उपर्युल्लिखित कृतिहरूका कृतित्वमा निम्नलिखित किसिमको विशेष प्रभाव पारेका छन्:

### ३.२.१ अनुवंशले पारेको प्रभाव

यदुनाथ खनालको साहित्यिक तथा समालोचकीय प्रतिभाको निर्माणमा उनका आनुवंशिक संस्कारको उल्लेखनीय प्रभाव परेको छ । उनका पिता मानुङ गाउँका संस्कृत वाङ्मयका प्रसिद्ध विद्वान् नरनाथको विवाह आदिकवि भानुभक्त आचार्य (१८७१-१९२५) जन्मेकै आचार्यवंशकी दश वर्षकी कन्या

तारादेवीसित भएको थियो भने उनका जेठा दाजु हरिनाथ पनि तत्कालीन समयका पूर्वजहरू (खासगरी बुबा र आमा) र वंशजहरू  (खासगरी दाजुहरू) मा छरिएर रहेको प्रतिभाको एकमुष्टस्वरूप उनमा देखापरेको हो ।

## ३.२.२ पारिवारिक पृष्ठभूमिले पारेको प्रभाव

पारिवारिकरूपमा बाबुको पाण्डित्य र शिक्षाप्रेमबाटै यदुनाथमा सुरुमा संस्कृत साहित्यतर्फको रुचि बढेर गएको हो । 'खनाल वंशमा शिक्षा फाप्तैन' भन्ने कठोर अन्धविश्वासलाई चिर्दै यदुनाथका पिता नरनाथले नेपालका कास्की, काठमाडौं आदि विद्याकेन्द्रहरूमा गएर संस्कृतको शिक्षा लिएका थिए । यदुनाथका मनोरचनामा विद्वान् बाबुका आस्तिक आदर्शवादी विचार एवम् आर्यसंस्कृति र संस्कारको प्रभाव बालककालमै बस्न गयो र त्यसको साहित्यिक अभिव्यक्ति उनका रचना बारम्बार हुँदै आयो । आचार्य वंशमा जन्मेकी आमा तारादेवीले र पितासमानका प्राज्ञ दाजु हरिनाथले यदुनाथको साहित्यिक मन कोपिलाउनमा थप उत्प्रेरण प्रदान गरे । यदुनाथको सम्पूर्ण प्रारम्भिक तथा उच्च शिक्षाका लागि अनुकूल पारिवारिक वातावरण मूलतः दाजु हरिनाथबाट मिलयो । निकै लामो समयसम्म त्रिचन्द्र-कलेजमा प्राध्यापन सेवामा कार्यरत रहँदा नेपाली भाषामा प्रशस्त रचनाहरू प्रकाशित गर्ने दाजु हरिनाथबाट यदुनाथले सिकेको सबैभन्दा बहुमूल्य पाठ स्वावलम्बन हो । यदुनाथलाई अङ्ग्रेजी शिक्षा आदान हुनुमा दाजु हरिनाथका मित्र नेत्रनाथ सिग्द्यालको सल्लाहले ठूलो भूमिका खेल्यो भने गुरु पण्डितराज सोमनाथ सिग्द्याल र महाकवि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक प्रभाव उनमा प्रशस्त पऱ्यो । उच्च शिक्षार्जन गर्ने क्रममा आफूलाई पुग्ने किसिमले छात्रवृत्ति पाउँदै गरेका तथा विविध प्रतिकूल अवस्था सिर्जना भई छात्रवृत्ति रोकिएका बेला दाजु हरिनाथबाट आर्थिक सहयोग पाएकाले उनले आर्थिक सङ्कट बेहोर्नु परेन ; फलतः स्वस्फूर्त एवम् स्वतन्त्ररूपमा साहित्यिक वातावरण सिर्जना गर्न पाए र मृत्युपर्यन्तसम्म साहित्य साधनामा निष्ठापूर्ण तरिकाले लागि रहे ।

## ३.२.३ शिक्षाको प्रभाव

यदुनाथ खनालले धेरै संस्कृत र अङ्ग्रेजी एवम् केही विज्ञान पढेर र विशेषत : स्वाध्यायनबाटै आफ्नो व्यक्तित्व-निर्माण गरेका थिए । उनका साहित्यिक तथा समीक्षात्मक रचनाहरूमा यी विभिन्न भाषिक स्रोत र विषय स्रोतबाट उनले आर्जन गरेका ज्ञानको प्रभाव फेला पार्न सकिन्छ । खासगरी उनले गरेको संस्कृत तथा अङ्ग्रेजी भाषासाहित्यको व्यापक अध्ययनले उनलाई पूर्वीय र पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपाली समालोचनापरम्पराकै पहिलो सैद्धान्तिक समालोचक एवम् उत्कृष्ट कवि तथा अनुवादक बनायो भने उनले गरेको विज्ञानतर्फको बी.एस्सी. सम्मको अध्ययनले समालोचनामा वैज्ञानिक तथ्यको भरपूर प्रयोग गर्ने समालोचक व्यक्तित्वको निर्माणमा पनि उल्लेखनीय प्रभाव पाऱ्यो ।

### ३.२.४ पेसागत प्रभाव

यदुनाथ खनालको जीविकोपार्जनका मूल पेसा प्राध्यापन, प्रशासन र कूटनीति रहेका छन् उनी प्राध्यापन पेसामा लागिरहँदा भाषिक अभिव्यक्तिमा प्रशस्त विकास हुन गई उनको साहित्यक तथा समालोचकीय अभिव्यक्ति क्षमता सबल र प्रभावकारी बन्यो भने उनको प्रशासन तथा कूटनीतिका क्षेत्रमा पेसागत संलग्नता रहँदा अङ्ग्रेजी भाषाको सानिध्यता तथा व्यापक प्रयोगका कारण अन्ताराष्ट्रिय साहित्यप्रतिको संलग्नता थप बढेर गयो ; जसका कारण सबल संस्कृत पृष्ठभूमि भएको परिवारबाट आएका यदुनाथबाट पूर्वीय र पाश्चात्य साहित्यशास्त्रको पुलस्वरूप नेपाली भाषालाई प्रयोगमा ल्याउन सम्भव भयो; त्यस्तै संस्कृत भाषाबाट नेपाली भाषामा र अङ्ग्रजी भाषाबाट संस्कृत भाषामा काव्यात्मक अनुवाद सम्भव भयो । यसैकारण उनका समालोचना तथा साहित्यमा पूर्वीय तथा पाश्चात्य काव्यशास्त्रीय सौन्दर्य तत्त्वहरू प्रशस्त मात्रामा प्रयोगमा आएका पाइन्छन् ।

### ३.२.५ राष्ट्रिय –अन्ताराष्ट्रिय परिवेशबाट परेको प्रभाव

यदुनाथ खनालले राणाशासनावधिमा अध्ययन पूरा गरी प्राध्यापन पेसा अँगालेका हुने भने राणाशासन र पञ्चायती व्यवस्थाबीचको छोटो प्रजातन्त्रावधिमा प्रशासननिक तथा कूटनीतिक फाँटमा प्रवेश गरेका हुन् । त्यस्तै पञ्चायती व्यवस्थाको प्रारम्भपछि कूटनीतिक जिम्मेवार पदहरू बहन गरी यसतर्फको अति व्यस्त जीवन बिताउन थालेका हुन् । यसप्रकार यदुनाथ गैरसाहित्यिक तीन पेसातर्फ आकृष्ट हुँदा नेपालमा तीन प्रकारका शासनव्यवस्था हावी थिए । यिनीहरूमध्ये दुई व्यवस्था कठोरता र एक व्यवस्था कोमलतामा विश्वास गर्दथे । अध्ययनका क्रममा पटना, कलकत्ताजस्ता अन्ताराष्ट्रिय ठाउँहरूमा पुगिसकेका यदुनाथ खनाल प्राध्यापन पेसामा समाहित भएका बेला 'बेलायती शैक्षिक चिन्तन र व्यवहार' विषयमा स्नातकोत्तर डिप्लोमा पढ्नका लागि बेलायत पुगेका थिए भने त्रि-चन्द्र कलेजका प्राध्यापकका हैसियतले प्रथम अफ्रो-एसियाली सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलका सदस्यसचिव भई बाङ्डुङ पुगे । वि.सं. २०१२ सालमा प्रशासनिक फाँटमा प्रवेश गरेका यदुनाथ खनाल आफू यस फाँटमा बहाल रहेका बेला अमेरिकाको ओरेगन विश्वविद्यालय, संयुक्त राष्ट्रसङ्घका विभिन्न समम्मेलनमा भाग लिने क्रममा विभिन्न युरोपीय मुलुकहरू, परराष्ट्रसचिवका नाताले अमेरिका, चीन, भारतलगायतका मुलुकहरूको भ्रमण गरेक ाथिए भने भारत, अमेरिका र चीनका लागि नेपाली राजदूत रहँदाका सम्पूर्णअवधि यिनै देशहरूमा नै बिताएका थिए ।

यदुनाथ खनालको लेखनीमा उपर्युल्लिखित राष्ट्रिय तथा अन्ताराष्ट्रिय परिवेशले उल्लेख्य प्रभाव पारेकै छ । उनले संस्कृतमा लेखेका मौलिक तथा अनुवादित कविताहरूमध्ये केहीमा प्रसिद्ध अङ्ग्रेजी

स्वच्छन्दतावादी कवि शेली, अमेरिकी राष्ट्रपति निक्सन, भारतीय अर्थशास्त्री चिन्तामणि देशमुख, विलियम बट्लर येट्स, विल्फ्रेड ओवेन, भूतपूर्व संयुक्त राष्ट्रसङ्घीय महासचिव ड्याग ह्यामरशोल्ड, रवर्ट फ्रष्ट, चीनका क्रान्ति नेता मउच नुङ, डब्ल्यु.एच. अडेनलगायतका अन्ताराष्ट्रिय व्यक्तित्वहरूका प्रसङ्गहरू प्रशस्त उल्लिखित छन् भने देशमा विद्यमान सहिदकाण्ड, पदीय खिचातानीको अवस्था, आफन्तहरूको मृत्यु, शोषणजस्ता परिवेशहरूले उनको साहित्यिक लेखनीमा प्रभाव पारेकै पाइन्छ । २००९-१० सालमा बेलायत गई लण्डन विश्वविद्यालयबाट 'बेलायती शैक्षिक चिन्तन र व्यवहार' विषयमा स्नातकोत्तर डिप्लोमा पढेर फर्केपछि यदुनाथलाई आफ्नो दृष्टिकोण र अध्ययनमा निकै नै व्यापकता थपिएको अनुभव भयो । २०१२ सालदेखिको प्रशासनिक व्यस्तता एवम् २०१९ सालदेखिको कूटनीतिक व्यस्तताले यदुनाथको लेखनीमा परिमाण होइन, गुणात्मकता थप्तै लग्यो । यसरी यदुनाथले कताकति समीक्षात्मक लेख, निबन्ध एवम् कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा छपाउँदै गए; फलस्वरूप उनले परिष्कृत एवम् गुणस्तरयुक्त लेखकका रूपमा प्रसिद्धि पाए ।

# नेपाली समालोचनाको काल विभाजन र समालोचक यदुनाथ खनालको स्थान

## ४.१ नेपाली समालोचनाको काल विभाजन

समालोचना सृजनात्मक साहित्यको पश्चवर्ती हुन्छ र सृजनात्मक साहित्यको सृजना भइसकेपछि मात्र त्यसको कसीका रूपमा समालोचना लेखिन थाल्छ । समालोचक यदुनाथ खनालका शब्दमा भन्ने हो भने स्रष्टाले आलोचना क्षेत्रमा पनि आधार बनाएपछि मात्र आलोचकले लेख्न थाल्छ ( खनाल; २०४९[क]: ३५) । नेपाली समालोचनाको परम्परा त्यति लामो छैन । साहित्यका विधाहरूको पहिचान र तिनको सचेत लेखन आरम्भ भएको समय छोटो रहेजस्तै समालोचनाको समय छोटो रहनु पनि त्यति अनौठो कुरा होइन (सुवेदी;२०६१: ७२) । नेपाली साहित्यका कवितादि विधाहरूको आधुनिकस्वरूप र तिनको सचेत विधागत अवधारणको विकास लगभग सात–आठ दशकको उमेरमा हिँडिरहेको छ । यस्ता सृजनात्मक साहित्यको अनुवर्ती विधा समालोचनाको सचेत ऐतिहासिक यात्रा पनि झण्डै सात - आठ दशकमा नै चल्दै छ । नेपाली समालोचनाको इतिहासमा अनेक समीक्षात्मक गुण बोकेको पहिलो कृति मोतीराम भट्टको **कवि भानुभक्तको जीवन चरित्र** नै हो, यद्यपि पृथ्वीनारायण शाहको **दिव्योपदेश**बाटै समालोचनाको केही आभास दिने असचेत प्रयास भएको पाइन्छ । काव्य, लोककथा, अनुवाद, नाटक आदि साहित्यिक विधामा पृथ्वीनारायण शाह, शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, भवानीदत्त पाण्डे, यदुनाथ पोखरेल, सुन्दरानन्द बाँडा, भानुभक्त आर्चाय आदिले प्रकट गरेका मूल्याङ्कन चेत नै नेपाली समालोचनाका पृष्ठभूमि हुन् । मोतीराम भट्टले **कवि भानुभक्तको जीवनचरित्र** (१९४८) का रूपमा समालोचनसम्बन्धी ग्रन्थनै नेपाली साहित्यलाई दिएर महत्त्वपूर्ण ऐतिहासिक गुन लगाएका छन् ।

नेपाली समालोचनाका समग्र इतिहासलाई मोटामोटी रूपमा तीन कालखण्डमा विभाजन गरिनु उपयुक्त हुन्छ । यी तीन खण्डलाई औचित्य र सान्दर्भिकताका आधारमा पृष्ठभूमि कालखण्ड, पूर्वआधुनिक कालखण्ड र आधुनिक कालखण्ड मान्नु उपयुक्त ठहर्छ । पृष्ठभूमि कालखण्ड मान्नुको औचित्य के हो भने विविध साहित्यिक विधाका प्रारम्भिक कृतिहरूमा अन्तर्निहित असचेत समालोचकीय टिप्पणीहरूलाई यहाँ पृष्ठभूमि कालखण्ड मानिएको छ । यस कालखण्डमा नेपालीमा साहित्यशास्त्रीय चिन्तनका प्रारम्भिक लक्षणहरू समेटिएका छन् । नेपाली समालोचनाको यो अवस्था मोतीराम भट्टको समालोचनासम्बन्धी कृति **कवि भानुभक्तको जीवनचरित्र** (१९४८) को प्रकाशन कालसम्ममात्र कायम रहन्छ । त्यसरी नै मोतीराम भट्टको प्रस्तुत कृतिको प्रकाशनपश्चात् र सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) पूर्वको समयलाई नेपाली समालोचनाको पूर्व आधुनिक

कालरखाण्डका रूपमा अध्ययन गरिनु समुचित ठहदर्छ । आधुनिक कालखण्डचाहिँ सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) देखि वर्तमानसम्मको कालावधि हो । यस कालखण्डलाई समालोचकीय विकासको गति र चिन्तन एवम् स्वरूपगत परिवर्तनका दृष्टिले जम्मा चारवटा समयखण्डमा विभाजन गर्न सकिन्छ । सं १९७९ देखि २००३ सम्मको समयावधि आधुनिक नेपाली समालोचनाको प्रथम चरण हो । यसै कालखण्डमा नेपाली समालोचनाले तात्विक सिद्धान्त प्राप्त गरेको छ । त्यसरी नै २००४ देखि २०१९ सालसम्मको समयावधि आधुनिक नेपाली समालोचनाको दोस्रो चरण हो । यस समयखण्डमा समाचोलनाले प्रवृत्तिका विविध आयाम र परम्पराका विविध क्षेत्रको स्थापना गरेको छ (सुवेदी ; २०६१: ७३) । त्यस्तै २०२० देखि २०४६ सालका अवधिमा निकै सचेतताका साथ स्थापित मूल्यहरूको निरन्तरता दिँदै पश्चिमी समालोचनाजगत्का विविध मूल्य र प्रविधिहरू नेपालीमा आविर्भूत भएका छन् । अनि २०४७ सालको जनआन्दोलनको केही अगाडि पछाडिको समयदेखि भाषाशैलीपरक, पाठालोचन, उत्तरआधुनिकतावादी मूल्य र पद्धतिहरूको विशिष्ट प्रयोगजस्ता प्रवृत्तिहरूले थप महत्त्व पाएकाले यो समयावधिलाई आधुनिक नेपाली समालोचनाको चौथो चरण मान्नु उपयुक्त ठहर्छ । नेपाली समालोचनाको कालविभाजनका उपर्युक्त सूचनाहरूलाई निष्कर्षस्वरूप निम्नानुसार अङ्कन गर्न सकिन्छ -

१. पृष्ठभूमि काल (सं. १९४८ पूर्व )

२. पूर्वआधुनिक काल (सं १९४८ देखि १९७८ सम्म)

३. आधुनिक काल (सं. १९७९ देखि हालसम्म)

क. पहिलो चरण : (सं. १९७९-२००३ )

ख) दोस्रो चरण ( सं २००४-२०२०)

ग) तेस्रो चरण (सं २०२१-२०४६)

घ) चौथो चरण (सं २०४७-हालसम्म)

### ४.१.१ पृष्ठभूमि काल

नेपाली समालोचनाको यो कालखण्ड मूलरूपमा विभिन्न साहित्यिक विधाहरूमा अन्तर्निहित द्रष्टामूलक चिन्तनको अनुगमन हो । समालोचनाको पृष्ठभूमिगत धरातल पूर्वीय समालोचनाका सैद्धान्तिक सूत्र र तिनका उदाहरणीय तथ्यहरू सङ्केतित भएर तयार भएको छ (सुवेदी ; २०६१: ७३) । समालोचक राजेन्द्र सुवेदीका अनुसार नेपाली समालोचनाको यस पृष्ठभूमिलाई प्राग्भूमिका रूपमा हेरिनु उपयुक्त हुन्छ । व्यावहारिक उपयोगिताका उपयोगी सामग्रीहरू जस्तै स्वास्थ्य, शिक्षा, धर्म, नीति आदिमा केन्द्रित अभिलेखी वाङ्मयकालको १५ औं शताब्दीदेखि १९ औं शताब्दीसम्मका सामग्रीमा भएका द्रष्टा चेतनाका बीजहरू नेपाली समालोचनाका प्राग्भूमि हुन् (सुवेदी ; २०६१: ७३) । पृथ्वीनारायण शाहको दिव्योपदेशमा पाइने ध्वनि र बिम्बचेत, स्थिति र मूल्यको आलोचनाचेत, शक्तिबल्लभ अर्याल र उदयानन्द अर्यालका रचनामा पाइने टिप्पणीचेत, यदुनाथ पोखरेल र भवानीदत्त पाण्डेका रचनामा पाइने द्रष्टाचेत, सुन्दरानन्द बाँडा र भानुभक्त आचार्यका रचनामा पाइने मूल्याङ्कनचेत नेपाली समालोचनाका प्राग्भूमि हुन् (सुवेदी ; २०६१: ७४) । यस समयावधिमा नेपाली शिक्षाप्रणाली तथा ज्ञानमात्र होइन, संस्कृतिको समेत आधारस्रोत संस्कृत नै भएको हुँदा जनमासनको सामाजिक-सांस्कृतिक मूल्य यसै भाषामा अवलम्बित थियो । त्यसैले यस बेलाका साहित्यिक कृतिहरूमा संस्कृतनिष्ठ द्रष्टाचेत पाइनु स्वाभाविक नै थियो ।

'पृष्ठभूमि काल' द्रष्टाचेतनाको भ्रूणावधि हो । यो विभिन्न व्यावहारिक एवम् साहित्यिक हेतुले लेखिएका कृतिहरूमा मूल्याङ्कनचेत जवर्जस्ती खोज्नुपर्ने अवधि हो । त्यसैले यस कालमा विधागत सचेतताको प्रसङ्ग नै अनुपयुक्त हुन्छ । स्वस्थ समालोचना त्यहाँ मात्र सम्भव हुन्छ, जहाँ साहित्यको जीवन निर्भीक र स्पष्ट हुन्छ । यस कालखण्डमा नेपाली साहित्य कुनै पनि कोणबाट सचेत र स्पष्ट थिएन । सापेक्षित रूपमा नेपाली साहित्यले मोतीराम भट्टलाई पाएपछि मात्र स्पष्टता एवम् विधागत सचेतता प्राप्त गरेको हो । यस 'पृष्ठभूमि काल' मा धेरै लेखकहरू संस्कृतस्रोतका कृतिहरूको अनुवाद गर्नपट्टि लागेका थिए भने केही लेखकहरू तिनीहरूको प्रभावमा परेर मौलिक कृतिसमेत लेखिरेहका थिए ।

पृथ्वीनारायण शाहको 'दिव्योपदेश' जीवनको अन्तिम अवस्थातिर प्रजाहरूलाई उपदेश दिने हेतुले भनिएको वक्तव्य हो । यस वक्तव्यमा परिस्थितिबोध, समयबोध, ध्वनि एवम् विम्बबोध प्रशस्त मात्रामा पाइन्छ । हालसम्म प्राप्त नेपालीकै पहिलो सुवानन्द दासद्वारा रचित 'पृथ्वीनारायण शाह' शीर्षकको कवितामा पृथ्वीनारायण शाहको वीरता, विजय र काशीयात्राको वर्णन गरिएको छ । यस

कवितामा नेपालको जीवन्त चित्र खिचिएको छ । यो कविता प्रशस्त द्रष्टाचेत भएको नेपालीको पहिलो कविता हो । शक्तिबल्लभ अर्यालको 'हास्यकदम्ब' नाटकमा तत्कालीन शासकीय व्यवस्था एवम् सामाजिक वातावरणको हास्यव्यङ्ग्यात्मक शैलीमा टिप्पणी गरिएको छ । हीनव्याकरणी विद्यापतिबाट रागहरूको शृङ्गारिक वर्णन गरिएको सातश्लोके कविता **सात राग** (१९८८) र नायिकाका विशेषतासित सम्बन्धित कविता सात नायिका (१९८८) मार्फत एवम् पतञ्जलि गजुऱ्याल (**१८८०-१९४४**) बाट **अनुनय पद्य, रसवर्णन** र **भानु परिचय** जस्ता कृतिमार्फत समालोचनाका केही आभास दिने असचेत प्रयास भएको देखिन्छ । राजीवलोचन जोशी यस कालखण्डका समीक्षा चेत भएका अर्का उल्लेख्य प्रतिभा हुन् । उनका कविताले हास्यव्यङ्ग्यात्मक पद्धतिद्वारा विकृति एवम् विसङ्गतिको लयात्मक उजागर गर्दछन् । **लक्ष्मी र पार्वती**का सम्वादात्मक पक्षमा शिव र विष्णुका आचरणका आलोचनात्मक टिप्पणीहरू समीक्षाचेतका उदाहरणहरू हुन् । यस कालखण्डका समीक्षाचेत भएका अरू उल्लेख्य स्रष्टा एवम् तिनका कृतिहरूमा भावनीदत्त पाण्डेको अनुदित नाटक **मुद्राराक्षस दर्शन** (**१८८० तिर**) सुन्दरानन्द बाँडाको **अध्ययात्म रामायण** (**१८९० तिर**), भानुदत्तको **रामशाहको जीवनी** वसन्त शर्माका **श्रीकृण्ण चरित्र** (१८८४) र **समुन्द्र लहरी** (१९०१), सन्त ज्ञानदिलदासको **उदय लहरी** (१९३४), भानुभक्तको **रामायण**, अज्ञात लेखकको **जङ्गबहादुरको बेलायत यात्रा** आदि रहेका छन् । प्राथमिक कालमै कविताका सन्दर्भमा शास्त्रीय समीक्षा गर्ने परम्पराको कवि हीनव्याकरणी विद्यापतिबाट थालनी भएको कुरा पुष्टि हुन्छ (सुवेदी; २०६१: ७७) । उपर्युक्त स्रष्टा एवम् तिनका कृतिमा प्राप्त द्रष्टाचेतले नै नेपाली समालोचनाको पृष्ठभूमि तयार गरेका हुन् । यसरी सामान्य रूपमा देखिएको समीक्षचेतबाट निर्माण भएको समालोचनाको पृष्ठभूमिगत आधारकै आधारमा मोतीराम भट्ट, राममणि आ.दी., कुलचन्द्र गौतमजस्ता समीक्षकहरू उदाएका हुन् ।

## ४.१.२ पूर्वआधुनिक काल

नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टको **कवि भानुभक्तको जीवन चरित्र** कृति प्रकाशनसँगै नेपाली समालोचनाको पूर्व आधुनिककाल सुरु हुन्छ । यस ग्रन्थमा भट्टले नेपालीका आदिकविका रूपमा प्रसिद्ध भानुभक्तको जीवनी, कवि व्यक्तित्व र कविताबारे जानकारी दिनुका साथै प्रारम्भिक रूपमा नै भए पनि आफ्ना श्रद्धेय कवि व्यक्तित्वको केही विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरे । यो नै स्पष्ट रूपमा समालोचना भन्न सकिने प्रथम गम्भीर कृति हो । यसैकारण मोतीराम भट्ट नेपाली समालोचनाका प्रवर्तकका रूपमा स्थापित भएका हुन् । उनी नेपालीका पहिला समालोचक भएकाले उनका सीमाहरू पनि स्पष्ट छन् । पहिलो कुरा मोतीरामका

समालोचना ग्रन्थमा भानुभक्तको कवि व्यक्तित्वको विवेचना र मूल्याङ्कन ज्यादै सतही छ । उनको समालोचना मूलतः प्रभावपरक, जीवनीपरक र प्रशंसापरक छ (कँडेल, २०५५:६) । उनको समालोचना समालोचनाभन्दा बढी भानुभक्तप्रति उनका मनमा उब्जेका श्रद्धाको अभिव्यक्ति बन्न गएको छ । यति हुँदाहुँदै पनि मोतीराम भट्टका भन्दा पहिले समालोचना भन्न सकिने कुनै सिङ्गो ग्रन्थ नेपालीमा नभएकाले **कवि भानुभक्तको जीवनचरित्र**ले अजेय ऐतिहासिक महत्त्व बोकेको छ ।

मोतीराम भट्टबाहेकका यस कालखण्डका अरू उल्लेख्य समीक्षकहरू वीरेन्द्रकेशरी अर्याल ( १९०८-१९८८), कुलचन्द्र गौतम (१९३२-२०१५), राममणि आ.दि (१९३९-१९२८), पहलमानसिंह स्वाँर (१९३५-१९९१), शम्भुप्रसाद ढुङ्गेल (१९४६-१९८६),चक्रपाणि चालिसे (१९४०-१९१५), सोमनाथ सिग्द्याल (१९४१-१९२९), पद्मनाभ सापकोटा (१९४८-१९७३) आदि रहेका छन् ।

नेपाली समालोचनाको पूर्वआधुनिक कालखण्डका महत्वपूर्ण प्रतिभा वीरेन्द्रंकेशरी अर्याल (१९०८-१९८८) सैद्धान्तिक समीक्षाशास्त्र लेखन प्रथम समीक्षकका रूपमा स्थापित व्यक्तित्व हुन् । सं १९६३ र १९६४ मा **सुन्दरी** पत्रिकामा प्रकाशित **बेसरी** शीर्षकमा लेखिएका सामग्री भाषा र व्याकरणका सम्बन्धमा समीक्षण गर्ने रचना हुन् ।

राममणि आ.दी.को **कविता रीति** शीर्षक लेख **माधवी** (१९६५) पत्रिकामा धाराबाहिक रूपमा छापिएको पाइन्छ । यो छन्द र अनुप्रास एवम् रचनाका शैलीका पक्षमा केन्द्रित भएर लेखिएको कृति हो (सुवेदी; २०६१: ८४) । उनको '**एक समीक्षा** (२०१५) शीर्षकको कृति पनि सौन्दर्यशास्त्रीय चिन्नतसँग सम्बद्ध सामग्री हो । दुवै कृतिले राममणि आ.दी.लाई यस कालखण्डका सचेत र शास्त्रविद् समीक्षकका रूपमा स्थापित गरेका छन् ।

कुलचन्द्र गौतम (१९३२-२०१५) नेपाली समालोचनाका शास्त्रीय परम्पराका प्रवर्तक मध्येकै साधक मानिन्छन् । **विद्वत् शिरोमणि** पदबाट सम्मानित गौतमको **अलङ्कार चन्द्रोदय** (**१९७५**) समीक्षाचेत भएको उल्लेख्य कृति हो । यो कृति चन्द्रशमशेरको गुणगान गर्ने उद्देश्यले लेखिएको भए पनि अलङ्कार ग्रन्थ हो (अधिकारी ; २०५१: ४२) ।

शम्भुप्रसाद ढुङ्गेलको भानुभक्तको कवित्वलाई उत्कर्ष ठहऱ्याएर लेखिएको **भानुभक्तको जीवन चरित्र** (**२०४९**) यस कालखण्डको महत्त्वपूर्ण समालोचनात्मक कृति हो । कवि, नाटककार, गजलकार, आख्यानकार र आख्यानेतर गद्यका क्षेत्रमा पनि बहुचर्चित बनेका बहुमुखी प्रतिभा ढुङ्गेलको समीक्षात्मक कृति धेरै पछिमात्र प्रकाशनमा आए पनि नेपाली साहित्यको क्षेत्रमा यसले गहन भूमिका खेलेको छ ( सुवेदी; २०६१: ८५) । उनको **कविताको फल** (१९७६) अर्को महत्त्वपूर्ण समालोचना हो ।

यस कालखण्डका समीक्षाचेत भएका अन्य कृतिहरूमा मोतीराम भट्टका '**अनुप्रास मञ्जरी, रसचन्द्रोदय वर्णन, कविताको सरजाम** एवम् **कवि र कविता वर्णन,** शिखरनाथ सुवेदीको **शृङ्गारदपर्ण,** पद्मनाथ सापकोटाको **जीवन चरित्र,** गोरखाली पत्रिकामा प्रकाशित लेख **मातृभाषा** एवम् **सूक्तिसिन्धु, ऋतुविचार, रामायण, सुन्दरकाण्ड** आदिका भूमिकालेख आदि उल्लेख्य रहेका छन् । यस कालखण्डमा प्रत्यक्ष-अप्रत्यक्ष जे जस्तो रूपमा भए पनि समालोचनाको विकासमा **गोरखापत्र** (१९५८), **गोर्खेखबर कागज** (१९५८), **सुन्दरी** (१९६३, **माधवी**, (१९६५), **गोर्खाली** (१९७२), **चन्द्र** (१९७४), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९) लगायतका पत्रपत्रिकारुले महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यस्तै **नेपाली भाषा प्रकाशिनी समिति**बाट प्रकाशित तथा व्यक्तिगत तहबाट प्रकाशित पुस्तकहरूका सम्पादकीय, भूमिका, मन्तव्यजस्ता लेखनबाट समीक्षण कार्यलाई थप सघाउ प्राप्त भएको कुरा सिद्ध हुन्छ । यतिखेर केही सैद्धान्तिक प्रकृतिका समालोचना लेखिएका भए तापनि धेरै व्यावहारिक प्रकृति समालोचना नै लेखिएका छन् । यतिखेरका समीक्षकहरू व्यक्तिगत रुचि-अरूचिअनुसार राम्रो नराम्रो निर्णय दिन, शासक तथा प्रभावकहरूको प्रशंसा गर्न एवम् दोषको वास्ता नै नगरी एकोहोरो गुणको मात्र बखान गर्नमै समय बिताएका छन् । प्रवृत्तिगत निष्कर्षका रूपमा यतिखेरका समालोचना प्रभावपरक, जीवनीपरक, प्रशंसापरक र आस्वादनमूलक छन् र तिनमा सौन्दर्यशास्त्रीय आधारमा गुणदोषको सन्तुलित विवेचना, निर्णय र मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको पाइँदैन ।

## ४.१.३ आधुनिक काल

नेपाली समालोचनाको आधुनिक कालको प्रारम्भ नीतिपरक समालोचनाबाट भएको हो । सूर्यविक्रम ज्ञवालीले लेखेको कवि धरणीधर कोइरालाको **नैवेद्य** कवितासङ्ग्रहमाथिको समालोचना **नैवेद्य समालोचना** (१९७९) शीर्षकको लेख आधुनिक समालोचनातर्फको प्रस्थानबिन्दुका रूपमा देखापरेको छ । तसर्थ सूर्यविक्रम ज्ञवाली नेपाली समालोचनाका क्षेत्रमा आधुनिकताको धरातल खडा गर्ने व्यक्तित्व बनेका छन् (सुवेदी ; २०६१ :९४) । यिनको **नैवेद्य समालोचना** (१९७९) को प्रकाशन सँगसँगै नेपाली समालोचनामा चिन्तनको आदर्शता, नीतिपरक प्रणालीमा परिपक्वता, विधागत धर्मको व्याख्या, भाषाको सुमधुरता, शैलीको सरलताजस्ता आधुनिक प्रविधिको युगारम्भ हुन्छ । यसप्रकार सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) बाट सुरु भएर हालसम्म नै विस्तारित भएको नेपाली समालोचनाको आधुनिक काललाई समयक्रमका हिसाबले निम्न चार समयखण्डमा विभाजन गर्नु उपयुक्त हुन्छ ।

## क) पहिलो चरण (१९७९–२००३)

आधुनिक नेपाली समालोचनाको पहिलो चरण सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) बाट थालिई २००३ सालसम्म कायम रहेको छ । यस अवधिमा नेपाली साहित्यको सिर्जनात्मक इतिहासलाई आधुनिक मार्ग स्वीकारेर समालोचनाको दिशा निर्धारण गरेको कुरा समीक्षाका उपलब्धिले पुष्टि गरेको पाइन्छ (सुवेदी ; २०६१ :९४) । नेपाली साहित्यका कवितादि विधाहरूले आधुनिक मूल्य प्राप्त गर्न थालेपछि समालोचकहरूले पनि आधुनिकताको मूल्य निर्धारण गर्ने र सर्जकहरूलाई सर्तक बनाउने कामको थालनी गरेका छन् । नेपाली समालोचकहरूले आधुनिकताको मूल्य पहिचान गर्न थालेपछि नै समालोचनामा आधुनिक काल भित्रिएको हो ।

यस चरणमा सूर्यविक्रम ज्ञवाली (१९५५-२०४२), बाबुराम आचार्य (१९४४-२०२९), पारसमणि प्रधान (१९५५-२०४९), लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६), यदुनाथ खनाल (१९७०-२०६१), रामकृष्ण शर्मा (१९७७-२०४३), रत्नध्वज जोशी (१९७३-२०४६) लगायतका समीक्षकहरूको स्थान उल्लेख्य बनेर देखापरेको छ । यस चरणमा नेपाली समालोचनाले शोधखोजपरक समालोचना लेखन, सौन्दर्यशास्त्रको सैद्धान्तिक लेखन र कृतिमूल्याङ्कनपरक समालोचनालेखनजस्ता तीनवटा धारको प्रतिष्ठा स्पष्ट रूपमा प्राप्त गरेको कुरा सिद्ध हुन आउँछ (सुवेदी ; २०६१ : ८८) ।

सूर्यविक्रम ज्ञवालीले धरणीधर कोइरालाको **नैवेद्य** कवितासङ्ग्रहमाथि **नैवेद्य समालोचना** (१९७९) लेखेर नेपाली समालोचनालाई नयाँ बाटोमा डोऱ्याएको कुराको चर्चा अगाडि भइसकेको छ । नीतिपरक मूल्यमा आधारित भएर कृतिहरूको समीक्षा गर्ने ज्ञवालीले मूलतः शोधखोज र ऐतिहासिक तत्त्वका सामग्रीको अन्वेषण गर्ने समालोचकका रूपमा आफूलाई स्थापित गरेका छन् । उनका अन्य समालोचनात्मक लेख, उनका सङ्कलनसम्पादनमा तयार भएका कृतिहरूको भूमिका र अरूका कृतिहरूमा लेखिएका भूमिकाहरूले पनि उनको समालोचकीय व्यक्तित्वलाई चिनाउँछन् । यस्ता रचनामा ' **भानुभक्तको जीवन चरित्र** (१९८४), **भानुभक्तीय रामायण**को भूमिका (१९९०), **नेपाली साहित्याकाशका दुई नयाँ तारा (शारदा,१९९३), लक्ष्मीपूजा** नाटकको समीक्षा (१९९४), **कथाकुसुम**को सम्पादकीय भूमिका (१९९४) **र** विश्वेश्वरप्रसाद कोइरालाको कथासङ्ग्रह **दोषी चस्मा** (२००६) को भूमिका उल्लेख्य छन् ।

बाबुराम आचार्य मूलतः इतिहासकार भए पनि नेपाली समालोचनामा उनको योगदान अविस्मरणीय छ । उनले **तुलनात्मक सुन्दरकाण्ड** (२००२) द्वारा नेपालीमा पहिलो पल्ट पुस्तकाकार रूपमै तुलनात्मक समालोचनाको गहकिलो नमुना प्रस्तुत गरेका छन् भने **पुराना कवि र कविता**

(२००३) द्वारा भानुभक्त आचार्य र रघुनाथ भट्टसम्म मात्र सीमित नेपाली कविताको इतिहासलाई निकै परसम्म पुऱ्याएका छन् (कँडेल ; २०५५: ञ) उनले पहिलोपल्ट नेपाली साहित्यको कालविभाजन गर्ने काम गरेका छन् । विधागत समालोचनाको थालनी गर्ने र ऐतिहासिक सचेतताका साथ नेपाली कवि एवम् कविताको अन्वेषण एवम् विश्लेषण गर्ने समालोचकका रूपमा उनको विशेष योगदान छ ( कँडेल; २०५५ : ञ) ।

नेपाली समालोचनाको आधुनिक कालखण्डको यस प्रथम चरणका उल्लेख्य समालोचक यदुनाथ खनाल नेपाली समालोचनाको इतिहासमै पहिलो सैद्धान्तिक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । वि.सं १९८८ सालपछिका समयमा लेखन क्षेत्रमा प्रवेश गरेका खनालका समालोचनाका क्षेत्रमा **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) गरी दुई पुस्तकाकार कृति प्रकाशित छन् । पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपालीमा लेखिएको सैद्धान्तिक समालोचनाको पहिलो एवम् गहकिलो पुस्तक नै खनालको **समालोचनाको सिद्धान्त** (२००३) हो । उनले व्यावहारिक समालोचनासम्बन्धी लेखहरू पनि प्रशस्त लेखेका छन् । उनका समालोचनामा तुलनात्मकता, निर्णयात्मकता, व्याख्यात्मकता, विश्लेषणात्मकता, प्रभावपरकता, नीतिपरकता, बैद्धिकता, सन्तुलितता जस्ता प्रवृत्तिगत विधिको प्रयोग गरिएको पाइन्छ । उनी समाजमा साहित्यको प्रभाव सकारात्मक हुनुपर्छ, साहित्यले समाजको पथप्रदर्शन गर्नाका साथै समाजलाई उन्नत स्तरमा उकाल्न सक्नुपर्छ भन्ने धारणा राख्ने प्रबल नीतिचेतना भएका समालोचक हुन् भन्ने कुरा सूक्तिसिन्धु सम्बन्धी उनका दृष्टिकोणबाट स्पष्ट हुन्छ ( कँडेल; २०५५ : ञ) ।

यस कालखण्डका अर्का उल्लेख्य प्रतिभा हुन्- रामकृष्ण शर्मा । नेपाली समालोचनामा पाश्चात्य प्रभावलाई भित्र्याउने, केही मात्रामा प्रभाववादी भए पनि आफ्ना भनाइलाई तार्किक-बौद्धिकरूपमा प्रस्तुत गर्ने, साहित्यिक कृति र कृतिकारका गुणदोषलाई, विशेष गरेर दोषलाई देखाउने र निर्भीक भएर निर्णय दिने स्पष्टवादी समालोचकका रूपमा उनको प्रसिद्धि छ (कँडेल; २०५५ :झ) । सं. १९९९ सालको शारदा पत्रिकामा 'अङ्ग्रेजी साहित्यको प्रभाव' शीर्षकमा एक लेख प्रकाशित भएपछि चर्चाको शिखरमा पुगेका रामकृष्ण शर्मा सूक्तिसिन्धुको समीक्षा गर्ने क्रममा समालोचक यदुनाथ खनालका प्रतिपक्षी बनेर उभिएका छन् ।

पारसमणि प्रधान स्रष्टाका प्राप्तिलाई र अप्राप्तिलाई आवश्यकताअनुसार सरल र मनोरम शैलीमा समीक्षाका माध्यमबाट प्रशंसा र आलोचना गर्ने साधकका रूपमा स्थापित भएका

छन् (सुवेदी;; २०६१ : १०७) । नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटालाई 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह' (१९९८) ले सबल द्रष्टाचेत भएका स्रष्टाका रूपमा स्थापित गरिदिएको छ । विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित देवकोटाका अधिकांश समीक्षात्मक लेखहरूको सम्पादन समालोचक राजेन्द्र सुवेदीबाट **स्रष्टा देवकोटाःद्रष्टा परिवेशमा**का रूपमा भइसकेको छ । निष्कर्षमा देवकोटा साहित्यमा सत्य, शिव र सौन्दर्य तत्त्व हुनुपर्छ भन्ने एवम् प्रकृति, मानव र ईश्वरको त्रिकोणात्मक सम्बन्धलाई रहस्यात्मक ढङ्गले उद्घाटन गर्ने आत्मसमीक्षक हुन् । यस कालखण्डका अर्का समालोचक रत्नध्वज जोशी मूलतः प्रभावपरक र आर्दशवादी समीक्षक हुन् । **छिद्रान्वेषक** छद्मनामबाट **साहित्यको पथमा** (१९९९) शीर्षक लेखमार्फत समालोचनाका क्षेत्रमा पहिलोपल्ट देखापरेका जोशीका २००२ सालमा **मानसालङ्कार** को प्रकाशनपछि झण्डै चारदशक पछाडिसम्म समालोचनात्मक कृतिहरू प्रकाशित भइरहेका पाइन्छन् ।

यस कालखण्डमा समालोचनात्मक लेखको प्रकाशन गरेर होस् वा अन्य तरिकाले होस् , गोर्खापत्र (१९५८), गोर्खा संसार (१९८३) , साहित्य सम्मेलन (१९८९), गोरखामित्र (१९८१) , शारदा (१९९२), नेबुला (१९९२, उदय (१९९२), उद्योग (१९९२), गोर्खा सेवक (१९९२) खोजी (१९९८) आदि पत्रपत्रिकाहरूले समालोचनाको विकासमा महत्त्वपूर्ण गुन लगाएका छन् ।

यस कालखण्डका समालोचनात्मक विशेषतालाई 'नेपाली समालोचनाः परम्परा र प्रवृत्ति' ग्रन्थका लेखक राजेन्द्र सुवेदीले निम्न बुँदाहरूमा समेटका छन् -

१. यस समयमा प्रायोगिक समीक्षा लेख्ने काम प्रशस्त भएको छ ।

२. शोधखोजमूलक आलोचनाको परम्परा पनि आरम्भ भएको छ ।

३. सौन्दर्यशास्त्रीय समीक्षा पद्धतिको स्थापना भएको छ ।

४. सैद्धान्तिक समीक्षाको परम्परा पनि आरम्भ भएको छ ।

५. समालोचनाका नवद्वार खुल्ने परम्परा आरम्भ भएको छ ।

६. भाषा, साहित्य, कला र संस्कृतिका मूल्यहरूको दिशा निर्धारण प्रक्रिया आरम्भ भएको छ ।

७. साहित्यका इतिहासलाई समय निर्धारण गरेर कालखण्डमा समायोजन गर्नुपर्ने आग्रह सङ्केत गर्ने प्रयत्न भएको छ ।

२००३ सालमा यदुनाथ खनालको कृति **समालोचनाको सिद्धान्त** प्रकाशित भएपछि एकातिर नेपाली समालोचनाको क्षेत्रमा एउटा गम्भीर मोडको स्थापना भयो भने अर्कातिर २००४ सालको आरम्भसँगै प्रकाशनमा आएको **साहित्य स्रोत** पत्रिका अत्यन्त प्रभावकारी र प्रबल भूमिका खेल्ने आधार स्तम्भ बनेर देखापऱ्यो । २००४ सालको जेठ महिनामा भएको राष्ट्रिय स्तरको साहित्य गोष्ठीमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले सभापतिको आसनबाट दिएको भाषण एवम् गोष्ठीको प्रतिबद्धताले नेपाली साहित्यमा गम्भीर प्रभाव पाऱ्यो जसबाट नेपाली समालोचना प्रभावित नहुने कुरै भएन । यस्ता विविध महत्त्वपूर्ण कारणहरूले नेपाली समालोचनको आधुनिक कालखण्डको प्रथम चरणको समाप्तिका साथै नयाँ चरणको निर्माण गरे ।

**ख. दोस्रो चरण (२००४–२०२०)**

नेपाली समालोचना साहित्यको इतिहासमा २००३ र २००४ सालका विविध साहित्यिक घटनावलीले आधुनिक कालको दोस्रो उठान गर्नुका साथै बहुविध समालोचना पद्धति र दिशाहरूको उद्घाटन गरिदिएका छन् । २००३ सालमा यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** र बाबुराम आचार्यको **पुराना कवि र कविताको** जुम्ल्याहा जन्म भएपछि समालोचना जगत्मा एकातिर पूर्वीय तथा पाश्चात्य सौन्दर्यशास्त्रीय चिन्तन परम्पराको स्थापना भयो भने अर्कातिर कालविभाजन र शोधखोज अन्वेषणपरक समालोचनाको भरपर्दो सुरुवात भयो । यस्ता दुई अजेय कृतिहरूले नयाँ उषाको मिर्मिरे उज्यालोलाई निम्त्याइसकेको पृष्ठाधारमा २००४ सालको आरम्भसँगै प्रकाशनमा आएको साहित्यस्रोत पत्रिकाले नेपाली समालोचनाको नयाँ विहानीको पर्दा स्पष्ट रूपमा उघारिदियो । २००४ सालको जेठ महिनामा भएको राष्ट्रिय स्तरको साहित्य गोष्ठीमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले सभापतिको आसनबाट दिएको भाषणद्वारा र हृदयचन्द्रसिंह प्रधानको लेखनद्वारा समालोचनामा यथार्थवादी चिन्तनको आविर्भाव भएको कुरा सहज, सम्वेदनशील र जनपक्षीय रूपमा प्रस्तुत भएका तथ्यहरू नयाँ दिशाको उद्घाटन तत्त्व भएर देखापरेका छन. (सुवेदी; २०६१ : १११) ।

कृष्णचन्द्रसिंह प्रधानद्वारा सम्पादित **साझा समालोचना** (२०२५), दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा लिखित **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), रविलाल अधिकारीद्वारा लिखित **नेपाली समालोचनाको रूपरेखा** (२०५१), घनश्याम कँडेलद्वारा सम्पादित **नेपाली समालोचना** (२०५५) लगायतका कृतिहरूमा प्रस्तुत शोधमा विभाजित दोस्रो चरणका समालोचकीय मूल्यहरूको उद्घाटन २००७ सालको जनक्रान्तिले गरेको कुरा स्वीकारिएको छ । २००७ सालले राजनीतिक क्रान्ति

गऱ्यो; साहित्यिक क्रान्ति होइन । २००७ सालले निम्त्याएको नयाँ राजनीतिक बिहानीको मूल्य नेपाली समालोचना साहित्यमा 'साहित्य स्रोत' पत्रिकाले २००४ सालमा नै निम्त्याइस्केको थियो । २००७ सालमा त ढुङ्गा चक्केको हो; उक्त ढुङ्गामा घन ठोक्ने विधिवत् आरम्भ २००४ सालबाटै भएको हो ।

वस्तु र प्रवृत्तिको प्रतिपादनका दृष्टिले समीक्षा २००३ सालपछि तीनवटा धारमा विभाजित भएको पाइन्छ (सुवेदी; २०६१ : १११); जस्तै :

पहिलो धार- भाषा, साहित्य, सांस्कृतिक विषयवस्तुको शोधखोज; अन्वेषण र तिनको उद्घाटन गर्ने धार;

दोस्रो धार- समालोचनाको सौन्दर्यशास्त्र प्रतिपादन गर्ने धार;

तेस्रो धार- चिन्तनपरक समालोचनाको धार ।

शोधखोज अन्वेषणपरक समालोचना परम्परालाई बाबुराम आचार्य र सूर्यविक्रम ज्ञवालीले आरम्भ गरेका हुन् । इतिहासका अन्धगर्तमा, समाजका अन्ध नेपथ्यमा र संस्कृतिका मैला पर्दामा छेलिएर बसेका सामग्रीहरूलाई अन्वेषण, सम्पादन र समीक्षण गर्ने परम्परा आरम्भ भएको तथ्य पनि २००३ सालपछि व्यापक र विस्तृत बन्यो (सुवेदी; २०६१ : १११) । 'नेपाली समालोचना : परम्परा र प्रवृत्ति' ग्रन्थका लेखक राजेन्द्र सुवेदीले समालोचनाको यस धारमा भएका लेखन कार्यहरू जम्मा जम्मी निम्नलिखित चारवटा प्रखण्डमा विभाजित हुन पुगेको कुराको चर्चा गरेका छन् (सुवेदी; २०६१: ११२) ।

१. साहित्यका ऐतिहासिक सामग्रीहरूको अन्वेषण समीक्षण र कालखण्ड निर्धारण ,

२. भाषाशास्त्रीय अध्ययन, अनुसन्धान र विश्लेषण ,

३. लोकसाहित्य, संस्कृति र कलाको अन्वेषण, विश्लेषण र समीक्षण,

४. संस्कृत साहित्यका कृतिहरूको विवेचना र सौन्दर्यशास्त्रीय चिन्तन ।

२००३ देखि २०२० सालसम्मको कालावधिका ऐतिहासिक समालोचना फाँटका प्रमुख समीक्षकहरू हुन् - बालचन्द्र शर्मा (१९७६-२०३३), ईश्वर बराल (१८९०-२०४५) डिल्लीराम तिमसिना (१९८०-२०४९), जनकलाल शर्मा (१९८२-२०५६), कमल दीक्षित (१९८६) , यज्ञराज सत्याल (१९८८) आदि ।

साहित्येतिहास र अन्वेषणप्रधान समालोचना गर्ने समालोचक बालचन्द्र शर्माका **भानुभक्त** (२०१४) र **नेपाली साहित्यको इतिहास** (२०३९) उल्लेख्य समालोचना ग्रन्थ हुन् । सं २००० सालमा **कथाको परिभाषा** शीर्षकको लेख लेखेर समालोचना क्षेत्रमा प्रवेश गरेका समालोचक ईश्वर बरालका विस्तृत एवम् गहकिलो भूमिकासहितका सम्पादित सङ्ग्रहरू **झ्यालबाट** कथासङ्ग्रह (२००६) , **हिमालचुली** कविता सङ्ग्रह (२०१२) र **सयपत्री** निबन्ध सङ्ग्रह (२०१३) नेपाली साहित्य तथा समालोचना जगत्मा उल्लेख्य प्राप्ति बनेर देखापरेका छन् । बरालका अन्य इतिहासपरक र अन्वेष्णप्रधान समालोचनाकृतिहरूमा **आख्यानको उद्भव** (२०३९), **छरिएका समीक्षा** (२०५३), **राजीवलोचन जोशी** (२०५३), **पृथ्वीस्तवन** (२०५३), **देवकोटा र उनका महाकाव्य** (२०५५), **बालकृष्ण समः व्यक्तित्व र कृतित्व** (२०५५), **रूपनारायण सिंह व्यक्तित्व र कृतित्व** (२०५५) र **भारतेली नेपाली साहित्यकार** (२०५५) उल्लेख्य छन् । उनले मोहन कोइराला र पारिजातका कवितासमेत सम्पादन गरेर प्रकाशनमा ल्याएका छन् । डिल्लीराम तिमसिनाको **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८) साहित्येतिहाससम्बन्धी पहिलो उल्लेख्य पुस्तक हो । समाज र परम्परागत मूल्यका बीचको परिपूरकता स्थापित गर्ने साहित्येतिहासपरक र अन्वेषणप्रधान समालोचक जनकलाल शर्माका **जोसमनी सन्तपरम्परा र साहित्य** (२०२०) एवम् **महाकवि देवकोटा : एक व्यक्तित्व दुई रचना** (२०३२) जस्ता महत्त्वपूर्ण कृतिहरू प्रकाशित छन् । प्रसिद्ध निबन्धकार तथा ऐतिहासिक अन्वेषणपरक समालोचक कमल दीक्षितका **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), **पर्खंदै बित्ला कि?** (२०२६) एवम् **बुकी सुन** (२०३७) जस्ता सङ्ग्रह समालोचनाका दृष्टिले उल्लेख्य छन् । यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका**(२०१७) साहित्येतिहाससम्बन्धी समालोचनाको पुस्तक प्रकाशित छ ।

यस कालखण्डका भाषाशास्त्रीय अध्ययन, खोज, अनुसन्धान र समीक्षण गर्ने प्रमुख समीक्षकहरू हुन्- चक्रपाणी चालिसे (१९४०-२०१५), महानन्द सापकोटा (१९५३-२०३५), सूर्यविक्रम ज्ञवाली (१९५५-२०४२), पारसमणि प्रधान (१९५५-२०४३) नरपति शर्मा पोख्रेल (१९५५-२०४६), पुष्करशमशेर जबरा (१९५८-२०१८), नरेन्द्रमणि आ.दी. (१९५९-२०४३), इमानसिंह चेमजोङ (१९६०-२०३२), शेषराज रेग्मी (१९६८-२०४५) गोपाल पाण्डे 'असीम' (१९७०-२०३५), रामराज पन्त (१९७४), हर्षनाथ भट्टराई  (१९८२), धनब्रज बज्राचार्य (१९८९-२०५१), ग्राबीयल रानालगायतका व्यक्तित्वहरू ।

वि.सं. १९६९ सालमा स्थापित **गोरखा भाषा प्रकाशिनी समिति**बाट भाषा सेवाको आरम्भ गरेका समालोचक चक्रपाणि चालिसेले **नेपाली बगली कोश** (१९९८), **हितैषी नेपाली शब्दकोश** (२०२७) लगायतका कोशग्रन्थहरूको सम्पादन गरेका छन् । नेपाली भाषाका शब्दव्युत्पत्तिकार, कोशकार एवम् पर्यायवाची शब्दका सङ्कलन- कर्ता महानन्द सापकोटालाई **ध्वनिको धन्दा** (२०२०), **खस र खस भाषा निर्वचनको रूपरेखा** (२०२०), **सरि शब्द** (२०२१), **नेपाली धातु परिचय** ( ), **जनजिब्रो**लगायतका ग्रन्थहरूले भाषाशास्त्रीका रूपमा स्थापित गराएका छन् । भाषा र साहित्यको अन्वेषण र विवेचन गर्ने अर्का उल्लेख्य साधक पारसमणि प्रधानका भाषाशास्त्रीय क्षेत्रमा अध्ययन गरिएका कृतिहरू हुन्- **नेपाली हाम्रो मातृभाषा** (२०१०), **नेपाली भाषाको उत्पत्ति र विकास** (२०१८), **नेपाली बङ्गाली कोश, अङ्ग्रजी नेपाली कोश** र **नेपाली अङ्ग्रेजी कोश** । समवंशी भाषाशास्त्री पुष्करशमशेर जबराले उखान टुक्का एवम् अङ्ग्रेजी तथा नेपाली शब्दहरूको सम्पादन गरी कोशग्रन्थहरूको निर्माण गरेका छन् । यस क्षेत्रमा योगदान दिने अन्य साधकहरूमा नरेन्द्रमणि आ.दी. **हाम्रा युगात्मक र ध्वन्यात्मक शब्दहरू** (२०१७), र **सङ्क्षिप्त अङ्ग्रेजी र नेपाली शब्दकोश** (२०३०) लिएर देखापरेका छन् । इमानसिंह चेमजोङ **लिम्बू नेपाली शब्दकोश** (२०१८) र **लाप्चा नेपाली अङ्ग्रेजी शब्दकोश** (२०३६) लिएर देखापरेका छन् । त्यसरी नै शेषराज रेग्मी **नेपाली रचना प्रकाश** (२०१८), **व्याकरण बोध** ( ) र **श्री रङ्गनाथ शर्मा भट्टराई** (२०१९) लिएर देखापरेका छन् । गोपाल पाण्डे असीम **रचना दर्पण** (१९९४), **ह्रश्वदीर्घको सवाइ** (१९९७), **रचनाकेशर** (२०००) र **राष्ट्रभाषा र साहित्य** (२०२४) लिएर देखापरेका छन् । त्यस्तै रामराज पन्त **भाषाविज्ञान** (२०१४), **नेपाली लिपि विज्ञान** (२०१६), **भाषाको इतिहास** (२०१८), **नयाँ नेपाली भाषा विज्ञान (२०३०)** लिएर देखापरेका छन् । हर्षनाथ भट्टराईका **नेपाली साधारण ज्ञान** (२०१५), **नेपाली साहित्य परिचय** (२०२०), **नेपाली शब्दशुद्धि** (२०२५), **उखानटुक्का, नेपाली बृहत् शब्दकोश** (२०३२), **सङ्क्षिप्त नेपाली राष्ट्रिय शब्दकोश** (२०५५) **प्रशासकीय तथा कानुनी शब्दकोश** ( ) लगायतका कृतिहरू यस क्षेत्रमा उल्लेख्य रहेका छन् ।

यस कालखण्डमा लोकसाहित्य विषयक शोधखोजमूलक समीक्षण गर्ने प्रमुख समीक्षकहरूमा रामप्रसाद सत्याल (१९३५-२००८), ललितजङ्ग्र सिजापति (१९५३-२०५१), बोधविक्रम अधिकारी ( १९५१-२००८), कालीभक्त पन्त ((१९६४-२०४८) , खप्तड स्वामी ( -२०५३), योगी नरहरिनाथ ( १९६५-२०६१), सुवर्ण शमशेर ( ) सत्यमोहन जोशी (१९७०), धर्मराज थापा (१९८१) आदि रहेका छन् ।

लोकसाहित्यका गीत र नाटकका अन्वेषक र समीक्षक सत्यमोहन जोशीका यस क्षेत्रका उल्लेख्य कृतिहरू हुन्-**नेपाली लोकगीत एक अध्ययन** (२०१२), **हाम्रो लोकसंस्कृति** (२०१३), **नेपाली**

**राष्ट्रिय मुद्रा** (२०१७), **कर्णाली लोक संस्कृति** (२०२७), **चाडपर्व** आदि । जोशी पुरातात्विक महत्वका मुद्रा, मूर्ति र काष्ठकलाका अन्वेषक र समीक्षक पनि हुन् । लोकसाहित्यको स्थलगत अध्ययनमा विशेष योगदान पुऱ्याउने अन्वेषक धर्मराज थापाका लोकसाहित्य र लोकसंस्कृति केन्द्रित कृतिहरूमा **पहाडी सङ्गीत** (    ), **कालीको लहर** (    ) **मेरो नेपाल भ्रमण** (२०३२), **तिलोत्तमाको भेल** (२०१६), **हाम्रो लोकगीत** (२०१७), **लोकसाहित्यको घेरामा लमजुङ** (    ) **गोलसिमल** ( २०३३), **गण्डकीका सुसेली** (२०४६), **तनुहा फूलबारी , चितौन दर्पण** ( ) **सगरमाथा सेरोफेरो** (    ) आदि विशेष उल्लेख्य रहेका छन् । माथि उल्लिखित यस क्षेत्रका सबै साधकहरूको योगदान भिन्न परिवेशमा उल्लेख्य हुँदाहुँदै पनि सबैका कृतिहरूको टिपोट यहाँ सम्भव नभएकाले उपर्युक्त दुई साधकको मात्र छोटा चर्चा गरिएको हो ।

यसै कालखण्डका पूर्वीय सौन्दर्य चिन्तकहरूमध्ये देवीदत्त पराजुली (१९३०- २०१०), कुलचन्द्र गौतम (१९३४-२०१५), चक्रपाणि चालिसे (१९४१-२०१५), सोमनाथ सिग्द्याल (१९४१-२०२९), कोमलनाथ अधिकारी (१९५०-२०२३), दुर्गाप्रसाद भट्टराई (१९५१-२०१६), मुरलीधर भट्टराई (१९५३-२०१८), क्षितीशचन्द्र चक्रवर्ती (१९५६-२०४६), माधवप्रसाद देवकोटा (१९६०-२०४२), छविलाल पोखरेल (१९६०-२०५७), बदरीनाथ भट्टराई (१९६५-२०५१), गोविन्दप्रसाद भट्टराई (१९६७-२०३४), सोमनाथ शर्मा घिमिरे (१९६७-२०५५), रामचन्द्र ढुङ्गाना (१९६८), ऋषभदेव शर्मा शास्त्री (१९७०-२०४७), बुद्धिसागर पराजुली (१९७०- २०४९), गोविन्दप्रसाद ढुङ्गाना (१९७५-२००५), गोपालनिधि तिवारी (१९७५) आदि उल्लेख्य रहेका छन् यी समालोचकहरू समालोचनाको सौन्दर्यशास्त्र प्रतिपादन गर्ने धार समाते र अगि बढेका छन् ।

यस कालखण्डको अर्को महत्त्वपूर्ण धार हो- प्रगतिवादी समालोचनात्मक धार । २००७ सालको क्रान्तिपछि सबै किसिमका विचारधारा र साहित्यिक चिन्तन एवम् प्रवृत्तिको विकास भएका परिवेशमा प्रगतिवादी साहित्य र समालोचनालेखनको प्रवृत्ति र चिन्तनको पनि नेपालीमा विकास भएको हो (अधिकारी; २०५६ : ८२/८३) । प्रगतिवादी नेपाली समालोचनाको पहिलो कृति कृष्णचन्द्रसिंह प्रधानको कविता-सँगालो **भञ्ज्याङतिरै**को भूमिका हो (अधिकारी; २०५६ : ९१)

यस कालखण्डका प्रमुख प्रगतिवादी समालोचकहरू हुन्- हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) , कृष्णचन्द्रसिंह प्रधान (१९८२), डी.पी. अधिकारी (१९८२), श्यामप्रसाद शर्मा (१९८६), तारानाथ शर्मा (१९९१) , आनन्ददेव भट्ट (१९९३), सरिता ढकाल (    ) आदि व्यक्तित्वहरू ।

डा. रविलाल अधिकारीले उपर्युल्लिखित समालोचकहरूका योगदानका सन्दर्भमा सटिक टिप्पणी गर्दै भनेका छन्-

> "तत्कालीन सङ्क्रमणशील परिवेशमा परिवर्तनप्रेमी र देशप्रतिको दायित्वपूर्ण भावनाले प्रेरित भई नयाँ दिशाबोध गरेर प्रभाववादबाट मुक्त भई प्रगतिवादमा समर्पित बन्नु हृदयचन्द्रसिंह प्रधानको मूलयोगदान देखिएको छ । उनी पहिला र सिद्धान्तनिष्ठ प्रगतिवादी समालोचक भएकाले उनको योगदान पहिलो रूपमा नै विशिष्ट रहेको छ । पछिका स्थितिमा गैरप्रगतिवादी बन्दै गए पनि प्रारम्भमा प्रगतिवादमा विशेष निष्ठा देखाएर **भञ्ज्याङनिरै** को भूमिका र अरू लेख समालोचनाहरू लेखेका कारणले कृष्णचन्द्रसिंहको योगदान उल्लेख्य रहनु स्वाभाविक हो । २००७ सालदेखि नै प्रगतिवादमा संलग्न भई हालसम्म कलम चलाइरहेको हुँदा निरन्तरता र प्रगतिवादप्रतिको अटल आस्था एवम् विश्वासका कारणले श्यामप्रसाद शर्माको योगदान गणनीय रहेको छ । पछि बाटो बिराएर पनि प्रगतिवादी समालोचना लेखनकालमा दिएको सिद्धान्तनिष्ठाको अभिव्यक्तिका कारणले डी.पी. अधिकारी र पछि गैरप्रगतिवादी बने पनि लेखनकालको कृतिगत बाहुल्य र भाषिक प्रभावकारिताका कारणले ताना शर्माको विशिष्ट योगदान रहेको छ । उदारता, व्यापकता राष्ट्रियताका परिवेशमा आनन्ददेव भट्टको कृतिगत विशिष्टता छ" ( अधिकारी ; २०५६ : २५१) ।

यसप्रकार शोधखोज अन्वेषणपरक, सौन्दर्यशास्त्रीय र चिन्तनपरक समालोचनाको धारमा आधुनिक नेपाली समालोचनाको दोस्रो चरण बहेको छ । यो चरण समालोचनाको विकास र गतिशीलताका लागि सर्वाधिक महत्त्वपूर्ण चरण पनि हो । नेपाली समालोचना साहित्यको इतिहासमा यस चरणसँगै बहुविधा समालोचना पद्धति र दिशाहरूको उद्घाटन भएको छ ।

### ग. तेस्रो चरण (२०२१-२०४६)

गुणात्मक तथा परिमाणात्मक दुवै दृष्टिले सर्वाधिक उपलब्धिपूर्ण एवम् गतिशील यो चरणले एक रजतवर्षको समय ओगटेको छ । घनश्याम कँडेल, राजेन्द्र सुवेदी, रविलाल अधिकारी लगायतका नेपाली समालोचनाका इतिहास सर्वेक्षकहरूले २०४६ सालबाट नयाँ चरणको सुरुवात हुनसक्नेतर्फ सङ्केत गरे पनि त्यसो नगरी समालोचनाको खण्डित कालावधि जोडेर हालसम्म नै

लम्ब्याएका छन् । यस कालखण्डका समालोचनाको क्षेत्रमा देखापरेका परम्पराहरूमा जम्माजम्मी ६ वटा धारहरू उपलब्ध भएका छन् (सुवेदी; २०६१ : १६७) । ती ६ वटा धारहरू हुन्-

१. साहित्यिक सामग्रीको शोधखोजपरक समालोचना धार,

२. भाषाको अन्वेषणपरक समालोचना धार,

३. लोकसाहित्य, बालसाहित्य, समाज तथा संस्कृतिमूलक समालोचना धार,

४. पूर्वीय साहित्यको सौन्दर्यपरक समालोचना धार

५. आधुनिक तथा उत्तर आधुनिक सौन्दर्यपरक समालोचना धार र

६. प्रगतिवादी समालोचना धार ।

साहित्यिक सामग्रीको शोधखोजपरक समालोचना धारमा अग्रणी स्थान बनाउन सफल समीक्षकहरू हुन्- नयनराज पन्त (१९७०-२०५९), भुवनलाल प्रधान (१९७९), इन्द्रबहादुर राई (१९८४), शरच्चन्द्र शर्मा भट्टराई (१९८७-२०६०), गणेश भण्डारी (१९८७), केशवप्रसाद उपाध्याय (१९८९), तारानाथ शर्मा ( १९९१), हरिभक्त न्यौपाने (१९९३), मोहनराज शर्मा (१९९७) पुष्कर लोहनी (१९९७) , ठाकुर पराजुली (१९९७), गोपीकृष्ण शर्मा (१९९७), रामलाल अधिकारी (१९९८) , रमा शर्मा (१९९९), घटराज भट्टराई (१९९९), रामदयाल राकेश (१९९९), दयाराम श्रेष्ठ (२०००), राजेन्द्र सुवेदी (२०००) दैवज्ञराज न्यौपाने (२००४) आदि ।

भाषाको अन्वेषणपरक समालोचना धारका प्रमुख समीक्षकहरू हुन्- बालकृष्ण पोखरेल ( १९९०), पूर्णप्रकाश नेपाल **यात्री** (१९९१), कृष्णप्रसाद पराजुली (१९९२), बल्लभमणि दाहाल (१९९३), चूडामणि रेग्मी (१९९३), शिवगोपाल रिसाल (१९९४), चूडामणि बन्धु (१९९५), मोहनराज शर्मा ( १९९४), रामविक्रम सिजापति (१९९५), शिवराज शर्मा (१९९५) शिवराज शर्मा (१९९५), शिवराज आचार्य (१९९७), मुकुन्दशरण उपाध्याय (२०००), नरेन्द्र चापागाईँ (२००३-२०६१), माधवप्रसाद पोखरेल (२००५), हेमाङ्गराज अधिकारी (२००७) आदि ।

यस कालावधिका लोकसाहित्यको शोधखोजपरक समालोचना धारका उल्लेख्य साधकहरू रहेका छन्- कालीभक्त पन्त (१९६४-२०४८), करुणाकर वैद्य (१९७१-२०४६), अलिमियाँ (१९७५), मदनमणि दीक्षित (१९७९), काजीमान कन्दङवा (१९८६), कृष्णप्रसाद पराजुली (१९९२), लीलासिंह कर्मा (१९९३-२०५८), देवकान्त पन्त (१९९३) , हंसपुरे सुवेदी (१९९८, तुलसी दिवस (१९९८) आदि । यस कालावधिका सांस्कृतिक विषयको समालोचना धारका उल्लेख्य साधकहरू हुन्- भुवनलाल प्रधान

(१९७९), स्वामी प्रपन्नाचार्य (१९८०) , डोरबहादुर विष्ट (१९८३), पुण्यरत्न बज्राचार्य (१९८५-२०४७), कुलचन्द्र कोइराला (१९८६-२०५६), स्वयम्भूलाल श्रेष्ठ (१९८७-२०४३), ज्ञानमणि नेपाल (१९८९) हरिराम जोशी (१९९३), कुमार प्रधान (१९९४) , रामशरण दर्नाल (१९९४), कविताराम श्रेष्ठ (२००४) आदि ।

यस कालावधिका बालसाहित्यका प्रमुख विवेचकहरू हुन्- श्यामप्रसाद शर्मा ( १९८६) , प्रमोद प्रधान (२०१५), कृष्णप्रसाद पराजुली (१९९२), जनकप्रसाद हुमागाइँ (१९९४), कविताराम श्रेष्ठ (२००४), विश्वम्भर चञ्चल (१९९८), गोपाल पराजुली (२००२), देवीप्रसाद वनवासी (१९९७) आदि ।

यस समयावधिमा प्रगतिवादी समालोचनाको अझ सशक्त विकास भएको पाइन्छ । प्रगतिवादी नेपाली समालोचनाको यस कालखण्डमा उल्लेख्य स्थान प्राप्त गर्न सफल समालोचकहरूमा गणेशबहादुर प्रसाइँ (१९८७), बालकृष्ण पोखरेल (१९९०), तारानाथ शर्मा (१९९१), चूडामणि रेग्मी ( १९९३), आनन्ददेव भट्ट (१९९३), गोविन्द भट्ट (१९९३), अनिरुद्र तिमिल्सिना (१९९८), मोदनाथ प्रश्रित (१९९९), दिल साहनी (२००२), खगेन्द्र सङ्ग्रौला (२००३), नरेन्द्र चापागाइँ (२००३-२०६१), हिरामणि शर्मा पौडेल (२००३-२०४७) आदिरहेका छन् ।

यस कालखण्डका सैद्धान्तिक समालोचकहरूमा इन्द्रबहादुर राई (१९८४०), केशवप्रसाद उपाध्याय (१९९१), मोहनराज शर्मा (१९९४), ठाकुर पराजुली (१९९७), गोपीकृष्ण शर्मा (१९९७), वासुदेव त्रिपाठी (१९९), अभि सुवेदी (२००२), घनश्याम कँडेल (२००२) आदि उल्लेख्य रहेका छन् ।

यस कालखण्डका प्रमुख प्रभावपरक समीक्षकहरू हुन्-गोमा उपाध्याय (१९८२- २०५९), माधवलाल कर्माचार्य (१९८३), कमला सांस्कृत्यायन (१९८७), लखीदेवी सुन्दास (१९९१), हरिभक्त न्यौपाने ( १९९१), राजनारायण प्रधान ( १९९२), मोहन हिमांशु थापा (१९९३), भानुभक्त पोखरेल ( १९९३) वासु रिमाल यात्री (१९९७), कुमारबहादुर जोशी (१९९८), पुष्कर लोहनी (१९९८), घटराज भट्टराई (१९९९), वंशी श्रेष्ठ (१९९९), रामदयाल राकेश (१९९९), राममणि रिसाल (२००१), दधिराम सुवेदी (२००४) आदि ।

यस शोधको उद्देश्य समालोचनाको कालविभाजन गर्नु नभई सङ्क्षिप्त चर्चा गर्नु रहेकाले उपर्युक्त समालोचनाहरूमध्ये विशिष्टता एवम् गहन साधनागत निरन्तरताका आधारमा यहाँ इन्द्रबहादुर राई, केशवप्रसाद उपाध्याय, शरद्चन्द्र शर्मा भट्टराई, तारानाथ शर्मा, बालकृष्ण पोखरेल, गोविन्द भट्ट, ठाकुर पराजुली, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, अभि सुवेदी, दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी र घनश्याम कँडेलको मात्र परिचयात्मक टिप्पणी गरिएको छ ।

ऐतिहासिक शोधखोज र चिन्तनको अन्वेषणमूलक समालोचना तथा सैद्धान्तिक समालोचनामा अजेय स्थान बनाउन सफल इन्द्रबहादुर राईका प्रमुख समीक्षात्मक कृतिहरू हुन्- **टिपेका टिप्पणीहरू** (२०२३), **नेपाली उपन्यासका आधारहरू** (२०३०), **सन्दर्भमा ईश्वर बरालका कविता** (२०३३), **दार्जिलिङमा नाटकको आधा शताब्दी** (२०४१, **अर्थको पछिल्तिर** (२०५१), **पृष्ठपृष्ठ** ( ), **लीला प्रस्तावना** (२०५९) आदि । उनी पाश्चात्य साहित्य सिद्धान्तका गम्भीर अध्येता भएकाले त्यसको प्रभाव उनका समालोचनामा प्रतिविम्बित भएको छ (कँडेल; २०५५:ण) । उनका समालोचना प्रभावपरकभन्दा तथ्यपरक वढी छन् र ती बौद्धिक एवम् विश्लेषणात्मक ढाँचाका छन् ।

सैद्धान्तिक एवम् व्यावहारिक दुवै प्रकृतिका समालोचना लेख्ने समालोचक केशवप्रसाद उपाध्यायका समालोचनाात्मक कृतिहरू हुन्- **साहित्यप्रकाश** (२०३०), **रिमाल व्यक्ति र कृति** (२०३२), **प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति** (२०३२), **पूर्वीय काव्यसिद्धान्त**(२०३४), **विचार र व्याख्या** (२०४०), **समको दुःखान्त नाट्यचेतना** (२०४५), **नेपाली नाटक र रङ्गमञ्च** (२०५२), **दुःखान्त नाटकको सृजनपरम्परा** (२०५५), **नेपाली नाटकको अध्ययन** (२०५६) र **दुःखान्त नाट्य चिन्तन** (२०६०) यिनका समालोचनामा केही प्रभावपरकता भए पनि ती मूलतः व्याख्यात्मक, विश्लेषणात्मक र स्तरीय छन् । विधागत रूपमा उनका समालोचना नाटकसित बढी सम्बन्धित छन् ।

प्राचीन तथा माध्यमिककालीन साहित्यका आधिकारिक अध्येता शरद्चन्द्र शर्मा भट्टराई लोपोन्मुख सामग्रीलाई खोजेर पाठकमम्म लाइदिने साधक हुन् । तर्क र तथ्यका आधारमा वस्तुको प्राप्तिलाई ठम्याउने र निष्कर्षसम्म पुग्ने शर्माका यस दिशाका उल्लेख्य कृतिहरू हुन् - **नेपाली साहित्यको इतिहास (माध्यमिक काल**) (२०३०), **प्राचीन गद्याख्यान** (२०४२), **नेपाली वाङ्मय : केही खोजी, केही व्याख्या** (२०४४), **माध्यमिक गद्याख्यान** (२०५२) **जोगमण्डलीका कविता** (२०५२), **ओझेलमा परेकाहरू** (२०५६), **खोजी अनि व्याख्या** (२०५६) आदि । अन्वेषणमूलक समालोचनाका फाँटमा उनको स्थान चुनौतीरहित र स्थिर बन्न पुगेको छ (सुवेदी; २०६१: १७४) ।

सुरुमा मार्क्सवादी साहित्यसिद्धान्तबाट प्रभावित भएका तर पछि साहित्यको शोधखोजपरक समालोचनातर्फ आकृष्ट भएका तारानाथ शर्मा अत्यन्त निर्भीक र स्पष्टवादी समालोचक हुन् । समालोचनामा पाश्चात्य साहित्यको अध्ययनको स्पष्ट छाप देखिने शर्माका उल्लेख्य समालोचनात्मक कृतिहरूमा **घोत्ल्याइँहरू** (२०२१) **पश्चिमका केही महान् साहित्यकार** (२०२६), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **नेपाली साहित्यको इतिहास** (२०२७) **सम र समका कृति** (२०२८, **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९), **सुम्पन ल्याएँ** (२०४५) आदि मौलिक

रहेका छन् । उनी कृतिको व्याख्या विश्लेषणका साथै निर्भीक भएर मूल्याङ्कन गर्ने र निर्णय दिने गर्दछन् ।

भाषाका ऐतिहासिक सामग्रीका अन्वेषक बालकृष्ण पोखरेलका यस क्षेत्रका उल्लेख्य पुस्तकाकार कृति हुन्- **नेपाली भाषा र साहित्य** (२०२१) **राष्ट्रभाषा** (२०२२), **पाँचसय वर्ष** (२०२१), **नेपाली निर्वचन** (२०४६, **भाग १ र** २), आदि । राष्ट्रिय भावधारा र यथार्थवादी समालोचकको फाँटमा प्रखर देखिएका बालकृष्ण पोखरेल ले समीक्षामा नेपाली समाजमा प्रगतिमूलक चेतनालाई आलोचनात्मक यथार्थवादी कलामा प्रस्तुत गर्ने प्रयास गर्दछन् ।

सिद्धान्त र व्यवहारको सन्तुलन मिलाएर प्रगतिवादी समालोचनाहरू लेख्ने समालोचक गोविन्द भट्ट उत्कृष्ट दर्जाका प्रगतिवादी समालोचक हुन् । उनका समालोचनाहरूको सँगालो **गोविन्द भट्टका समालोचनाहरू** (२०५५) रविलाल अधिकारीको सम्पादनमा प्रकाशित भएको छ । देश र जनताका भलाइका लागि गरिएका असल कामहरूको सराहना, देश विकासको भविष्यको जिम्मा लिने नयाँ प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन, देश र जनताको स्थितिको जानकारी गराउने वर्ग विश्लेषण, साहित्य र संस्कृतिका वर्गीयस्वरूपको जानकारी गराउने वर्ग विश्लेषण, साहित्य र संस्कृतिका वर्गीयस्वरूपको जानकारी सहित राम्रा पक्षको समर्थन र नराम्रा पक्षको विरोध गर्ने, छानबिन, राष्ट्रविकासको मूल आधार प्रगतिवाद र प्रगतिवादको लक्ष्य राष्ट्रिय विकासको भावनामा समन्वयन, नेपाली जातिको विकास र मौलिकताको माग, जीवको सार्थकता र मूल्यवत्ताप्रति आस्था जस्ता कुराहरू समालोचक भट्टका ऐतिहासिकतामा योगदान पुऱ्याउने समालोचकीय विशिष्टताका पक्षहरू हुन् (अधिकारी ; २०५६ : १९२) ।

ठाकुर पराजुली पूर्वीय साहित्यसिद्धान्तका विद्वान् हुनाका साथै पाश्चत्य साहित्यसिद्धान्तका विशिष्ट प्रवृत्तिसित पनि परिचित भएकाले उनका समालोचनामा दुवैतर्फका साहित्यसिद्धान्त-लाई समालोचनाको सैद्धान्तिक आधारका रूपमा स्वीकार गर्दै बौद्धिक एवम् विश्लेषणात्मक रूपमा कृतिको व्याख्या, विवेचना र मूल्याङकन समेत गरेका छन् (कँडेल; २०५५ : ट) । **नेपाली साहित्यको परिक्रमा** (**२०५५**) का सर्जक पराजुली कृतिको वस्तुगत एवम् रूपगत विशेषतालाई केलाउन निकै सिपालु छन् ।

सैद्धान्तिक एवम् व्यावहारिक दुवै प्रकारका समालोचना लेख्ने समालोचक मोहनराज शर्माका प्रमुख समीक्षात्मक कृतिहरू हुन- **नेपालीका केही आधुनिक साहित्यकार** (२०२६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), **कथाको विकासप्रक्रिया** (२०३५), **शैलीविज्ञान** (

२०४८), **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०५०), **शब्दरचना र वर्णविन्यास** (२०५०), **भाषाविज्ञान र नेपाली भाषा** (२०५०) आदि । हाल उनको विशेष प्रसिद्धि शैलीवैज्ञानिक समालोचकका रूपमा छ ।

वासुदेव त्रिपाठी यस चरणका सर्वाधिक चर्चित समालोचक हुन् । सैद्धान्तिक र व्यावहारिक दुवै प्रकृतिका समालोचना लेख्ने त्रिपाठीका उल्लेख्य समालोचना कृतिहरू हुन्- **विचरण** (२०२८), **नेपाली कविताको सिंहावलोकन** (२०२७), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३० **भाग १ र** २), **साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन** (२०३४), **लेखनाथ पौड्यालको कवित्वको विश्लषण र मूल्याङ्कन** (२०३४), **साहित्यकार झपटको जीवनःएक झलक** (२०४५) आदि । उनी पूर्वीय एवम् पाश्चात्य साहित्यसिद्धान्तसित सुपरिचित भएकाले दुवैतर्फका सैद्धान्तिक मान्यतालाई मिसाई कृतिको विस्तृत व्याख्या, विवेचना गरेर तथा कृतिका प्रवृत्तिगत एवम् शैली शिल्पगत विशेषतालाई खुट्याएर त्यसका मूल मर्मको उद्घाटन गर्ने गर्छन् (कँडेल; २०५५ : ट) । उनका समालोचना सतही किसिमका नभएर गम्भीर प्रकृतिका छन् ।

समसामयिक साहित्य चेतनाका प्रखर चिन्तक अभि सुवेदी पाश्चात्य समालोचनाको इतिहास र काव्यशास्त्रीय चिन्तनलाई प्रस्तुत गर्ने समीक्षक हुन् । विदेशी पाठकलाई नेपाली साहित्यिक सामग्री सम्प्रेषण गराउनमा र विदेशी साहित्यको सूचना नेपालीमा भित्र्याउने प्रयत्नमा जुटेका (सुवेदी; २०६१; ३५९) सुवेदीका समीक्षाशास्त्रीय कृतिहरू हुन् - **पाश्चात्य काव्यसिद्धान्त** (२०३०), **सिर्जना र मूल्याङ्न** (२०३४), **नेपाली लिटरेचर : ब्याकग्राउण्डः एण्ड हिस्ट्री** ( ) **जापानी हाइकूः हिजो र आज** (      ) **र रचना र माध्यम** (२०५४) आदि । सुवेदीले नेपाली साहित्यका सिर्जनात्मक विधाका सामग्रीलाई प्रायोगिक एवम् वस्तुवादी ढङ्गले समालोचना गर्ने गर्दछन् ।

प्रसिद्ध साहित्येतिहासपरक एवम् अन्वेषणपरक समालोचक दयाराम श्रेष्ठका यस क्षेत्रका प्रमुख कृतिहरू हुन्- **सन्दर्भ र मूल्याङ्कन** (२०२५), **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **गोरखापत्रको विवरणात्मक सूची** (२०३२) **वीरकालीन कविता** (२०३४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), **शाहवंश र नेपाली भाषा साहित्य** ( २०३९), **पच्चीस वर्षका नेपाली कथा** (२०३९), **भारतीय नेपाली कथा** (२०३९) लगायतका सम्पादित र सृजित कृतिहरू ।

साहित्यका ऐतिहासिक सामग्रीको खोजअनुसन्धान र विश्लेषण तथा मूल्याङ्कन गर्ने यस चरणका अर्का समालोचक राजेन्द्र सुवेदी समालोचनामा स्पष्ट वस्तुवादी चिन्तन प्रतिपादन गर्ने साधक

हुन् । ज्यादै परिश्रमी र छिटो कलम चलाउन सक्ने समालोचक सुवेदीका उल्लेख्य समालोचनात्मक कृतिहरू हुन्-**विषय गहनःसतह चिन्तन** (२०३८), **स्रष्टा सृष्टिःद्रष्टा दृष्टि** (२०४३) **समवर्ती साहित्यकारहरू र झपटबहादुर राणा** (२०४८), **केही समीक्षण : केही विश्लेषण** (२०४९), **सृजनविधाका परिधिमा ध्रुवचन्द्र गौतम** (२०५३), **सृजनविधाका परिधिमा पारिजात** (२०५३), **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति** (२०५३), **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति** (२०६१) आदि । आफ्ना कतिपय व्यावहारिक समालोचनामा प्रगतिवादी आग्रह राख्ने सुवेदी आधुनिक नेपाली समालोचनाको यसै कालखण्डमा स्थापित भएका तर चौथो चरण (२०४७ पछि) मा सर्वाधिक चर्चा पाएका समालोचक हुन् ।

सैद्धान्तिक दृष्टिले समालोचनाशास्त्र तयार गर्ने तथा प्रायोगिक समालोचना कार्यमा पनि उत्तिकै क्रियाशील बनेका घनश्याम कँडेल नेपाली समालोचना परम्परामा यथार्थवादी नाट्य सृजनाको चिन्तनलाई नेपाली समालोचना क्षेत्रमा उतार्ने समालोचक हुन् । थोरै तर स्तरीय लेखनका समीक्षक कँडेलका समीक्षात्मक मौलिक कृतिहरू हुन्- **केही अन्वेषणः केही विश्लेषण** (२०४१) **र पाश्चात्य यथार्थवादी नाटक** (२०४६) **।** नेपाली समालोचनाको क्षेत्रमा यथार्थवादी र प्रगतिमूलक चिन्तनका आधारमा समीक्षा गर्ने कँडेलले आफ्नै समालोचनालाई पनि प्रखर र तथ्यपरक दृष्टि प्रक्षेपणका साधन बनाएका छन् (सुवेदी; २०६१ : ३६४) ।

यस चरणमा नेपाली समालोचना पहिलेभन्दा बढी विकसित भएको र विविध रूपमा झाङ्गिएको पाइन्छ । प्रगतिवादी समालोचनाको अझ विकास भएको, मनोविज्ञानपरक समालोचना धेरै लिखिन थालेको र पर्याप्त शोधखोजपरक समालोचनाा मौलाएको देखिन्छ । यस चरणमा प्रभाववादी समालोचना पद्धतिभन्दा विश्लेषणपरक एवम् मूल्याङ्कनपरक पद्धतिले नै बढी महत्त्व पाएको छ ।

### घ. चौथो चरण (२०४७-हालसम्म)

२०४७ सालदेखि हालसम्मको समयावधि नेपाली समालोचनाको चौथो अथवा पछिल्लो चरण हो । नेपाली समालोचनाका प्रायः इतिहास लेखकहरूले २०४६ मा भएको जनआन्दोलनको बिन्दुलाई सीमा मानेर कालविभाजन गरेको पाइँदैन । २०४६ सालको क्रान्ति राजनीतिक भए पनि त्यसको प्रत्यक्ष प्रभाव साहित्य तथा समालोचनामा परेको कुरालाई नकार्न सकिँदैन । २०४७ सालको जनआन्दोलनको केही अगाडि पछाडिको समयदेखि भाषाशैलीपरक, पाठालोचनपरक, कृतिकेन्द्री आभ्यान्तरिक किसिमको समालोचना पनि प्रमुख रूपमा देखापरेकाले २०४७ साल

देखिको समयावधिलाई अर्को चरण मान्नु उपयुक्त हुन्छ (कँडेल; २०५५ : न) । कुनै पनि काल आफैमा विभाजित हुँदैन । अध्ययनको सहजताको उद्देश्यले अध्येताले काललाई जवर्जस्त खण्डित गर्ने गर्दछ । नेपाली समालोचनाको पछिल्लो चरणलाई २०२१ सालदेखि हालसम्म नै लम्ब्याउँदा चरणगत समयावधि बढी लामो भई अध्ययनमा असहजता हुने देखिन्छ । चरण विभेदका लागि २०४६ सालको सीमा पर्याप्त कारण बनेकाले यस शोधमा आधुनिक नेपाली समालोचनाको चौथो चरण वा अन्तिम चरणलाई २०४७ देखि हालसम्म निर्धारित गरिएको छ ।

२०५२ सालदेखि यहाँ भिन्न प्रकृतिको राजनीतिक क्रान्ति चर्किरहेको छ । समाजमा प्रभाव पार्ने कुनै पनि क्रान्तिको प्रत्यक्ष असर साहित्यमा पनि पर्ने गर्दछ । एक दशक वर्षको समयावधि पार गरिसकेको यस क्रान्तिकै कारण हजारौ नेपालीको ज्यान गुमिसकेको छ; त्यस्तै लाखौ नेपाली निर्वासित भइसकेका छन् । यतिमात्र होइन, यहाँ हत्या हुने क्रम निर्दोष प्रजादेखि निर्दोष राजासम्म नै बढ्दै गएको छ । यही चराणमा व्याप्त समाजको अस्तव्यततताको प्रत्यक्ष प्रभावले नेपाली साहित्य तथा समालोचना जगत्लाई पनि गाँजेको छ ।

नेपाली समालोचनाको यस चरणमा विकसित साहित्यमा प्रजातान्त्रिक व्यवस्थाभित्रका अव्यवस्था, विकृति-विसङ्गति तथा विद्यमान् सशस्त्र सङ्घर्षको संवेदना- लाई टिपेर सटिक विचार व्यक्त गर्ने प्रवृत्ति पाइन्छ । अंशतः आशाका र अधिकांशतः निराशाका स्वर मुखरित गर्ने यति बेलाका साहित्यमा विघटित मानवीय मूल्यको चित्रण गर्दै नवीन मानवीय अस्तित्वको खोजी गरिएको पाइन्छ । नारीलाई गरिमा र महिमा प्रदान गर्दै नारीवादी स्वरको अभिव्यञ्जना तीव्रतर हुँदै गएको समसामयिक साहित्यमा युगीन विसङ्गति, विकृति, पीडा, असन्तुष्टि, चिन्ता, कुण्ठा, निराशा, विवशता, वाध्यता, जटिलता, अमानवीयता, संवेदनहीनता, अशान्ति, हत्या, हिंसा, आतङ्क, भय, सन्त्रास, युद्धविभीषिका आदिको अभिव्यक्तिका लागि विचलनयुक्त सङ्केतात्मक एवम् प्रतीकात्मक भाषिक शिल्प मुख्यतः प्रयोग भएको पाइन्छ । उपर्युल्लिखित सबै साहित्यिक प्रवृत्तिहरू २०४६ सालपछि नै आविर्भाव भई विकसित भएको परिप्रेक्षमा नेपाली समालोचनाले पनि आफ्नो पूर्ववत् धार परिवर्तन गरी नारीवादी समालोचना, भाषाशैलीपरक समालोचना, पाठालोचनापरक समालोचनालगायतका पाश्चात्य समालोचना जग्तका पछिल्ला पद्धतिहरूको तीव्रतर प्रयोग गर्न थालेको पाइन्छ । यद्यपि यस कालखण्डमा पनि पूर्ववत् अघिल्ला चरणका साहित्यिक सामग्रीको शोधखोजपरक समालोचना धार, भाषा अन्वेषणपरक समालोचना धार,

लोकसाहित्यको शोधखोजपरक समलोचना धार, प्रगतिवादी समालोचना धार, सैद्धान्तिक समालोचना धार, प्रभावपरक समालोचना धारलगायतका समालोचकीय प्रवाहको यथावत विकास भई नै रहेको छ ।

नेपाली समालोचनाको आधुनिक कालखण्डको यस अन्तिम चरणमा उल्लेख्य स्थान सुरक्षित गर्न सफल समीक्षकहरू हुन्- निनु चापागाइँ (२००४), कृष्ण गौतम (२००५), गार्गी शर्मा (२००५), देवी सुवेदी (२००५), मोहन दुवाल (२००६), रविलाल अधिकारी (२००७), भिक्टर प्रधान (२००७), जयराज आचार्य ( ), ऋषिराज बराल (२००९) , विष्णु प्रभात (२००९), घनश्याम ढकाल (२०१०), कृष्णहरि बराल (२०१०), व्रतराज आचार्य (२०१०), नरेन्द्रराज प्रसाई (२०१२), मोतीलाल पराजुली ( २०१३), पारसमणि प्रधान (२०१३), देवी गौतम (२०१३), महादेव अवस्थी (२०१५), सुधा त्रिपाठी ( २०१६) आदि ।

मार्क्सवादी चिन्तनमा प्रतिबद्ध समीक्षक निनु चापागाइँका **यथार्थवादी रचना दृष्टि र विवेचना** (२०५१), **मार्क्सवादी चिन्तन र सौन्दर्य** (२०५५) **सन्दर्भ, संस्कृति रूपान्तरण** (२०५९) लगायतका ग्रन्थ प्रकाशित छन् । सैद्धान्तिक तथा व्यावहारिक दुवै किसिमका समालोचना लेख्ने समालोचक कृष्ण गौतम पूर्वीय साहित्यशास्त्रका साथै पाश्चात्य साहित्यशास्त्रका पनि मर्मज्ञ देखापर्छन । उनका **देवकोटाका प्रबन्धकाव्य** (२०३८), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन** (२०५०), **प्राच्य महाकाव्य** (२०५५) **पाश्चात्य महाकाव्य** (२०५५), **सिर्जनाको सुवास** ( ), **रचनाको रोमान्स** (२०५६) लगायतका समालोचना कृतिहरू प्रकाशित छन् । प्रभावपरक नारी लेखिका गार्गी शर्माका **केही समीक्षा** (२०४२), **चाँदनी शाहको काव्यभूमि** (२०४४), **सिद्धिचरण श्रेष्ठका खण्डकाव्यको अध्ययन** (२०५१), **बाङ्देलका नारी पात्र** (२०५१), **गोठालेका बालपात्र** (२०५१), **केही समीक्षात्मक अभिव्यक्ति** (२०५३), **शारदाका कवितामा विद्रोहात्मक स्वर** ( ), **घिमिरेको गीति नाटकमा मानववाद** ( ) जस्ता समीक्षात्मक कृतिहरू प्रकाशित छन् । प्रभावपरक समालोचना चिन्तन प्रकट गर्ने समीक्षक देवी सुवेदीका **अभिव्यक्ति र विश्लेषण** (२०५८) , र **महान् विभूति बालकृष्ण सम** (२०५९) जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित छन् । समालोचक मोहन दुवाललाई आलोचना र परिचय ( २०४४), **साहित्यिक चिन्तनहरू** (२०५२), जस्तो कृतिहरूले कटिबद्ध प्रगतिवादी समालोचकका रूपमा स्थापित गरेका छन्। स्पष्ट प्रगतिवादी दृष्टि भएका समालोचक रविलाल अधिकारीका **प्रगतिवादी नेपाली कविता** (२०४४), **अनुभव र आाखा** (२०४६), **पगतिवादी दृष्टिमा यौन सम्बन्ध र सांस्कृतिक चिन्तन** (२०४७), **नेपाली समालोचनाको रूपरेखा** (२०५१), **छेलिएका छविहरू** (२०५२), **प्रगतिवादी नेपाली समालोचना** (२०५६), **अलिमिया : व्यक्ति र कृति** (२०६०), **साहित्यिक सन्दर्भः चर्चा र टिप्पणीहरू** (२०५८), **साहित्य-सारथि** (२०५९) लगायतका थुप्रै कृतिहरू प्रकाशित भएका

छन् । साहित्यिक सामग्रीको शोधखोज गरेर स्थापित भएका समालोचक भिक्टर प्रधानका **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** (२०४४) , **नेपाली बाल साहित्यको स्थितिको अध्ययन** ( ), **चिनियाँ साहित्यिको इतिहास** (२०५७) लगायतका अन्वेषणात्मक कृतिहरू प्रकाशित भएका छन् । **भानुभक्तको जीवनी** ( ) अङ्ग्रेजीमा तयार गर्ने पूर्वीय तथा पाश्चात्य साहित्यका विद्वान् जयराज आचार्यले **यदुनाथ खनाल : जीवनी र विचार** (२०५९) जस्तो महत्त्वपूर्ण ग्रन्थ प्रकाशमा ल्याएका छन् । मार्क्सवादी सैद्धान्तिक मान्यतालाई ज्यादै महत्त्व दिने र त्यसलाई जस्ताको तस्तै अनुसरण गरेर साहित्यिक कृतिको समालोचना गर्न मन पराउने खरा समालोचक ऋषिराज बरालका **प्रगतिवाद र नेपाली उपन्यास** (२०४०), **प्रगतिवाद** (२०४९) **मार्क्सवादी र उत्तर आधुनिककतावाद** (२०५३) जस्ता कृतिहरू प्रकाशमा आएका छन् । अर्का प्रगतिवादी समालोचक विष्णु प्रभातले पनि **चिन्तन र सौन्दर्य** (२०४६), **मार्क्वादी सिद्धान्त र व्यवहार** (२०४७) **संस्कृतिमा विकल्पवाद** (२०५२), **कलममाथिको कलम** (२०५८) लगायतका कृतिहरू प्रकाशित गरेका छन् । **माक्सवादी सौन्दर्य शास्त्रको विवेचना** (२०५४) लेख्ने प्रगतिवादी लेखक घनश्याम ढकालको लेखन यथास्थितिमूलक समाजलाई रूपान्तरण गर्दै गतिशीलतातर्फको परिवर्तीत दिशा प्रदान गर्नमा प्रयत्नरत देखिन्छ । मीठो र सरल भाषामा तथ्यपरक समालोचना प्रस्तुत गर्ने समालोचक कृष्णहरि बरालका **भाषाविज्ञान र नेपाली भाषा** (२०५), **उपन्याससिद्धान्त र नेपाली उपन्यास** (२०५६), **संदृष्टि** (२०५६), **गीत सिद्धान्त र इतिहास** (२०६०) लगायतका कृतिहरू प्रकाशित छन् । भाषाको अन्वेषण, विश्लेषण गर्ने र भाषाका विशेषताहरूको समीक्षण गर्ने समालोचक व्रतराज आचार्यलाई **हाम्रो भाषा** (२०४०) **आधुनिक समालोचनाको उठान** ( ), **नेपाली भाषाको शब्दभण्डार** ( ), **नेपाली भाषाको शब्दभण्डार** ( ) **नेपाली भाषामा अभिव्यक्ति विस्तारको प्रक्रिया** ( ) , **केन्द्रीय पश्चिमी भाषिकाको अध्ययन** ( ) **क्षेत्रीय शब्द सङ्कलन** ( ) लगायतका कृतिहरूले सफल भाषाशास्त्रीय चिन्तकका रूपमा स्थापित गरेका छन् । स्रष्टाको जीवनीलाई अध्ययनको केन्द्र बनाउने प्रभावपरक समीक्षक नरेन्द्रराज प्रसाईका **चाँदनी शाहः आफ्नै आकाश, आफ्नै परिवेश** (२०४३), **नेपाली साहित्यका प्रमुख समालोचक** (२०५४), **रुद्रराज पाण्डे : सृष्टि र दृष्टि** (२०५४), **पारिजातको जीवनकथा**, (२०५८) **लैनसिंह वाङ्देलको जीवनी** (२०५९) जस्ता कृतिहरू प्रकाशनमा आएका छन् **। नेपाली लोकगाथा** (२०४९), **नेपाली रचना कला** (२०५३) लगायतका कृतिहरूका लेखक मोतीलाल पराजुली लोकसाहित्यका गहन शोधखोजकर्ताका रूपमा स्थापित व्यक्तित्व हुन् । यस चरणमा भाषासम्बन्धी समीक्षण कार्य गर्नेहरूमा पारसमणि भण्डारी (२०१३) का एक्लै र संयुक्त लेखनका र सम्पादनका विद्यालय स्तरीय पुस्तकहरू प्रशस्तै तयार भएका

छन् । समीक्षणको प्रमुख क्षेत्र भाषाविज्ञान बनाएका समीक्षक देवी गौतमका **नेपाली भाषा परिचय** (२०४९), **प्रगतिवाद परम्परा र मान्यता** (२०४९), **फिल्मोरको कारक व्याकरण र कारकहरू** ( ), **नेपाली रूपान्तरण व्याकरण** (२०५८), **मानक तथा विस्तारित मानक सिद्धान्त र नेपाली वाक्यव्यवस्था** (२०५८) लगायतका कृतिहरू प्रकाशित छन् । गौतमको लेखन निकै परिष्कृत र आसलाग्दो अवस्थामा देखापरेका छ । समालोचक महादेव अवस्थीलाई **बैतडेली भाषिकामा स्त्रीलिङ्गी प्रयोग** (२०४५), **नेपली व्यावहारिक व्याकरण** (२०५५), **देवकोटाको खण्डकाव्यकारिता** (२०६१) जस्ता कृतिहरूले सफल भाषावैज्ञानिक एवम् प्रभावपरक समीक्षक सिद्ध गरेका छन् । नारीअस्मिता र जागरणका सन्दर्भलाई अध्ययनको विशेष क्षेत्र बनाउने लेखिका सुधा त्रिपाठीका समालोचनाका क्षेत्रमा **भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना** (२०५८), **दृष्टि चौतारी** (२०५९) जस्ता कृति प्रकाशित छन् ।

उपर्युक्त समालोचकहरूका अतिरिक्त पनि पुराना थुप्रै समालोचकहरूका साथै केही प्रतिभाशाली नवोदित समालोचकहरूका समालोचनाले यस चरणमा आधुनिक नेपाली समालोचनाको विकासमा उल्लेखनीय सहयोग पुऱ्याउँदै आएका छन् । त्यस्ता समालोचकहरूमा गङ्गा उप्रेती (२००३), भूपति ढकाल 'कमल' (२०००), गोपाल भण्डारी (२०००), साफल्य अमात्य (२०००), कुलप्रसाद खनाल (२००४), चन्द्रकान्त अधिकारी (२००५), जीवेन्द्रदेव गिरी (२००८), राजाराम सुवेदी (२००९), अमृत यौञ्जन (२०१२), रत्नाकर देवकोटा ( ) , गोपालप्रसाद शर्मा (२०११), मुरारीप्रसाद अर्याल (२०१०), भवानी पाण्डे ( ), कृष्णप्रसाद पौड्याल ( ) , खगेन्द्रप्रसाद लुइँटेल (२०१७), यादवप्रकाश लामिछाने ( ), रमेश भट्टराई (२०१७) , हेमनाथ पौडेल (२०१७), मधुसूदन गिरी (२०१८), लीला लुइँटेल (२०१९), बुलु मुकारुङ (२०१६), डिल्लीराम मिश्र ( ), होम सुवेदी (२००९), कृष्णप्रसाद घिमिरे (२०१६), ताराकान्त पाण्डेय (२०१८), बामदेव पहाडी (१९९३-२०५४), जयदेव भट्टराई (२०२१) , प्रभा भट्टराई (२०२२), शारदा अधिकारी (२०२२) , ईश्वरीप्रसाद गैरे ( ) , रामनाथ ओझा (२०२१) , सुकुम शर्मा (२०२७) , नेत्र एटम (२०२६) आदि उल्लेख्य छन् ।

यस चरणमा नेपाली समालोचनाको विकास गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले उल्लेख्य रूपमा भएको पाइन्छ । अघिल्ला चरणका तुलनामा यस चरणमा नारी समालोचक एवम् नारीवादी समालोचनाको परिमाणात्मक विकास उल्लेख्यरूपमा देखापऱ्यो । यतिखेरका साहित्यमा उत्तरआधुनिक चिन्तन एवम् पद्धतिको उल्लेख्य विकास भएका कारण बहुलवादी समालोचना पद्धति पनि प्रयोगमा आउन थालेको देखिन्छ । यस चरणको पनि पछिल्लो समयतिरका समालोचना-लाई हेर्दा समालोचना समालोचकको कृतिप्रतिको भावुक प्रतिक्रिया नभएर इमान्दारीपूर्वक एवम् तथ्यपूर्ण तवरले गरिने बौद्धिक कार्यकलाप हो भन्ने कुरा स्थापित भइसकेको छ ।

## ४.२ नेपाली समालोचनापरम्परामा यदुनाथ खनालको स्थान र योगदानको तुलनात्मक मूल्याङ्कन

नेपाली समालोचनापरम्परामा समालोचक यदुनाथ खनालले आफ्ना उत्कृष्ट समालोचना-कृतिहरूमार्फत दिएको योगदान र प्राप्त गरेको स्थानको मूल्याङ्कन गर्ने क्रममा उनका पूर्ववर्ती वा अग्रज (सं २००३ सालभन्दा अगाडि नै स्थापित भएका ) समालोचक, समयुगीन वा समवर्ती ( २००३ सालदेखि २०३४ सालसम्ममा स्थापित भएका ) समालोचक र परवर्ती समालोचकहरूका उच्च समालोचना कृतिहरूका प्रदानकै तुलनात्मक अध्ययन अपेक्षित हुन आउँछ ।

उपर्युक्त परिप्रेक्ष्यमा यदुनाथ खनालको प्रथम समालोचनाकृति **समालोचनाको सिद्धान्त**को प्रकाशन (सं २००३)) भन्दा अगि नै प्रसिद्धि प्राप्त गरिसकेका अग्रज प्रमुख समालोचकहरू हुन्- मोतीराम भट्ट (१९९३-१९५३), वीरेन्द्रकेशरी अर्याल (१९०८-१९८८), राममणि आ.दी. (१९३९-२०२८), कुलचन्द्र गौतम (१९३२-२०१५), सूर्यविक्रम ज्ञवाली (१९५५-२०४२) र बाबुराम आचार्य (१९४४-२०२९) । त्यस्तै समालोचक यदुनाथ खनालका समयुगीन समयावधि (सं२००३ देखि २०३४ सम्म) मा विशिष्ट समालोचनाकृति प्रदान गरी स्थापित भएका प्रमुख समालोचकहरू हुन्- सोमनाथ सिग्द्याल ( १९४१-२०२९), पारसमणि प्रधान (१९५५-२०४२), सत्यमोहन जोशी (१९७०), हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६), रत्नध्वज जोशी (१९७३- २०४३), बालचन्द्र शर्मा (१९७६-२०३३), रामकृष्ण शर्मा ( १९७७-२०४३), डिल्लीराम तिमसिना (१९८०-२०४९), जनकलाल शर्मा (१९८२-१९५६), कृष्णचन्द्रसिंह प्रधान (१९८२), डी. पी. अधिकारी (१९८३), इन्द्रबहादुर राई (१९८४) , यज्ञराज सत्याल (१९८८), बालकृष्ण पोखरेल (१९९०) आदि । नेपाली समालोचनापरम्परामा समालोचक यदुनाथ खनालका परवर्ती (सं २०३४ पछि) समयमा स्थापित हुन आएका प्रमुख समालोचकहरू हुन् - साहित्यको ऐतिहासिक सामग्रीको अन्वेषण गर्नेहरूमा ईश्वर बराल (१९८०-२०५४), शरच्चन्द्र शर्मा भट्टराई (१९८७-२०६०), तारानाथ शर्मा (१९९१), केशवप्रसाद उपाध्याय (१९९१), मोहनराज शर्मा (१९९४), ठाकुर पराजुली (९९७), दयाराम श्रेष्ठ (२०००), राजेन्द्र सुवेदी (२००२) आदि अनि प्रमुख प्रगतिवादी समालोचकहरूमा श्यामप्रसाद शर्मा (१९८६), तारानाथ शर्मा (१९९१), आनन्ददेव भट्ट (१९९३), गोबिन्द भट्ट (१९९४ राजेन्द्र सुवेदी (२००२), नरेन्द्र चापागाइँ (२००३-२०६१), कृष्ण गौतम (२००५) एवम् रविलाल अधिकारी (२००७) आदि रहेका छन् । यसै गरी सैद्धान्तिक समालोचकका रूपमा निकै नै ख्याति प्राप्त गरेका परवर्ती प्रमुख समालोचकहरू हुन्- केशवप्रसाद उपाध्याय (१९९१), मोहनराज शर्मा (१९९४), गोपीकृष्ण शर्मा (१९९७), वासुदेव त्रिपाठी (

१९९९), अभि सुवेदी (२००२), घनश्याम कँडेल (२००२), कृष्ण गौतम (२००५) आदि । त्यस्तै भाषाव्याकरण अन्वेषणात्मक समालोचकहरूमा चूडामणि बन्धु (१९९५), कृष्णप्रसाद पराजुली (१९९२), बल्लभमणि दाहाल (१९९९-२०६०), मोहनराज शर्मा (१९९४) मोहनराज शर्मा (१९९४), माधवप्रसाद पोखरेल (२००५), व्रतराज आचार्य (२०१०), देवी गौतम (२०१३) आदि पर्दछन् । यसैगरी प्रभावपरक परवर्ती समालोचककहरूमा भानुभक्त पोखरेल (१९९९३), कुमारबहादुर जोशी (१९९८), घटराज भट्टराई (१९९९), राममणि रिसाल (२००१), एवम् कृष्णहरि बराल (२०१०) आदि पर्दछन् । समालोचक यदुनाथ खनालका समयुगीन समयावधिमै लेखनारम्भ गरी समालोचनासम्बन्धी छिटफुट पुस्तकहरूसमेत प्रकाशित गरेका तर आफ्नो समालोचकीय विशिष्ट समयावधि भने उपर्युक्त समयावधिभन्दा पछाडिमात्र प्राप्त गरेका विशिष्ट समालोचकहरूलाई यहाँ खनालका परवर्ती समालोचकका रूपमा राखिएको छ ।

यदुनाथ खनालका पूर्ववर्ती प्रमुख समालोचकहरूमध्येका मोतीराम भट्ट, वीरेन्द्रकेशरी अर्याल, राममणि आ.दि. र कुलचन्द्र गौतमले नेपाली समालोचनाको आधुनिक कालको सबल पृष्ठभूमि निर्माण गरेको ऐतिहासिक महत्त्व प्राप्त गरेका छन् भने सूर्यविक्रम ज्ञवाली र बाबुराम आचार्यले आफ्ना समीक्षात्मक कृतिहरूमा साहित्यिक सामग्रीहरूको शोधखोज गरी र ऐतिहासिक तत्वका सामग्री लिई स्पष्ट रूपमा आधुनिक मूल्य प्रदान गरेर ऐतिहासिक योगदान दिएका छन् ।

मोतीराम भट्ट नेपाली समालोचनाको यात्रारम्भ गराउन पहिलो खेप औपचारिक पाइलो सारिदिने समालोचक हुन् । **कवि भानुभक्तको जीवन-चरित्र**का रूपमा देखापरेको यिनको कृति नै आलोचनाको दैलोमा बालिएको पहिलो पिलपिले टुकी हो (श्रेष्ठ र शर्मा; २०३४ : १२८) । जीवनीपरक समालोचना र सैद्धान्तिक समालोचना प्रचेष्टाका दिशामा मोतीराम भट्टको योगदान बृहत् रहेको छ (सुवेदी; २०६१ : ८३) तापनि उनको प्रस्तुत परिचयात्मक कृतिमा समीक्षणका स्पष्ट गुणहरू छैनन् ; आफ्ना अग्रज कवि भानुभक्त र उनका काव्यको श्रद्धापूर्वक बेसी गुणगान गरिएको छ । राममणि आ.दी. को **माधवी** (१९६५) पत्रिकामा धाराबाहिक रूपमा प्रकाशित **कविता रीति** शीर्षकको लेख नेपाली समालोचना परम्परामा अर्को उल्लेख्य प्राप्ति हो । यस लेखमा छन्द, अनुप्रास एवम् रचनाको शैलीका आधारमा कवितालाई चिनाउने प्रयास पनि आधुनिक नेपाली समालोचनाको पृष्ठभूमिकै रूपमा रहेको छ । समालोचक यदुनाथ खनालका पूर्ववर्ती अर्का समालोचक कुलचन्द्र गौतम पनि शास्त्रीय चिन्तन र सिर्जनात्मक पहिचान गर्नमा सशक्त देखिए पनि आफ्ना कृतिहरूलाई स्तुति परकताबाट भिन्न राख्न सकेका छैनन् ।

सूर्यविक्रम ज्ञवाली नेपाली समालोचनाको इतिहासमा आधुनिक चिन्तन दृष्टिको प्रयोग गर्ने प्रथम समालोचकका रूपमा सम्मानित व्यक्तित्व हुन् । उनले **जन्मभूमि** (१९७९) पत्रिकामा प्रकाशित धरणीधर कोइरालाको **नैवेद्य** कवितासङ्ग्रहमाथि समीक्षा गरी लेखेको समीक्षात्मक लेख **नैवेद्य समालोचना** (१७१९) आधुनिक समालोचनातर्फको प्रस्थान बिन्दुका रूपमा देखापरेको छ । समालोचक यदुनाथ खनालका अर्का पूर्ववर्ती समालोचक बाबुराम आचार्य ( तुलनात्मक सुन्दरकाण्ड, २००२ र पुराना कवि र कविता, २००३) विधागत समालोचनाको थालनी गर्ने र ऐतिहासिक अन्वेषण एवम् विश्लेषण गर्ने समालोचकका रूपमा उल्लेख्य छन् ।

समालोचक यदुनाथ खनालका पूर्ववर्ती प्रमुख समालोचकहरूमध्ये मोतीराम भट्टबाट नेपाली समालोचनाको यात्रारम्भ भएको, राममणि आ.दी. र कुलचन्द्र गौतमबाट नेपाली कविताको विधागत पहिचान एवम् आधुनिक समालोचनाको पृष्ठभूमिगत योगदान प्राप्त भएको, सूर्यविक्रम ज्ञवालीबाट नेपाली समालोचनाले प्रथमतः आधुनिक मूल्य प्राप्त गरेको र बाबुराम आचार्यबाट शोधखोज एवम् तुलनात्मक समीक्षा प्रणालीमा महत्त्वपूर्ण योगदान मिलेको पृष्ठभूमिमा समालोचक यदुनाथ खनालको प्रथम समालोचकीय पुस्तकाकार कृति **समालोचनाको सिद्धान्त** (२००३) प्रकाशनमा आएको हो र उपर्युल्लिखित समालोचकहरूमध्ये आधुनिक मूल्य एवम् स्पष्ट समालोचकीय चिन्तन दृष्टिका आधारमा यदुनाथ खनालसँग सूर्यविक्रम ज्ञवाली र बाबुराम आचार्य तुलनीय देखिन्छन् , तापनि आफ्नो समालोचकीय विशिष्ट क्षेत्रका आधारमा समालोचक खनालको स्थान छुट्टै र विशिष्ट निर्धारित हुन्छ ।

नेपाली समालोचनाको आधुनिक कालखण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक यदुनाथ खनाल नेपाली समालोचनाको इतिहासमै पहिलो सैद्धान्तिक समालोचनकका रूपमा स्थापित व्यक्तित्व हुन् । वि.सं. १९८८ सालपछिका समयमा लेखनक्षेत्रमा प्रवेश गरेका खनालका समालोचनाका क्षेत्रमा **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) गरी दुई पुस्तकाकार कृति प्रकाशित छन् । यदुनाथ खनालले कविकृतिको समालोचना गर्नुभन्दा पहिले समालोचनाको सिद्धान्तहरूको खाँचो देखे । त्यसैले पूर्वीय र पाश्चात्य दृष्टिकोणको तुलनात्मक विवेचना गरी यससम्बन्धी सिद्धान्त प्रस्तुत गरे । नेपाली माध्यमबाटै समालोचनाका सिद्धान्तहरूसँग परिचित हुन र यसलाई प्रोत्साहित गर्न उक्त कार्य निकै सहायक हुन गयो (प्रधान; २०५८ : १३) । असङ्ख्य सूचना सम्प्रेषण गर्दै विशेषत : स्वच्छन्दतावादी साहित्यको समीक्षा गर्न रुचाउने र समीक्षामा प्रभाववादी चिन्तनसमेत प्रस्तुत गर्ने खनाल बौद्धिक र दार्शनिक गहिराइ भएका नीतिवादी

एवम् आदर्शवादी समालोचक हुन् । गुण र दोषको सन्तुलित निरूपण गर्दै गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनुपर्छ भन्ने खनालले आफ्ना समीक्षाहरूमा तुलनालाई मुख्य आधार बनाउँदै स्पष्ट र स्तरीय भाषामा समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्ने प्रयास गर्दछन् । समालोचक खनाललाई **सूक्तिसिन्धुको मूल्याङ्कनका खोजमा** शीर्षकको लेखले नीतिपरक समालोचनाका मर्यादित अनुयायिका रूपमा एवम् **आगो र पानी** खण्डकाव्यको समीक्षणले दार्शनिक र बौद्धिक गहिराइ भएको कृतिका समीक्षकका रूपमा परिचित बनाएको हो ।

समालोचक यदुनाथ खनालमा पाइने महत्त्वपूर्ण प्रवृत्ति नीतिपरकता सूर्यविक्रम ज्ञवालीका **नैवेद्य समालोचना** लगायतका लेखहरूमा पनि पाइन्छन्; तापनि ज्ञवालीको नीतिपरक मर्यादा खनालका झैं परिपाकावस्थामा पुगेको पाइँदैन । सर्वप्रथम तुलनात्मक समीक्षा प्रणालीको पुस्तकाकार रूपमै प्रयोग गर्ने समालोचक बाबुराम आचार्य भए तापनि यस प्रणालीको निरन्तरता एवम् परिष्कृतता यदुनाथ खनालबाटै भएको हो । यसैकारण खनालको महत्त्व तुलनात्मक समीक्षा प्रणालीका आधारभूत प्रणेताका रूपमा स्थापित छ । निष्कर्षमा यदुनाथ खनालले उनका सूर्यविक्रम ज्ञवाली लगायतका पूर्ववर्ती समालोचकहरूले स्थापना गरेको भन्दा भिन्दै ढाँचा र प्रवृत्तिमा नेपाली समालोचनालाई विविध प्रकारले अनेक उत्कृष्ट गुणस्तरपूर्ण समालोचनासमेत दिई नेपाली समालोचना परम्परामा आफूलाई पूर्व परम्पराभन्दा विशेष सशक्त समालोचकका रूपमा अगाडि ल्याएको देखिन्छ ।

समालोचक यदुनाथ खनालका समवर्ती रामकृष्ण शर्मा लगायतका केही समालोचकहरू खनालका प्रतिस्पर्धीका रूपमा र बालचन्द्र शर्मा, ईश्वर बराललगायतका समालोचनकहरू मर्यादित अनुयायीका रूपमा समालोचनालेखनतर्फ अगि बढेको देखिन्छ । यस युगका धेरैजसो समालोचकहरूमा खासगरी खनालका समालोचनाकारिताका बौद्धिक, दार्शनिक, नैतिक, तुलनात्मक एवम् सौन्दर्यशास्त्रीय समालोचना सञ्चेतनाका अनेक पक्ष र प्रविधिको प्रत्यक्ष-अप्रत्यक्ष, स्थूल, सूक्ष्म अनेक प्रकारको प्रेरणा र प्रभाव परेको भेटिन्छ तर उनका समवर्ती युगका धेरैजसो समालोचकहरूले आफ्ना समालोचनात्मक नवसञ्चेतनासमेत प्रचुर मात्रामा देखाएकै छन् । समालोचक यदुनाथ खनालका समवर्ती युगका आधुनिक ढङ्गले स्वनिर्णय दिने र उक्त निर्णयमा स्रष्टाका सृजनामा दोष र खोट देखाउने निर्भीक समालोचक रामकृष्ण शर्मा **सप्त शारदीय, दश गोर्खा, एक बिसाउनी, टेबुल गफ नौ वैठक सूक्तिसिन्धू** र  अन्य समालोचना र सूक्तिसिन्धुको समीक्षा गर्दा यदुनाथ खनालका कट्टर प्रतिस्पर्धी बनेर देखापरेका छन् । यसक्रममा उनले सूक्तिसिन्धुमा निहित विषयवस्तु र प्रस्तुतिलाई अश्लील एवम् क्षयोन्मुखी होइन; क्रान्तिकारी एवम् गतिशील ठहऱ्याएका

छन् । समालोचक शर्माका आफ्ना समीक्षाहरूमा बौद्धिक तर्क गर्ने क्षमता खनालका तुलनामा लगभग समानान्तर नै देखिए तापनि साहित्यकारमा नैतिक चेतना र समाजप्रतिको उत्तरदायित्व बोध गराउने दिशातर्फको दौडमा उनी धेरै नै पछि परेका छन् । समालोचक यदुनाथ खनालका समवर्ती समालोचकहरूमध्ये प्रवृत्तिगतरूपमा हृदयचन्द्रसिंह प्रधानलगायतका केही समीक्षकहरू प्रगतिवादी धारातर्फ प्रवृत्त भएका देखिन्छन् भने बालचन्द्र शर्मालगायतका केही समीक्षकहरू साहित्यका ऐतिहासिक सामग्रीहरूको अन्वेषण समीक्षणमा लागेका देखिन्छन् । यसै गरी सोमनाथ सिग्द्याल (साहित्य प्रदीप) ले पूर्वीय समालोचना चिन्तनमा र सत्यमोहन जोशी र धर्मराज थापाले लोकसाहित्य विषयक समीक्षणमा आ-आफ्नो समालोचकीय व्यक्तित्व निर्माण गरेका छन् । समालोचक यदुनाथ खनालका उपर्युल्लिखित समवर्ती समालोचकहरूको समालोचनात्मक योगदान आ-आफ्नो स्थानमा परिष्कृत र उत्कृष्ट नै देखिन्छ ; तापनि समीक्षात्मक नवप्रदान, नीतिपरकता, भाषिक स्पष्टता, विश्वसनीयताका साथै समष्टि गुणवत्ताका दृष्टिले समालोचक खनाल उत्कृष्ट साबित भएका छन् । कृतिका परिमाणका आधारमा उपर्युल्लिखित सबै समालोचकहरू यदुनाथ खनालभन्दा माथि देखिन्छन् । नेपाली समालोचनाले समालोचक खनालकै समवर्ती युगमा नै सैद्धान्तिक समालोचनाको तीव्र विकास, प्रगतिवादी समालोचनाको प्रादूर्भाव र विकास, भाषाशास्त्रीय अध्ययन, खोज, अनुसन्धान र समीक्षण गर्ने परम्पराको उच्च प्रयोग, लोकसाहित्य विषयक अध्ययनमा रुचि, पूर्वीय समालोचना चिन्तनको सफल निरन्तरताजस्ता खुट्किलाहरू पार गऱ्यो । यी खुट्किलाहरूमध्ये नेपाली समालोचनामा पूर्वीय तथा पाश्चात्य सौन्दर्य चिन्तन, लोकसाहित्य विषयक रुचि, भाषाशास्त्रीय अध्ययन, खोज एवम् अनुसन्धान गर्ने परम्पराको बीज रूप यदुनाथ खनालको प्रथम समीक्षात्मक कृति **समालोचनाको सिद्धान्त** (२००३) मै प्रत्यक्ष-अप्रत्यक्षरूपमा प्राप्त गर्न सकिन्छ । यस परिप्रेक्ष्यमा भन्न सकिन्छ कि उपर्युल्लिखित धेरै समीक्षकहरू समालोचक यदुनाथ खनालबाट प्रत्यक्ष-परोक्ष जे जस्तो रपमा भए पनि प्रभावित छन् । निष्कर्षमा यदुनाथ खनालका समीक्षाहरूमा आफ्ना समवर्ती समालोचकहरूमा विकसित भएका प्रायः धेरै प्रवृत्तिहरूका बीजरूपहरू प्राप्त हुन्छन् । नेपाली समालोचनालाई आधुनिकतातर्फ डोऱ्याउने प्रमुख समालोचकहरू-मध्येका एक खनाल आफ्ना समवर्ती समालोचकहरूका बीच विशिष्ट र उल्लेख्य साबित भएका छन् ।

समालोचक यदुनाथ खनालका परवर्ती युगमा खास गरेर पूर्वेली तथा पश्चिमेली काव्यसिद्धान्त र साहित्यिक आन्दोलनको परिचयात्मक व्याख्या गर्ने समालोचना धार, साहित्यिक सामग्रीको शोधखोजपरक समालोचना धार, प्रगतिवादी समालोचना धार, भाषाव्याकरण अन्वेषणपरक समालोचना धार र लोकसाहित्यको शोधखोज- परक समालोचनाधार जस्ता समालोचनात्मक प्रवाहहरू देखापरे ।

उपर्युल्लिखित समालोचनात्मक प्रवाहमूलक प्रवृत्तिहरूमध्ये इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, अभि सुवेदी, केशवप्रसाद उपाध्याय, मोहनराज शर्मा, घनश्याम कँडेल र कृष्ण गौतमलगायतका समालोचकहरूले पूर्वेली अथवा पश्चिमेली काव्यसिद्धान्त र साहित्यिक आन्दोलनको व्याख्या गर्ने प्रवृत्तिलाई मुख्यरूपमा अँगालेको पाइन्छ। नेपाली समालोचनाको परम्परामा यस प्रवृत्तिका आधारभूत प्रणेता यदुनाथ खनाल नै भएको कुरा माथि उल्लेख गरिसकिएको छ । यस प्रवृत्तिका वासुदेव त्रिपाठीलगायतका प्रमुख अनुयायीहरूका प्रभावक एवम् प्रेरक व्यक्तित्व यदुनाथ खनाल नै साबित हुन्छन् । प्रगतिवादलगायतका उपर्युल्लिखित सबै प्रवृत्तिमूलक धारहरूलाई अनुसरण गर्ने प्रमुख समालोचनकहरूको नाम माथि उल्लेख भइसकेको छ। यहाँ चर्चा गर्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने उपर्युल्लिखित समालोचनात्मक प्रवृत्तिहरूमध्ये साहित्यिक सामग्रीको शोधखोज-परक समीक्षा गर्ने, प्रभावपरक, भाषाव्याकरण अन्वेषणपरक र लोकसाहित्यिको शोधखोजपरक प्रवृत्तिको बीजरूप समालोचक यदुनाथ खनालका समालोचनाहरूमा स्पष्ट फेला पार्न सकिन्छ। परवर्ती युगका प्रमुख समालोचकहरूमध्ये केहीले सूर्यविक्रम ज्ञवालीको समालोचनाकारिताबाट , केहीले राममणि आ.दी. को समालोचकीय चेतनाबाट, केहीले यदुनाथ खनालको समीक्षा प्रणालीबाट, केहीले बाबुराम आचार्यका समालोचना कृतिहरूबाट एवम् केहीले रामकृष्ण शर्माको समालोचनकारिताबाट र केहीले हृदयचन्द्रसिंह प्रधानको समीक्षाचेतबाट एकल वा संयुक्तरूपमा न्यूनाधिक प्रेरणा प्राप्त गरेको स्थिति भेटिन्छ । समालोचक यदुनाथ खनालभन्दा परवर्ती युगमा अनेक सञ्चेतना प्रवाहित गर्ने विविध समालोचनातर्फको सचेत अग्रसरता भइरहेको सिलसिलामा पूर्वोक्त ईश्वर बराल, श्यामप्रसाद शर्मा, आनन्ददेव भट्ट , वासुदेव त्रिपाठी, केशवप्रसाद उपाध्याय, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, शरच्चन्द्र शर्मा, चूडामणि बन्धु, तारानाथ शर्मा, घनश्याम कँडेल, कुमारबहादुर जोशी, घटराज भट्टराई, कृष्णप्रसाद पराजुली एवम् गोविन्द भट्ट आदिले आ-आफ्ना समालोचकीय प्रवृत्ति-वैशिष्ट्यसहित उत्कृष्ट योगदानयुक्त नवसमालोचना कृतिहरू दिई सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, यदुनाथ खनाल, बाबुराम आचार्य, राममणि आ.दी. र हृदयचन्द्रसिंह प्रधानका समालोचनाकारितालाई नवसृजन- शीलतातर्फ डोऱ्याएका छन्; तर समालोचनात्मक गुणवत्ता, असङ्ख्य नव सूचना, दार्शनिक एवम् बौद्धिक गहिराइ, विश्वसनीयता, भाषिक स्पष्टता एवम् सिङ्गो इतिहास निर्माणका साथै उच्च समालोचनात्मक दृष्टिले लेखाजोखा गर्दा यस परवर्ती युगमा पनि यदुनाथ खनालको समालोचनात्मक प्राप्ति अझै उत्कृष्ट साबित भएकै छ।

निष्कर्षमा यदुनाथ खनाल पूर्वको नेपाली समालोचना परम्परामा सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** शीर्षकको समीक्षाले आधुनिक समालोचनातर्फको प्रस्थान बिन्दुका रूपमा आफ्नो

गौरवमय ऐतिहासिक महत्त्व ग्रहण गर्दछ । आधुनिक नेपाली समालोचनाको ताते हिंडाइलाई परिपक्व र सफल गन्त्व्यतर्फको बाटोमा अग्रसर गराउने प्रमुख तीन समालोचक (सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा र यदुनाथ खनाल) मध्येका एक यदुनाथ खनाल ऐतिहासिक महत्त्व र गुणस्तरका दृष्टिले पनि सफल प्रतिभा ठहर्छन् । सूक्तिसिन्धुका सम्बन्धमा रामकृष्ण शर्मासँगको विवादले त समालोचक यदुनाथ खनाललाई अझ परिपक्व, प्रखर नीतिवादी एवम् तार्किक सिद्ध गरिदिएको छ । यदुनाथ खनालका समवर्ती युगमै सुरु भएर परवर्ती युगमा चरमोत्कर्ष प्राप्त गरेका प्रगतिवाद-लगायतका सञ्चेतनाका समालोचकहरूले थप्दै ल्याएको समालोचनात्मक नवनव सृजनाहरूको आआफ्नो ढङ्गको एकल वा समष्टि गुणवत्ताको महत्त्व त छँदैछ; तर परवर्ती युगमा पनि खनालको समालोचनाकारिता गुणस्तरका दृष्टिले अजेय उतुङगचुली शृङखलाकै रूपमा रहेको छ ।

# यदुनाथ खनालका समीक्षात्मक कृतिहरूको अध्ययन

नेपाली समालोचनाको आधुनिक कालखण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक युदनाथ खनाल (१९७०-२०६१) नेपाली समालोचनाको इतिहासमै पहिलो सैद्धान्तिक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । वि.सं १९८८ सालपछिका समयमा लेखनक्षेत्रमा प्रवेश गरेका खनालका समाचोलना र साहित्यका क्षेत्रमा नेपाली र संस्कृतमा **समालोचनाको सिद्धान्त**" (२००३), **साहित्यिक चर्चा** (२०३४), **सुक्तिसञ्चय** (२०३२) **र नेपाली मामिनीविलास** (२०५५) गरी चार कृतिहरू प्रकाशित छन् । यीमध्ये **समालोचनाको सिद्धान्त** र **साहित्यिक चर्चा** नेपाली भाषामा लेखिएका समीक्षात्मक लेखहरूका सङ्ग्रह हुन् भने **सुक्तिसञ्चय** केही मौलिक र कहीं विविध अन्य भाषाहरूबाट संस्कृतमा अनुवाद गरिएका  कविताहरूको सङ्कलन हो । त्यस्तै **नेपाली भामिनीविलास** पण्डितराज जगन्नाथको संस्कृत भामिनीविलासको समश्लोकी-समच्छन्दी नेपाली अनुवाद हो । समीक्षक खनालले विभिन्न साहित्यिक समारोहहरूमा व्यक्त गरेका उद्गारहरू पनि समीक्षात्मक गुणले परिपूर्ण रहेका र यीमध्ये केही उद्गारहरू प्रकाशनमा पनि आइसकेका छन् । त्यस्तै समीक्षक खनालले लेखेका आफ्ना एवम् अरू साहित्यकारहरूका विभिन्न विधाका साहित्यिक भूमिका वा मन्तव्यहरूमा समेत अत्यन्त गहन समीक्षात्मक टिप्पणीहरू पाइन्छन् । विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा छरिएर रहेका **रानी पोखरी पृथ्वी समुन्द्र** र **आकाश, नारी जीवन, बाटो बिलायो, म कसरी राजदूत भएँ, ऐतिहासिक दृष्टिकोण, स्वावलम्ब कठोरता, जनताको माया**लगायतका निबन्धहरूले खनाललाई निजात्मक र सशक्त चिन्तकका रूपमा स्थापित गरेका छन् भने यदुनाथले दिएका विभिन्न साहित्यिक अन्तर्वार्ताहरू उनका साहित्यप्रतिका दृष्टिकोणहरू बुझ्ने महत्वपूर्ण साबित भएका छन् ।

## ५.१ समालोचनाको सिद्धान्त

१९९९ सालमा त्रिचन्द्र कलेजमा पढाउन थालेको केही वर्षपछि यदुनाथ खनालले **समालोचनाको सिद्धान्त** नामक सानो परिचयात्मक पुस्तक लेखेका हुन् र यो पुस्तक २००३ सालमा प्रकाशित भएको हो । **समालोचनाको सिद्धान्त** उनले बी.ए. तहको नेपाली पाठ्यक्रममा राख्न उचित हुने तबरले **नेपाली भाषा प्रकाशिनी समिति**को अनुरोधमा लेखेका थिए (आचार्य, २०५९: २०) । पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपालीमा लेखिएको सैद्धान्तिक समालोचनाको पहिलो एवम् गहकिलो पुस्तक बन्ने भाग्य यसैले प्राप्त गरेको छ । समीक्षक कृष्णचन्द्रसिंह प्रधानका शब्दमा यदुनाथ खनालले कवि-कृतिको समालोचना गर्नुभन्दा पहिले समालोचनाका सिद्धान्तहरूको खाँचो देखे । त्यसैले पूर्वीय र पाश्चात्य दृष्टिकोणको तुलनात्मक विवेचना गरी यससम्बन्धी सिद्धान्त

प्रस्तुत गरे (प्रधान २०५८ : १३) । समालोचनाको निश्चित मानदण्ड तयार नभइसकेको उक्त समयमा नेपाली माध्यमबाटै समालोचनाका सिद्धान्तहरूबाट परिचित हुन् र नेपाली समालोचनाहरूलाई प्रोत्साहित गर्न **समालोचनाको सिद्धान्त** कृतिको प्रकाशन निकै सहायक सिद्ध हुन गयो । यही पुस्तकको प्रकाशनपछि खनाल साहित्यका प्रखर र आधिकारिक चिन्तकका रूपमा स्थापित भएका हुन् । यसलाई समग्र अध्ययन गर्दा एउटा ठोस ग्रन्थ सृजना भएको मानिन्छ भने फेरि यसभित्रका पाठलाई छुट्टाछुट्टै अध्ययन गर्ने हो भने अलग-अलग फुटकर रचना पढेको बोध हुन्छ (सुवेदी, २०६१: ९७) ।

यदुनाथद्वारा लेखिएको समालोचनाको सिद्धान्तमा निम्नलिखित सोह्र अध्याय छन्- १ **समालोचनाको ऐतिहासिक दिग्दर्शन**, २. **तुलनात्मक समालोचना**, ३. **काव्यका ललय**, ४. **काव्यको गुण**, ५. **कला कलाका लागि**, ६. **छन्द** , ७. **साहित्य र समाज**, ८. **काव्यका भेद, (महाकाव्य, खण्ड काव्य र अरू पाठ्य-कविता)** , ९. **काव्यका भेद (नाटक काव्य)**, १०. **काव्यका भेद (उपन्यास)**, ११. **चरित्र-वर्णन** , १२. **हास्यरस**, १३. **कविको नबुझ्निने हुन कति हक छ ?**, १४. **कल्पना**, १५. **कविताको स्वरूप र कविको विचारको सम्बन्ध र** १६. **उपसंहार** । उपर्युक्त सबै पाठहरूमा समालोचनाको मूल्य पहिल्याउने क्रममा पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनको सुन्दर मिश्रण गरिएको छ ; यद्यपि 'काव्यका लक्षण; 'काव्यको गुण', 'छन्द', 'काव्यका भेद (महाकाव्य, खण्डकाव्य, अझ पाठ्य- कविता),' 'हास्यरस',' कविको नबुझ्निने हुन कति हक छ ? लगायतका पाठहरू पूर्वीय साहित्यको सौन्दर्यगत मूलय पहिल्याउन बढी प्रयत्नरत देखिन्छन् भने **समालोचनाको ऐतिहासिक दिग्दर्शन, कला कलाका लागि, साहित्य र समाज, काव्यका भेद (नाटक काव्य), कल्पना**लगायतका पाठहरू पाश्चात्य मूल्य पहिल्याउनतर्फ बढी ढल्केका देखिन्छन् ।

**समालोचनाको सिद्धान्त**को पहिलो पाठ **समालोचनाको ऐतिहासिक दिग्दर्शन** हो । यदुनाथ खनालले त्रिचन्द्र कलेजमा अङ्ग्रजी पढाउन थालेको केही समयपछि लेखिएको प्रस्तुत लेखमा मुख्यतः पाश्चात्य साहित्यको प्रत्यक्ष प्रभाव पाइन्छ । आधुनिक समालोचनाको स्वरूप र मूल्यलाई परिचित गराउन प्रयत्न गरिएको यस लेखमा साहित्य र समालोचनाप्रति ठोस टिप्पणी गर्दै समीक्षक खनाल भन्छन् - "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु उसको मूल, मुख खोज्नु आलोचना हो ।" (खनाल; २०४९क :३) ।

तुलनात्मक समालोचनाको सैद्धान्तिक पहिचान बोकेको प्रस्तुत पाठ कला साहित्यको स्वतन्त्रताको पक्षमा दह्रोसँग उभिएको छ ।

**समालोचनाको सिद्धान्त**को दोस्रो पाठ **तुलनात्मक समालोचना** हो । आफ्ना धेरै लेख र अन्तर्वार्ताहरूमा समालोचनाको मुख्य काम तुलना र विश्लेषण हो भन्ने समीक्षक खनालले यो लेखलाई तुलनात्मक समीक्षाप्रणालीको सैद्धान्तिक दस्तावेजकै रूपमा अगि सारेका छन् । "वैज्ञानिक समालोचनाको आरम्भ तुलना हो ।" भन्ने स्पष्ट र निर्णयात्मक वाक्यबाट थालिएको प्रस्तुत लेखमा खनालले नेपाली साहित्यका उदाहरणहरूका माध्यमबाट तुलनात्मक समीक्षा प्रणालीलाई प्रष्ट्याएका छन् ।

पूर्वका विश्वनाथ, कालीदास, श्रीहर्ष, तथा देवकोटा एवम् पश्चिमका बेनेडिटो क्रोचे,अरिस्टोटल, शेक्सपियर, कलरिज तथा वर्डस्वर्थलगायतका व्यक्तिहरूका विचार एवम् प्रसङ्ग उल्लेख गरेर काव्यको समष्टि लक्षणगत सिद्धान्त केलाइएको **काव्यको लक्षण** शीर्षकको पाठ यदुनाथ खनालको साहित्यको गहन अध्ययन एवम् चिन्तनको प्रतिफलका रूपमा देखापरेको हो । साहित्यदर्पणको **वाक्यं स्याद्योग्यताकाङ्क्षशक्तिमुक्तः पदोच्चयः** ।" श्लोकबाट सुरु गरिएको प्रस्तुत लेखमा पूर्वीय र पाश्चात्य सौन्दर्यशास्त्रको स्वस्पष्ट तुलना एवम् सन्तुलित व्याख्या गरिएको छ ।

**समालोचनाको सिद्धान्त** को चौथो पाठ **काव्यको गुण** हो । मुख्यतः पूर्वीय मूल्यलाई केन्द्र मानेर काव्यका अलङ्कार, रस, स्थानीय रङ्ग, अर्थ र शब्दको सामञ्जस्य आदि गुणहरूको व्याख्या गरिएको प्रस्तुत लेख समीक्षक खनालको पूर्वीय काव्यशास्त्रसम्बन्धी ज्ञानको द्योतक हो ।

फ्रान्सेली विचारक भिक्टर कुजेले सन् १८१८ मा प्रारम्भ गरेको कलावादी सिद्धान्त **कला कलाका लागि**लाई केन्द्र बनाएर समीक्षक खनालले **कला कलाका लागि** शीर्षकको लेख लेखेका हुन् । यो लेख खनालले आफ्नो अङ्ग्रेजी साहित्यको अध्ययनकै प्रभावस्वरूप लेखका हुन् । 'कला कलाका लागि' को मतलब के हो ? भन्ने प्रश्न गर्दै समीक्षक खनालले यसै सिद्धान्तका पक्षपाती समालोचकहरूको भनाइलाई उद्धृत गरेका छन् - "कविको अनुभवको कुनै आन्तरिक गुण छ, जसको निमित्त कुने कविता पनि पठनयोग्य हुन्छ । वास्तविक कवित्व यही आन्तरिक गुण हो ; हामी कविता, पढ्छौ यही गुणका लागि " (खनाल; २०४९क, ९) ।

समीक्षक खनालले प्रस्तुत लेखमा कलावादी चिन्तनसँग सहमत हुँदै नेपाली साहित्यका प्रमुख कलावादी चिन्तनसँग सहमत हुँदै नेपाली साहित्यका प्रमुख कलावादी कवि लक्ष्मीप्रसाद देवकोटाको प्रंशसा गरेका छन् ।

पूर्वीय काव्यशास्त्रमा कविताको महत्त्वपूर्ण घटक मानिने **छन्द** को सैद्धान्तिक चिन्तनमा केन्द्रित रहेर व्याख्या गरिएको **छन्द** शीर्षकको पाठबाट साहित्यमा विशेष गरी पद्य विधामा छन्दको

कति गहन स्थान हुन्छ ? छन्दलाई कति महत्त्वपूर्ण तत्त्व ठानिन्छ ? आदि कुराहरू पुष्टि भएको छ । पूर्व र पश्चिममा छन्दका विभिन्न मुक्त र बद्ध प्रकारहरू छन् जसको निरूपण छन्दशास्त्रहरूमा गरिएको हुन्छ । यहाँ यिनै छन्दशास्त्रका विद्वान्हरूका विचारहरूलाई उद्धृत गरेर काव्यमा लयको मूल्यलाई स्थापित गर्ने प्रयत्न गरिएको छ ।

साहित्य र समाजको अविभाज्य सम्बन्धको मननीय चर्चा गरिएको **साहित्य र समाज** शीर्षकको लेख यदुनाथ खनानलको साहित्य चिन्तनको महत्त्वपूर्ण प्राप्ति बनेर देखापरेको छ । साहित्य र समाजका सम्बन्धमा समालोचक राजेन्द्र सुवेदीले भनेका छन् - "समाज भनेको जीवन र जगत् हो । साहित्य भनेको त्यस समाजमा बस्नेहरूको शैली हो । यसकारण समाज र साहित्यको अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने कुरा 'साहित्य र समाज' शीर्षकको पाठबाट पुष्टि हुन्छ " (सुवेदी, २०६१, ९७) ।

रामकृष्ण शर्माका प्रतिस्पर्धी समालोचकका रूपमा परिचित यदुनाथ खनाल यस लेखमा भने रामकृष्ण शर्माबाट 'शारदा' मासिकमा व्यक्त भएको हाम्रो साहित्यमा समाजको चित्रण भएन भन्ने भावमा सहमति जनाउँछन् । यस लेखमा खनाल नीतिपरक समालोचनाका मर्यादित अनुयायी बनेका छन् ।

समालोचक यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** कृतिमा **काव्यका भेद** शीर्षकका तीन पाठ रहेका छन् जसमध्ये पहिलो पाठमा महाकाव्य, खण्डकाव्य र अरू पाठ्य-कविताको विधागत सैद्धान्तिक व्याख्या गरिएको छ भने द्वितीय र तृतीय पाठमा क्रमशः नाटक र उपन्यासको विधागत व्याख्या गरिएको छ । उपर्युल्लिखित विधाहरूको पूर्वीय र पाश्चात्य सौन्दर्यशास्त्रीय मान्यताअनुरूप टिप्पणीमूलक चर्चा गरिएका यी पाठहरूले भावी लेखक समालोचक सबैलाई निकै राम्रो पथ प्रदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ ।

**चरित्र वर्णन** मा वस्तुमा गतिशीलता थपेर उपसमनसम्म पुऱ्याउने वा प्राण भर्ने पात्रका विभिन्न पक्षहरूको सैद्धान्तिक व्याख्या गरिएको छ । कहीँ पूर्वीय काव्य जगतका विश्वनाथ, कालीदास, शूद्रक, भवदेव, सम आदिको चर्चाद्वारा र कहीँ पाश्चात्य काव्य जगतका सेक्सपियर , हार्डि आदिको चर्चा गर्दै चरित्रको वर्णन गरिएको प्रस्तुत लेखमा समीक्षक खनाल लेखेका छन् -

> "त्यस्ता कुनै मानवीय गुण छन्, जो पुरुषमा मात्र सुहाउँछन्; त्यस्ता फेरि कुनै गुण छन् , जो स्त्रीमा मात्र खुल्छन् । त्यस्तै बोलचाल, रहनसहन, ढाँचाकाँचा, विचारको प्रणाली- यी सबै कुराहरू स्त्री र पुरुषमा भिन्नै तरिकाले रहेका देखिन्छन् । यो मनुष्य प्रकृति हो ; नमानी सुख छैन । पुरुषलाई एक किसिमको आशाले प्रेरित गर्छ भने स्त्रीलाई अर्कै किसिमको आशाले

प्रेरित गर्छ । स्त्रीजातिलाई मातृत्वको अभिलाषाले जस्तो प्रभाव गर्छ, शायद त्यस्तै प्रभाव पुरुष जातिलाई पितृत्वको अभिलाषाले गर्दैन" ( खनाल, २०४९[क], ७७-७८) ।

यस लेखमा यस्ता उदाहरण धेरै छन् जसको बौद्धिकताले पढ्दा-पढ्दै पाठकको हृदय पगाल्छ । यदुनाथ खनाल हृदयबाट बौद्धिकता फिँजार्ने समीक्षक हुन् भन्ने कुरा यस लेखबाट पुष्टि हुन्छ ।

**हास्यरस** शीर्षकमा लिखित पाठमा काव्यका विभिन्न रसहरूमध्येको एक हास्य रसको सैद्धान्तिक व्याख्या गरिएको छ । हास्यका सम्बन्धमा आफ्ना अनुभूतिहरूको प्रभावपरक विश्लेषण गर्ने क्रममा समीक्षक खनाल लेख्छन् -

> " कविले कुनै न कुनै वस्तुमा उपहास्यता नदेखीकन हास्यरसात्मक कविता लेख्न सक्दैन । तर यो उपहास्यता हरेक मानिसमा , हरेक सम्प्रदायमा हुन्छ । म बस्ता , विचार गर्दा खुट्टा हल्याउँछु भने अर्को मानिसले घोरिंदा आङ हल्याएको देखिन्छ; अर्कोले आश्चर्य जनाउँदा शीर र काँध एक किसिमले तानेको , खिचेको देखिन्छ; अर्कोले घोरिंदा चोर औंलो नाकको डाँडीमा राखेको देखिन्छ । यिनी कुरा पनि हामीबाट धेरैजसो छिपेका हुन्छन् , अँ अँ भन्नेलाई अँ अँ भनेको थाहा हुन्न, अरूलाई थाहा हुन्छ । खुट्टा हल्लाउनेलाई खुट्टा हल्लाएको थाहा हुँदैन, अरूलाई थाहा हुन्छ । तर, कविले यी सब कुरा एकैचोटी देख्न सक्नुपर्छ " (खनाल, २०४९[क], ८६) ।

विकृति र विसङ्गतिका कारणबाट हाँसोको आविर्भाव हुन्छ भन्ने कुरा यस पाठमा अर्थ्याउँदै हास्यको उपादेयतालाई खनालले विस्तारपूर्वक प्रस्तुत गरेका छन् (सुवेदी, २०६१: ९७) ।

**कविको नबुझिने हुन कति हक छ ?** शीर्षकको पाठ शीर्षकमा निहित सबाललाई केन्द्र बनाएर अडेको छ । कविता नबुझिने हुनाका दुई कारणहरूमा पाठकहरूले कविता पढ्दा कविले आफ्ना अनुभवहरू उर्तादा दिएको सूचनाहरूको राम्रोसँग ध्यान नदिनु र कविले आफ्ना अनुभवहरूको प्रस्तुति गर्दा स्पष्ट र भरपर्दो सूचनाहरू नदिनु ठहऱ्याउँदै कविमा कविताको गहनतापूर्वक अध्ययन गर्ने सुयोग्य पाठकहरूले समेत नबुझ्ने कविता लेख्ने हक छैन एवम् पाठकहरूमा गहनतापूर्वक कविताको अध्ययन नगरीकन कविता बुझिएन भन्ने हक छैन भन्ने निष्कर्ष यस पाठमा प्रस्तुत गरिएको छ । यस पाठमा विशेषतः पूर्वीय साहित्यबाट प्रभावित देखिने समीक्षक खनालले लियो टल्सटायको "कविताको मुख्य गुण खाली सञ्चार हो । जति मात्रामा कवि पाठकले बुझिने हुन्छ , त्यति मात्रामा कवि ठूलो हुन्छ" भन्ने भनाइसित पूर्णरूपमा सहमत देखिन्छन् ।

अङ्ग्रेजी स्वच्छन्दतावादी कवि कलरिजले कल्पना सिद्धान्तको परिकल्पना गरेर साहित्यको सर्वप्रमुख उपकरणका रूपमा कल्पनालाई औंल्याएका छन् । समीक्षक यदुनाथ खनालले पनि **कल्पना** शीर्षकको पाठमा कलरिजसँग सहमति जनाउँदै साहित्य कल्पना शून्य हुनै नसक्ने बताएका छन् । यहाँ कल्पनाको सैद्धान्तिक निरूपण गर्ने क्रममा पुर्वीय तथा पाश्चात्य साहित्यका बीच तुलना गरिएको छ । साथै नेपाली साहित्यका बीच तुलना गरिएको छ । साथै नेपाली साहित्यका तीन महान् कवि (सम, लेखनाथ र देवकोटा) का छुट्टाछुट्टै श्लोकहरूको टिप्पणी गर्दै कल्पनाको प्रभावपरक विश्लेषण गरिएको छ । कल्पनाशक्ति कविहरूमा मात्र सीमित नरही ठूला-ठूला वैज्ञानिक एवम् दार्शनिकहरूमा पनि पूरा मात्रामा हुने कुरा बताउँदै समीक्षक खनाल लेख्छन् -"आकर्षण -शक्ति पत्ता लगाउने न्यूटनको पनि प्रशस्त मात्रामा कल्पना शक्ति हुनुपर्छ" (खनाल; २०४९[क] : १०२ ) ।

स्रष्टाको अनिवार्य उर्जा नै कल्पना हो भन्ने कुरा कल्पना शीर्षकको पाठले पुष्टि गरेको हुँदा यो पाठ पनि नितान्त सैद्धान्तिक बन्न पुगेको छ ।

**समालोचनाको सिद्धान्त**को अन्त्यतिर यदुनाथ **कविताको स्वरूप र कविको विचार सम्बन्ध** मा चर्चा गर्छन । कविताको स्वरूप र कविको विचारमा सापेक्ष सम्बन्ध हुनुपर्छ । कवितामा कविको विचार प्रतिविम्बित भएको हुन्छ । जुनसुकै विचार व्यक्त गर्नलाई जुनसुकै कविताको स्वरूप उपयुक्त हुँदैन । विषयवस्तुअनुसारको कविताको स्वरूप आवश्यक हुन्छ भन्ने कुरा यस पाठबाट सिद्ध भएको छ ।

**समालोचनाको सिद्धान्त**को अन्तिम पाठ **उपसंहार** हो । यस पाठमा समीक्षक खनालले साहित्यको दार्शनिक टिप्पणी गर्दै मानव जीवनका लागि साहित्य अपरिहार्य भएको निष्कर्ष प्रस्तुत गरेका छन् । मस्तिष्क र हृदय दुवै सन्तुलित ढङ्गले विकसित भएको मानिस नै सफल रहने धारणा समीक्षक खनालको रहेको छ । यो पाठ 'समालोचनाको सिद्धान्त' कृतिकै निष्कर्ष एवम् उपसंहार पनि हो ।

## ५.२ साहित्यिक चर्चा

**साहित्यिक चर्चा** (२०३४) समालोचक यदुनाथ खनालले बीस वर्षभन्दा पनि बढी समयको अवधिभित्र विभिन्न समयमा साहित्य र साहित्यकारका सम्बन्धमा लेखिएका लेखहरूको सङ्ग्रह हो,

जसको प्रकाशन पुस्तकाकाररूपमा पहिलो पल्ट वि.सं. २०३४ सालमा साझा प्रकाशनले गरेको हो । यसै पुस्तकको सानो वक्तव्यमा यी लेखहरूको लेखन उद्देश्यका बारेमा स्वयम् लेखकले भनेका छन् -

"आत्मसन्तोषका लागि वा परिचय दिलाउने मात्र मोटामोटी उद्देश्यले लेखको हुँ" (खनाल २०४९[ख]) । समीक्षक खनालले परिचय दिलाउने मात्र मोटामोटी उद्देश्यले लेखको भए तापनि यस कृतिमा समेटिएका समीक्षात्मक लेखहरू समय-समयमा चर्चाको शीखरमा पुगेका छन् ; लेखहरूले समीक्षक खनालले **समालोचनाको सिद्धान्त**मा प्रस्तुत गरेका सिद्धान्तहरूको समीक्षात्मक प्रयोग गरिएका आलोचनाहरू **साहित्यिक चर्चा**मा समाविष्ट भएका हुन् अथवा **समालोचनाको सिद्धान्त**मा उब्जाइएका सैद्धान्तिक सबालहरूको प्रायोगिक जवाफ हो **साहित्यिक चर्चा** ।

आफ्ना समीक्षात्मक लेखहरूका बारेमा स्वयम समीक्षकको भनाइ छ -

"यसमा समावेश गरिएका केही लेखहरू मूलरूपमा अङ्ग्रेजीमा लेखिएका थिए र तिनको मुख्य उद्देश्य परिचयात्मक हुनाले पाठक पनि सोही अनुसार कल्पना गरिएका थिए । तर अरू सबै लेखहरू कुनै विशेष साहित्यिक प्रसङ्ग वा पृष्ठभूमिमा नेपालीमा नै लेखिएका हुन् (खनाल; २०४९[ख])

विश्वका उपलब्धिहरूको परिप्रेक्ष्यमा नहेरिएको समालोचना सङ्कीर्ण र एकदेशीय मात्र होइन कि भ्रामकसमेत हुन सक्छ । यस्तो किसिमको पूर्ण समालोचना एक महान् साधनाको विषय भएको टिप्पणी गर्दै समीक्षक खनाल भन्छन्- "यो साधना मेरो पहुँचभन्दा बाहिर छ । यसकारण यो सङ्कलनमा समावेश गरिएका लेखहरू विभिन्न रूपले अपूर्ण छन्" (खनाल; २०४९ख)

यस पुस्तकमा सङ्कलित सबै लेखहरू बौद्धिक एवम् वैचारिक दृष्टिले निकै गहकिला छन् । तिनमा साहित्यका विविध पक्ष र स्रष्टा एवम् तिनका सृजनामा पाइने प्रंवृतिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको छ ( कंडेल; २०५५: ९)

यदुनाथ खनालको दोस्रो समालोचना कृतिमा निम्नलिखित अठार पाठहरू समावेश भएका छन् -

१. **नेपालको साहित्य : एक सिंहावलोकन**, २. **नेपाली साहित्यमा आलोचनाको अवस्थाः एक दृष्टिकोण**, ३. **नेपाली साहित्यका केही समस्या**, ४. **नेपाली साहित्यमा प्रयोग र परम्पराः आगो र पानी** ५. **उमर खैय्यामका विशेषताहरू**, ६. **सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा**, ७. **कवितामा बौद्धिकताको प्रयोगः हिउँः एक आधुनिक इङ्गलिस कविता**, ८. **तरुण तपसी-एक दृष्टिकोण**, ९. **पण्डितराज सोमनाथलाई फर्केर हेर्दा**, १०. **हरिनाथ खनाल-एक परिचय**, ११. **बौद्धिकताको प्रयोगः आगो र पानी**,

१२. **लक्ष्मीप्रसाद देवकोटा-एक अधुरो संस्मरण**, १३. **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** १४. **यौटा सत्य कथा म भन्छु** , १५. **सिद्धिचरण श्रेष्ठ र उनका कविता** , १७. **कवि म.वी.वी. शाह** , १८. **नेपाली साहित्यमा चिन्तनको बटुलबाटुल** । उपर्युक्त अध्यायहरूमा साहित्यिक अध्ययनका स्रष्टापरक समालोचना, कृतिपरक समालोचना र प्रकृतिपरक समालोचना, कृतिपरक गरी तीन केन्द्र निर्धारित भएको पाइन्छ । जसमध्ये स्रष्टापरक समालोचनाअन्तर्गत **पण्डितराज सोमनाथलाई फर्केर हेर्दा, हरिनाथ खनालः एक परिचय, लक्ष्मीप्रसाद देवकोटा एक अधुरो संस्मरण, लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधार, सिद्धिचरण श्रेष्ठ - एक चित्रण, कवि भूपि शेरचन र उनका कविताह र कवि म. वी. बि. शाह** पर्दछन् भने कृतिपरक समालोचनाअन्तर्गत **नेपाली साहित्यमा प्रयोग र परम्परा आगो र पानी, सूक्तिसिन्धुको मूल्याक्तनको खोजमा, कवितामा बौद्धिकताको प्रयोग : हिउँः एक आधुनिक इङ्गलिस कविता, तरुण-तपसी एक दृष्टिकोण, ...बौद्धिकताको प्रयोग : आगो र पानी, र यौटा सत्य कथा म भन्छु** , पर्दछन् । त्यस्तै प्रकृतिपरक समालोचनाअन्तर्गत **नेपालको साहित्यः एक सिंहावलोकन, नेपाली साहित्यमा आलोचनाको अवस्थाः एक दृष्टिकोण, नेपाली साहित्यका केही समस्या र नेपाली साहित्यमा चिन्तनको बटुलबाटुल** पर्दछन् 'उमेर खैय्यामका विशेषताहरू' फणिन्द्रप्रसाद आचार्यद्वारा अनुवादित उमर खैय्यामको विश्व प्रसिद्ध कविता **उमर खैय्यामका रुवाइहरू**' कृतिको भूमिका हो ।

**साहित्यिक चर्चा**को पहिलो पाठ **नेपालको साहित्यः एक सिंहावलोकन** हो । यो लेख सर्वप्रथम **रूपरेखा** पत्रिकाका (पूर्णाङ्क १३९) मा प्रकाशित भएको हो र यो यस पुस्तकको सबैभन्दा लामो पाठ पनि हो । यस लेखमा नेपाली साहित्यका सन्दर्भमा पृथ्वीनारायण शाहको समयदेखि पारिजातको **वैंसको मान्छे** (२०२९) सम्मको नेपाली साहित्यिक इतिहासको विहङ्गावलोकन गरिएको छ । नेपाली साहित्यकारहरूको पश्चिमी साहित्यकारहरूसँग तुलना गर्दै विवेचना गरिएको प्रस्तुत लेख नेपाली साहित्यको इतिहास सर्वेक्षण गर्नमा पूर्ण त छैन तर थोरैमा स्पष्ट र बौद्धिक पाराले स्वविचारहरू प्रकट गर्न भने सफल रहेको छ

**नेपाली साहित्यमा आलोचनाको अवस्थाः एक दृष्टिकोण** आलोचनाको सैद्धान्तिक चर्चा गर्दै नेपाली आलोचनाको अवस्था सर्वेक्षण गरिएको एक महत्वपुर्ण लेख हो । **मधुपर्क** (वर्ष १ अङ्क १, २०२५) मा पहिलो पटक प्रकाशित भएको यस लेखमा समालोचक खनालले आलोचनाको सिद्धान्त र नेपाली समालोचनामा त्यसको प्रयोग दुवै गरेका छन् । आलोचनाको सैद्धान्तिक चर्चा गर्दै खनाल लेख्छन् -

> “समाजमा सीमित बौद्धिक वर्गको निमित्त त्यो भन्दा पनि झन सीमित सङ्ख्याका बौद्धिक व्यक्तिहरूले गरेको समाजको र साहित्यको चर्चा आलोचना हो । बौद्धिक वर्ग प्रशस्त र सक्रिय नभएको समाजमा न त सामाजिक न त साहित्यिक आलोचना मौलाउँछ ” ( खनाल, २०४९[ख] :३०) ।

आलोचनाको विकासका लागि स्वतन्त्र साहित्यिक सिर्जना एवम् तिनको समालोचना गर्ने स्वतन्त्र वातावरण हुनुपर्छ भन्ने समीक्षक खनाल नेपाली समालोचना गतिशील भई क्रमशः विकासको बाटोमा लम्किरहेको निष्कर्षमा पुगेका छन् ।

**नेपाली साहित्यका केही समस्या** शीर्षकको लेखमा ईश्वर बराल र तारानाथ शर्माद्वारा लिखित दुई अनुच्छेदको सूक्ष्म व्याख्या गरी नेपाली समालोचनाका समस्याहरूको निर्क्योल गरिएको छ । यो लेख सर्वप्रथम २०१७ सालको कार्तिकको शारदामा प्रकाशित भएको हो । अनावश्यक सरल बनाउन खोज्नु, विशेष कवि वा कृतिको उपेक्षा गर्नु, साहित्यको अनावश्यक गुणगान गाउनु, साहित्यका अवगुणहरूलाई स्पष्ट केलाउन नसक्नु, तर्कमा शिथिलता हुनु, आफ्नो अनुभूतिभन्दा बढी अर्काको अनुभूति उतार्नु, इमान्दारिता नहुनु एवम् लक्ष्ययुक्त राष्ट्रिय प्रयत्न नहुनु जस्ता समस्याहरू नेपाली समालोचनामा रहेको निष्कर्ष यहाँ निकालिएको छ ।

**नेपाली साहित्यमा प्रयोग र परम्पराः आगो र पानी** बालकृष्ण समको ‘**आगो र पानी** (२०११) खण्डकाव्यलाई केन्द्र बनाएर नेपाली साहित्यमा भएका प्रयोगहरूको सङ्क्षिप्त व्याख्या गरिएको लेख हो । यो सर्वप्रथम २०१७ साल, असार-साउनको **इन्दु** मा प्रकाशित भएको हो । यहाँ नेपाली साहित्यमा समको प्रवेश हुनुभन्दा अगाडिको नेपाली साहित्यको वास्तविक परिस्थिति **सूक्तिसिन्धु**मा चित्रित भएको कुरा स्विकारिएको छ । यसै लेखमा गरेको **सूक्तिसिन्धु**को टिप्पणी नै समालोचक रामकृष्ण शर्मासँगको समीक्षात्मक विवादको बीज रूप हो । नेपाली साहित्यमा प्रयोग र परम्पराका सन्दर्भमा सूक्तिसिन्धुको चर्चा गर्दै यदुनाथ भन्दछन्- “श्रृङ्गार रसको विरोध नगरीकन पनि त्यस पुस्तकका विभिन्न कवितामा व्यक्त गरिएको भावहरूको तुच्छता, मानवताको तिरस्कार र दासत्वको स्तुतिको आधारमा सूक्तिसिन्धुलाई नेपाली साहित्यको कालचत्रमा मध्यरात भन्न सकिन्छ” ( खनाल;२०४९[ख]: ४५) ।

सूक्तिसिन्धुका केन्द्रीयतामा यदुनाथले समालोचक रामकृष्ण शर्मासँग गरेको विवादलाई नेपाली समालोचनाकै इतिहासमा उल्लेख्य घटनाका रूपमा स्विकारिनुका साथै यसले नेपाली समालोचनाको गतिशीलतामा समेत महत्त्वपूर्ण योगदान दिएको छ ।

भावहरूको तुच्छता, मानवताको तिरस्कार, दासत्वको स्तुति आदिका आधारमा **सूक्तिसिन्धु** नेपाली साहित्यको मध्यरात्रि र क्षयोन्मुख कविताको प्रबल नमुना हो भन्ने कुरा **सूक्तिसिन्धुको मूल्याक्तनको खोजमा** शीर्षकको लेख पुष्टि गर्दछ (सुवेदी; २०६१: ९७) । यो लेख समालोचक रामकृष्ण शर्माको **सूक्तिसिन्धु एक स्वतन्त्र दृष्टिकोण** हो भन्ने रायको प्रतिवादस्वरूप लेखिएको हो । यहाँ खनालले शिष्ट र बौद्धिक रूपमा आफ्ना तर्कपूर्ण भनाइहरू यसप्रकार राखेका छन् - "अश्लील कविता पढ्दा हाम्रो हृदय उच्च भावनाले पखालिँदैन , दूषित भावनाले कलुषित हुन्छ" (खनाल; २०४९ [ख] :३४)

समीक्षक खनाल यस लेखमा नीतिपरक समालोचनाका मर्यादित अनुयायी बनेका छन् । निष्कर्षमा खनाल कविताको मर्यादालाई आवरणहीन गर्नु हुँदैन, साहित्यको चीरहरण गरिनुहुन्न भन्ने कुरामा दृढ रहेका छन् ।

**कवितामा बौद्धिकताको प्रयोग : हिउ एक आधुनिक इङ्गलिस कविता** आधुनिक इङ्गिलस कवि लुइ म्याकनिसको 'Show' शीर्षकको कवितालाई नेपालीमा अनुवाद गरी सविस्तार व्याख्या गरिएको लेख हो । अङ्ग्रजीका प्रख्यात बौद्धिक कविको एक बौद्धिक कवितालाई विश्लेषणका लागि रोजेर यहाँ खनालले आफूलाई बौद्धिकताका प्रखर पक्षपाती ठहऱ्याएका छन् । साहित्यलाई बौद्धिकताले सङ्कुचन होइन, विस्तृति प्रदान गर्छ भन्दै समीक्षण खनाल लेख्छन्- "एक सफल कविताले मानिसका सबै इन्द्रियहरूलाई राम्ररी प्रयोगमा ल्याउनु पर्छ " (खनाल; २०४९[ख] : ६५) ।

**तरुण तपसी एक दृष्टिकोण**मा कवि शिरोमणि लेखनाथ पौड्यालको नव्यकाव्य **तरुण तपसी** ( २०१०) को पाश्चात्य स्वच्छन्दतावादी साहित्य चिन्तन कलरिजको **कल्पना सिद्धान्त**का आधारमा विवेचना गरिएको छ । आफ्नो पहिलो कृति **समालोचनाको सिद्धान्त** (२००३) को चौधौं सैद्धान्तिक लेख **कल्पना**को समीक्षा संयन्त्र कल्पनाजस्तो नमिल्दो आधार लिएर समीक्षक खनालले सार्थक विवेचना गरेका छन् । यस्तो प्रयोग खनालको संस्कृत, नेपाली र अङ्ग्रजी साहित्यको बृहत् ज्ञानबाट सम्भव भएको हो ।

पण्डितराज सोमनाथको पण्डित व्यक्तित्व, अध्यापक व्यक्तित्व, व्याकरणकार व्यक्तित्व एवम् साहित्यिक व्यक्तित्वको प्रभावपरक समीक्षा गरिएको लेख हो '**पण्डितराज सोमनाथलाई फर्केर हेर्दा** । यो लेख नयराज पन्तले एक १३ श्लोके कविता रचना गरी हेमराजको प्रशंसा र सोमनाथको निन्दा गरेपछि उक्त टिप्पणीको प्रतिवादस्वरूप सोमनाथको प्रशंसा गरेर लेखिएको हो । यहाँ यदुनाथ नयराज पत्का प्रतिष्पर्धी विचारकका रूपमा देखापरेका छन् ।

आफ्नै वंशज परम्परा र दाजु हरिनाथ खनालको परिचयात्मक टिप्पणी गरेर लेखिएको लेख हो **हरिनाथ खनाल-एक परिचय** । हरिनाथ खनाल लुकेका एक उल्लेखनीय साहित्यिक व्यक्तित्व हुन् भन्दै यहाँ यदुनाथले हरिनाथको **मनुवाको आत्मकहानी** शीर्षकको १५ श्लोके अप्रकाशित कवितालाई पहिलो पटक पाठकसमक्ष उतारिदिएका छन् ।

दार्शनिक सीमा साहित्यको सीमासँग सम्बद्ध रहन्छ भन्ने कुरा खनालले समको **आगो र पानी** खण्डकाव्यको समीक्षण गर्दा अघि सारेका छन् (सुवेदी २०६१: ९७) उनले **बौद्धिकताको प्रयोग : आगो र पानी** शीर्षकको समीक्षात्मक लेखमा आफूलाई बौद्धिक गहिराइ भएका कृतिका सबल समीक्षक सिद्ध गरेका छन् । समीक्षाका सन्दर्भमा रचना र रचनाकारलाई अलग्याउन नमिल्ने कुरा अघि सार्दै बौद्धिकता कविको अनुभूतिको एक मुख्य अङ्ग बन्न आउनेमा जोड दिएका छन् । 'आगो र पानीको समीक्षा दुई-दुई पटक गर्नुमा यसको बौद्धिकता नै प्रमुख कारण बनेर देखापरेको छ ।

यदुनाथ खनाल महाकवि देवकोटासँग समय-समयमा अत्यन्त निकट भई सहकार्य गरेका समीक्षक हुन् । खनालले **साहित्यिक चर्चा**मा देवकोटासँगका अनुभूतिहरूलाई **लक्ष्मीप्रसाद देवकोटाः एक अधुरो संस्मरण** र **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** गरी दुई लेखमा समेटेका छन् ।

खनालले **लक्ष्मीप्रसाद देवकोटा : एक अधुरो संस्मरण** मा आफूले देवकोटासँग बिताएका क्षणहरूको प्रभावपरक विश्लेषण गरेका छन् । आत्मपरक संस्मरणात्मक शैलीमा लेखिएको यस लेखमा खनालले देवकोटालाई महान् कविका रूपमा मात्र होइन एक सहृदयी एवम् बौद्धिक व्यक्तित्वका रूपमा समेत सम्झेका छन् । त्यस्तै **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** शीर्षकको लेखमा देवकोटालाई प्रसिद्ध अङ्ग्रेजी स्वच्छन्दतावादी कवि किट्ससँग तुलना गर्दै उनको साहित्यिक व्यक्तित्वको एक मुष्ट विहङ्गावलोकन गरिएको छ । यो **नेपाल रिभ्यू** नामक मासिक पत्रिकामा प्रकाशित अङ्गेजी मूल लेखको अनुवाद हो ।

माधव घिमिरेको अङ्गीरस **करुण** भएको तेह्र श्लोके **यौटा सत्य-कथा म भन्छु** शीर्षकको कविताको प्रभावपरक विश्लेषण गरिएको लेख हो- **यौटा सत्य कथा म भन्छु ।** जीवनमा जिजीविषााको शक्ति सर्वाधिक महत्त्वपूर्ण हुन्छ । यहाँ उनले आफन्तको मृत्युभन्दा पनि ठूलो कुरा जीवनको स्वीकार भएको कुरा उल्लेख गरेका छन् । खनालले कविताको सारवस्तुको निरूपण गर्दै घृणालाई प्रेमले, अविश्वासलाई विश्वासले , असत्लाई सत्ले त्यस्तै मृत्युलाई जीवनले जित्ने कुरा अघि सारेका छन् ।

सिद्धिचरण श्रेष्ठको समग्र साहित्यिक व्यक्तित्वको चर्चा गरिएको लेख हो **सिद्धिचरण श्रेष्ठ-एक चित्रण** । लामो समयसम्म सम्बन्धित विषयको अध्ययन गरेर मात्र कलम चलाउने समीक्षक खनालले यहाँ सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्वको आधिकारिक समीक्षण गरेका छन् ।

कवि भूपि शेरचनको वैयक्तिक एवम् साहित्यिक जीवनका नवीन सूचनाहरू दिंदै प्रभावपरक विश्लेषण गरिएको लेख हो- **कवि भूपि शेरचन र उनका कविता**! । स्वच्छन्दतावादी साहित्यिक प्रतिभालाई माध्यम बनाएर समीक्षक खनालले प्रंकृतिको स्वच्छन्द वर्णन ठाउँ ठाउँमा गर्ने गर्दछन् । यहाँ उनले भूपिको पुर्ख्यौली थलो टुकुचे प्रदेशको प्राकृतिक मनोरमताले आफूलाई पारेको प्रभावको वर्णन गरेका छन् । यो **नेपाल रिम्यू** नामक मासिक पत्रिकाको पहिलो अङ्कमा प्रकाशित अङ्ग्रेजी मूल लेखको अनुवाद हो ।

राजा महेन्द्रले आफूलाई भारतका लागि शाही नेपाली राजदूत नियुक्त गरेको केही समयपछि लेखिएको **कवि म. वी. बि शाह** शीर्षकको लेखमा कवि राजा महेन्द्रको प्रभावपरक प्रशंसा गरिएको छ । यो लेख कवि शाहको प्रशंसामा केन्द्रित भए पनि प्रयुक्त तर्क, तथ्य एवम् भाषिक स्तरताका कारणले गर्दा यसले पर्याप्त समीक्षात्मक गुण भने बोकेकै छ ।

साहित्यिक चर्चाको अन्तिम क्रममा राखिएको लेख हो - **नेपाली साहित्यमा चिन्तनको बुटलबाटुल** । यहाँ खनालले नेपाली साहित्यको ऐतिहासिक आँकलन गर्दै नेपाली साहित्यका परम्परामा साहित्यकारका चिन्तन वा विचारको चर्चा गर्ने प्रयास गरेका छन् । यहाँ खनालले साहित्यलाई देशकाल निरपेक्ष वस्तु ठहऱ्याउँदै समाजले साहित्यबाट गौरव गर्न सक्ने तर साहित्यले समाजबाट गौरव गर्न नसक्ने कुराको चर्चा गरेका छन् । भाषिक स्तरता , बौद्धिक प्रस्तुति एवम् लेखकीय चिन्तनका दृष्टिले खनालका अन्य समीक्षात्मक लेखहरू झैं यो लेख पनि सफल रहेको छ ।

### ५.३ यदुनाथ खनालका छरिएर रहेका समीक्षात्मक सामग्रीहरू

समालोचक यदुनाथ खनालका **समालोचनको सिद्धान्त** र **साहित्यिक चर्चा** मा नसमेटिएका थुप्रै समीक्षात्मक लेखहरू विभिन्न पत्रपत्रिका एवम पुस्तकहरूमा छरिएर रहेका छन् ।

समीक्षक खनालको २००८ फागुन २३ गतेको गोरखापत्रमा **अस्ताएका तारा : बोधविक्रम अधिकारी** शीर्षकको लेख प्रकाशित भएको छ । लोपोन्मुख साहित्यकारहरूको गरिमालाई समीक्षकहरूले पहिचान गर्न सक्नुपर्ने धारणा राख्दै उक्त लेखमा नेपाली साहित्यका उज्याला तारा बोधविक्रम अधिकारीको साहित्यिक गरिमाको उजागर गरेका छन् ।

समीक्षक यदुनाथ खनालको **एक झलक : आनन्ददेव भट्ट** शीर्षकको गहन जीवनवृत्तमूलक समीक्षात्मक लेख २०१८, असार -साउनको रूपरेखामा प्रकाशित भएको छ । प्रगतिवादी युवा साहित्यकार आनन्ददेव भट्टको साहित्यिक जीवनलाई केन्द्र बनाएर लेखिएको यस लेखमा भट्टसँगका रोमाञ्चक भेटहरूको समेत चर्चा गरिएको छ ।

समीक्षक खनालको **उपमा, रूपक प्रतीक र सामधिक सपना** शीर्षकको गहन समीक्षात्मक लेख २०५६ , जेठ ८ गते, शनिबारको गोरखापत्रमा प्रकाशित भएको छ । यो कवितामा सौन्दर्यानुभूति प्रदान गर्ने उपमा, रूपक, प्रतीकजस्ता घटकहरूको सैद्धान्तिक चर्चा गरिएको सौन्दर्यशास्त्रीय लेख हो । यहाँ समीक्षक खनालले कविको खोज अलङ्कार नभई सम्प्रेषण भएको कुरा चर्चा गरेका छन् र सम्प्रेषणयात्राका चार चरणहरू क्रमशः 'उपमा', 'रूपक', 'प्रतीक' र 'समाधीय सपना' (Vision) रहेको कुराको सविस्तार चर्चा गरेका छन् ।

समीक्षक यदुनाथ खनालको अर्को समीक्षात्मक लेख हो- **सिर्जना, सम्प्रेषण र समालोचना** । यो लेख सर्वप्रथम डा. जयराज आचार्यद्वारा लिखित **यदुनाथ खनालः जीवनी र विचार** कृतिमा प्रकाशित भएको हो । यस लेखमा समालोचक खनालले आफ्नो पूर्वीय तथा पाश्चात्य ज्ञानको स्तरीय बौद्धिक प्रयोग गरेका छन् । यहाँ पूर्वीय तथा पाश्चात्य साहित्यको सृजनात्मक परम्परालाई तुलनात्मक पद्धतिद्वारा केलाईएको छ र पूर्वीय बौद्धिक गतिशीलताले पाश्चात्य बौद्धिक गतिशीलतालाई भेटाउन सकेको छैन भन्ने निष्कर्ष निकालिएको छ । साहित्यकार इन्द्रबहादुर राईका समीक्षात्मक प्रयोगहरूमा पाश्चात्य साहित्यको समालोचकीय चिन्तन स्तरअनुकूलको गतिशीलता देखिएको कुराको चर्चा समीक्षक खनालले गरेका छन् । काव्यशास्त्रले काव्यलाई सधैं दूर्बोध्य तुल्याउँछ भन्दै समीक्षक खनालले कविलाई युगसापेक्ष हुनुपर्ने सुझावसमेत दिएका छन् । यो समीक्षात्मक लेख चिन्तन तथा बौद्धिकताका दृष्टिले उच्चतम् प्राप्तिस्वरूप देखापरेको छ ।

समीक्षक खनालको अर्को समीक्षात्मक लेख हो - **देवकोटा र शाकुन्तल : एक विचरण** । यो लेखको प्रथम प्रकाशन **समकालीन साहित्य** (वर्ष ६, अङ्क १) मा भएको हो । यस लेखमा समीक्षक खनालले शाकुन्तल महाकाव्यको केन्द्रीयतामा देवकोटाको कविताकारिताको व्याख्या गरेका छन् । यहाँ खनालले पूर्वीय तथा पाश्चात्य साहित्यकारका साथै नेपाली अन्य साहित्यकारहरूसँग देवकोटालाई तुलना गर्दै उनलाई विश्वका महान् कविहरूका दाँजोमा उभ्याएका छन् । यहाँ देवकोटाको शाकुन्तल महाकाव्य गम्भीर चिन्तनमननस्वरूप लामो गर्भधारणको फल भएको टिप्पणी गरिएको छ ।

देवकोटाको साध्य यो महाकाव्यमा सत्य र सुन्दरताको एकानुभूति थियो भन्ने कुरा यस लेखको अध्ययनबाट स्पष्ट हुन्छ ।

समीक्षक खनालको अर्को महत्त्वपूर्ण लेख हो - **माधव घिमिरेका कविताको सानो परिक्रमा** ( समाकालीन साहित्य, वर्ष ७, अङ्क ३) यस लेखमा खनालले कवि घिमिरेको कवितायात्राको चर्चा गर्दै उनलाई उत्कृष्ट युग सापेक्ष कविका रूपमा विवेचना गरेका छन् । समीक्षक खनालले यहाँ घिमिरे र लेखनाथको तुलना गर्दै लेखनाथका लागि प्रकृति स्वर्ग र धर्तीबीचको सोपान हो भने घिमिरेका निम्ति प्रकृति मानवको हृदयको अङ्ग हो भनेका छन् । चिन्तन एवम् बौद्धिक प्रस्तुतिका दृष्टिले यो लेख उच्चतम् प्राप्ति बनेको छ ।

प्रतापचन्द्र प्रधानद्वारा सम्पादित **एक व्यक्ति अनेक अभिव्यक्ति** भन्ने ग्रन्थमा समीक्षक खनालले मास्टर रत्नदास प्रकाशको कलाकार व्यक्तित्वको समीक्षण गरेर एक महत्त्वपूर्ण लेख प्रकाशित गरेका छन् । यस लेखले समीक्षक खनालको कलागत चिन्तनको उजागर गरेको छ । कलाको परिभाषा गर्दै उनले यहाँ भनेका छन् -

> "कला वास्तवमा सच्चिदानन्द स्वरूप व्यक्तिको मानवीय स्तरमा एक अलौकिक अभिव्यक्ति हो । समाजको विकास कालकारको विकासमा अडिएको हुन्छ भन्दै खनालले हाम्रो समाजले कलालाई अँगाल्न पनि सकेको छैन र त्यागन पनि सकेको छैन ।"

समीक्षक खनालले नेपाली गद्य सङग्रहमा सङ्ग्रहित **ऐतिहासिक दृष्टिकोण** शीर्षकको लेखमा नेपाल र नेपाली सांस्कृतिक परम्पराको तुलनात्मक सर्वेक्षण गरिएको छ । नेपालको सांस्कृतिक चित्र उतार्ने क्रममा खनालले यहाँ कुनै कुनै प्रदेशमा शुद्ध आर्य र शुद्ध मङ्गोलियन जाति पाइए तापनि उत्तरतिरबाट झर्दै हुर्रिदै गएको रगतको बाढी र दक्षिणतिरबाट उक्लँदै गएको आर्य संस्कृतिको हुरी नै नेपालको सालाखाला चित्र हो भन्ने जस्ता वैचारिक टिप्पणीहरू गरेका छन् । हुन त यो लेख नेपालको राजनैतिक परम्पराको सर्वेक्षण गर्ने उद्देश्यले लेखिएको हो तापनि सांस्कृतिक चिन्तन र भाषिक पुष्टताले नेपाली संस्कृतिको महत्त्वपूर्ण ऐतिहासिक दस्ताबेज बनेर रहेको छ ।

समालोचक खनालले लेखेका आफ्ना एवम् अरू साहित्यकारहरूका विभिन्न विधाका साहित्यिक पुस्तकहरूका भूमिका वा मन्तव्यहरूमा समेत अत्यन्त गहन समीक्षात्मक टिप्पणीहरू पाइन्छन् । साहित्यका क्षेत्रमा उनका नेपाली र संस्कृतमा **समालोचनाको सिद्धान्त**, **साहित्यिक चर्चा**, **सूक्तिसञ्चय** र **नेपाली भामिनीविलास** गरी चार पुस्तकाकार कृतिहरूका भूमिका अत्यन्त महत्त्वपूर्ण रहेका छन् ।

त्यस्तै खनालले **नेपाल अधिराज्यमा तनहुँ** (डिल्लीराम मिश्र), **प्राध्यापक हरिनाथ : जीवनी र परिवेश** (कृष्णराज खनाल), **मृगस्थली** (डा. दुर्गा भण्डारी), **नेपाली शब्दसागर** (वसन्तकुमार शर्मा) लगायतका अन्य लेखकका विभिन्न विधाका पुसतकहरूमा भूमिका वा मन्तव्य लेखको छन् ।

यदुनाथ खनालले आफ्नो सैद्धान्तिक समालोचनाहरूको सङ्ग्रह **समालोचनाको सिद्धान्त** मा भूमिकास्वरूप लेखेका 'निवेदन' मा नेपाली समालोचनाको २००२, चैत्रसम्मको परम्परामा विनासिद्धान्त समालोचना लेखिइरहेको कुरा चर्चा गर्दै समालोचना लेख्नुभन्दा अगाडि केही सिद्धान्तहरूको आवश्यकता महसुस भएकाले प्रस्तुत सैद्धान्तिक पुस्तक लेखेको बताएका छन् । आफ्ना समालोचनाहरूको अर्को सङ्गालो **साहित्यिक चर्चा** को सानो मन्तव्यमा साहित्य अरूअरू कलाजस्तै मानवीय विशेषता हो, जातीय वा राष्ट्रिय विशेषता होइन भनेर साहित्य र अरू कलाका बीच रहेका समानताको चर्चा गरेका छन् । साहित्यिक चिन्तन र सूचनात्मक प्रस्तुतिका दृष्टिले यी दुवै पुस्तकका भूमिकाहरू महत्त्वपूर्ण छन् । केही मौलिक र केही विविध अन्य भाषाहरूबाट संस्कृतमा अनुवाद गरिएका कविताहरूको सङ्कलन **सूक्तिसञ्चय**को भूमिकामा यदुनाथले एउटा उत्कृष्ट कवि आफ्नो चेतनाको उच्चतम अवस्थामा कुनै पनि विश्वजनीन संस्कृतितर्फ सचेत भइरहने कुराको चर्चा गरेका छन् । तर युगबोधको उच्चतम स्तरमा हाम्रा स्रष्टाहरू पुग्न सकेको पाइन्न भन्ने उनको ठहर छ । पण्डितराज जगन्नाथको संस्कृत भामिनीविलासको समश्लोकी-समच्छन्दी नेपाली अनुवाद **नेपाली भामिनीविलास**को भूमिकामा काव्य र काव्यशास्त्रको सैद्धान्तिक चर्चा गर्दै संस्कृत कवि जगन्नाथ र उनको 'भामिनीविलास' को समेत विश्लेषण गरेका छन् । विश्व साहित्यको परिप्रेक्ष्यमा नेपाली साहित्यको उपलब्धिको चर्चा गर्ने क्रममा यदुनाथ खनालले भनेका छन् -"विश्वसाहित्यको गतिविधिसँग हाराहारिमा आउने सम र देवकोटाले थालेको र अहिले इन्द्रबहादुर राईमा प्रखरीभूत भएको प्रयत्न नेपाली साहित्यमा उपलब्धि हो" (खनाल: २०५५) ।

डा. दुर्गा भण्डारीको आत्मपरक निबन्धहरूको सङ्गालो **मृगस्थली** मा समीक्षक खनालले निबन्धकार भण्डारीको चर्चा गर्दै नेपाली आत्मपरक निबन्ध परम्पराको समेत सटिक व्याख्या गरेका छन् । डिल्लीराम मिश्रको **नेपाल अधिराज्यमा तनहुँ** पुस्तकको भूमिका लेखनका क्रममा समीक्षक खनालले ग्रन्थकार मिश्रको लेखन साधनाको प्रशंसा गर्दै नेपाली साहित्यको क्षेत्रमा तनहुँले उल्लेख्य साधकहरू जन्माएको कुराको चर्चा गरेका छन् । कृष्णराज खनालद्वारा लिखित हरिनाथ खनालको जीवनीपरक कृतिमा यदुनाथले कृतज्ञता ज्ञापन गर्ने क्रममा खनाल वंशको चर्चा गर्दै आफ्नो जीवनमा दाजु हरिनाथले पारेका प्रभावको प्रभावपरक चर्चा गरेका छन् । बसन्तकुमार शर्माको **नेपाली**

**शब्दसागर** कोशग्रन्थको भूमिका स्वरूप लेखिएको 'दुई शब्द' मा समीक्षक यदुनाथ खनालले नेपाली शब्दकोश सम्पादनको परम्परामा समग्र र वैज्ञानिक कोश निर्माण नभइरहेको परिप्रेक्ष्यमा कोशकार शर्माको बृहत्तर एवम् वैनिक कोशनिर्माणको प्रयासको प्रशंसा गरेको छन् । यस क्रममा भाषाशास्त्रीय चिन्तन गर्दै खनालले शब्दहरूको निर्माणमा अलच्किलो नियम र व्यवहार लादिएमा भाषाको विकाससँग सम्बद्ध सिर्जनात्मकताले खेल्न नपाउने कुराको चर्चा गरेका छन् ।

यदुनाथले दिएका विभिन्न साहित्यिक अन्तर्वार्ताहरू उनका साहित्यप्रतिका दृष्टिकोणहरू बुझ्न महत्त्वपूर्ण साबित भएका छन् । प्रा. घनश्याम कँडेलद्वारा सम्पादित एवम् प्रकाशित **रश्मी** (२०४०, वर्ष १, अङ्क २) पत्रिकामा प्रकाशित **श्री मदुनाथ खनालसाग भेटवार्ता** शीर्षकको अन्तर्वार्ता चुँदीरम्घाको वार्षिक मुखपत्र **विचार सङ्गम** (२०४२) पत्रिकामा प्रकाशित अन्तर्वार्ता, **पिढीलाई उमेरले छुट्याउनु हुँदैन** शीर्षकको गोरखापत्र (२०४२, माघ २६) मा प्रकाशित अन्तर्वार्ता, **रामायण पैसा कमाउन लेखिएको थिएन** शीर्षकको गोरखापत्र (      ) मा प्रकाशित अन्तर्वार्ता, **अलिकति विश्लेषण गर्नुपऱ्यो** शीर्षकको रेडियो नेपालको ५०औं वर्षगाँठका उपलक्ष्यमा प्रकाशित 'झङ्कार स्वर्ण-महोत्सव स्मारिका'मा प्रकाशित अन्तर्वार्ता, **सिर्जनामा बौद्धिक दास भन्ने कुरा हुँदैन**, शीर्षकको गरिमा (२०५८, जेठ) मा प्रकाशित अन्तर्वार्ता अीद खनालका उल्लेख्य साहित्यिक अन्तर्वातहरू हुन् ।

पत्रपत्रिका एवम् पुस्तकहरूमा छरिएर रहेका **रानी पोखरी**, **पृथ्वी समुन्द्र र आकाश नारी जीवन**, **ऐतिहासिक दृष्टिकोण**, **स्वावलम्बन**, **कठोरता, म कसरी राजदूत भएँ, म सम्झन्छु**लगायतका निबन्धहरूले खनाललाई निजात्मक र सशक्त चिन्तकका रूपमा स्थापित गरेका छन् भने मदन पुरस्कारलगायतका विभिन्न पुरस्कार वितरण एवम् अन्य साहित्यिक कार्यक्रममा प्रमुख अतिथिका रूपमा व्यक्त भएका उद्गारहरू तथा आफू **आदिकवि भानुभक्त पुरस्कार**, **वेदनिधि पुरस्कार** आदिबाट सम्मानित हुँदा व्यक्त भएका उद्गारहरू पनि बौद्धिक समीक्षात्मक गुणले भरिपूर्ण रहेका र यीमध्ये केही उद्गारहरू प्रकाशनमा पनि आइसकेका छन् ।

निष्कर्षमा नेपाली समालोचनाको परम्परामा यदुनाथ खनाल पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारभूत प्रणेता हुन् । नेपाली समालोचनाको आधुनिक कालखण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक यदुनाथ खनाल नेपाली समालोचनाका आधिकारिक र बौद्धिक हस्ताक्षर बनेका छन् ।

निष्कर्षमा यदुनाथ खनालका समीक्षागत प्रवृत्तिहरू निम्नानुसार अङ्कन हुन आउँछन् -

१. पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारमा पहिलोपटक नेपाली समालोचनाको मानदण्ड तयार पार्नु ,

२. समीक्षामा तुलनालाई मुख्य आधार बनाउनु,

३. गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनु ,

४. गुण र दोषको सन्तुलित निरूपण गर्नु ,

५. दार्शनिक र बौद्धिक गहिराइ भएका कृतिको समीक्षण गर्नु,

६. स्थापित सिद्धान्तहरूको समीक्षात्मक प्रयोग गर्नु ,

७. समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्नु ,

८. स्पष्ट र स्तरीय भाषामा बौद्धिक चिन्तन गर्नु ,

९. समीक्षामा नैतिक र आर्दश दृष्टिकोण राख्नु ,

१०. असङ्ख्य सूचना सम्प्रेषण गर्दै साहित्यकार तथा तिनका कृतिहरूको प्रभावपरक विश्लेषण गर्नु ,

११. स्वच्छन्दतावादी साहित्यप्रति झुकाउ राख्दै समीक्षामा आत्मपरक शैलीको प्रयोग गर्नु,

१२. समीक्षकहरूसँग तार्किक एवम् बौद्धिक प्रतिस्पर्धा गर्नु,

१३. समीक्षात्मक गुणहरूले भरिपूर्ण निबन्धात्मक सिर्जना एवम् साहित्यिक पुस्तकहरूमा भूमिका लेख्नु ।

# समालोचक यदुनाथ खनालका प्रवृत्तिहरू

यदुनाथ खनाल पूर्वीय र पाश्चात्य साहित्यशास्त्रीय मान्यतासित सुपरिचित समालोचक हुन् । खनालको **समालोचनाको सिद्धान्त** (२००३) नेपाली समालोचनापरम्परामा सैद्धान्तिक समालोचनाको पहिलो पुस्तक हो । यसरी सचेतताका साथ सैद्धान्तिक समालोचनाको थालनी गर्ने पहिला व्यक्ति उनी नै हुन् । खनालका नेपाली समालोचनाका पुस्तकाकार दुई कृतिहरूमध्येको दोस्रो कृति **साहित्यिक चर्चा** (२०३४) मा साहित्यका विविध पक्ष र स्रष्टा एवम् तिनका सृजनामा पाइने प्रवृत्तिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको छ (कँडेलः २०५५ः ९) । यी दुई पुस्तकमा नसमेटिएका थुप्रै समीक्षात्मक लेखहरू, अरू साहित्यकारहरूका पुस्तकका भूमिकाहरू एवम् समीक्षात्मक गुणले भरिपूर्ण निबन्धहरू विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा छरिएर रहेका छन् । उपर्युल्लिखित पुस्तकाकार दुई कृति, अन्य छरिएर रहेका समीक्षात्मक लेख-निबन्धहरूका आधारमा समालोचक यदुनाथ खनालका प्रवृत्तिहरको निम्नानुसार व्याख्या गर्नु उपयुक्त हुन्छ ।

## ६.१ पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारमा पहिलोपटक नेपाली समालोचनाको मानदण्ड तयार पार्नु

समालोचक यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (२००३) नेपाली समालोचनापरम्परामै पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारमा नेपाली समालोचनाको मानदण्ड तयार पारिएको पहिलो पुस्तकाकार कृति हो । यस पुस्तकमा समेटिएका सबै लेखहरूले पूर्वीय एवम् पाश्चात्य समालोचनाका मूलभूत मान्यतालाई समेट्ने प्रयास गरेका छन् । यस कृतिको पहिलो पाठ **समालोचनाको ऐतिहासिक दिग्दर्शन** आधुनिक समालोचनाका स्वरूप र मूल्यलाई परिचित गराउने प्रयत्न गरिएको सैद्धान्तिक लेख हो । यस लेखमा साहित्य र समालोचनालाई परिभाषित गर्दै समालोचक खनालले भनेका छन् -"पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु आलोचना हो" (खनाल, २०४९[क] : ३) ।

तुलनात्मक समीक्षा प्रणालीका आधारभूत प्रणेता खनालको **तुलनात्मक समालोचना** शीर्षकको लेखमा यस प्रणालीको आधिकारिक सिद्धान्त प्रस्तुत गरिएको छ । **काव्यको लक्षण** शीर्षकको लेखमा समालोचक खनालले विश्वनाथ कालीदास, श्रीहर्ष, देवकोटा, बेनेडिट्टो क्रोचे, अरिस्टोटल, शेक्सपियर, कलरिज, वर्डस्वर्थलगायतका पूर्वीय तथा पाश्चात्य साहित्यशास्त्री एवम् साहित्यकारहरूका विचार एवम् प्रसङ्ग उल्लेख गरेर काव्यको समष्टि लक्षणगत सिद्धान्त प्रस्तुत गरेका छन् । त्यस्तै **काव्यको**

**गुण**मा मूलतः पूर्वीय मूल्यलाई केन्द्र बनाएर काव्यका अलङ्कार, रस, स्थानीय रङ्ग, अर्थ र शब्दको सामञ्जस्य आदि साहित्यका गुणहरूको व्याख्या गरिएको छ । पाश्चात्य कलावादी सिद्धान्त **कला कलाका लागि**लाई मूल आधार बनाएर लेखिएको **कला कलाका लागि** शीर्षकको लेखमा उनले साहित्यमा कलाको स्थानलाई अपरिहार्य ठहऱ्याएका छन् । **समालोचनाको सिद्धान्त**मा समाविष्ट **छन्द**, **हास्य–रस** र **कल्पना** शीर्षकको लेखमा समीक्षक खनालले साहित्य र समाजको अविभाज्य सम्बन्धको मननीय चर्चा गरेका छन् भने **कविको नबुझिने हुन कति हक छ** ? शीर्षकको लेखमा उनले जति मात्रामा कवि पाठकले बुझिने हुन्छ, त्यति मात्रामा ऊ ठूलो हुन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । समालोचक खनालले यस पुस्तकमा **काव्यका भेद** शीर्षकका तीनवटा लेख लेख्दै साहित्यका महाकाव्य, खण्डकाव्य, फुटकर कविता, नाटक र उपन्यासजस्ता विधाहरूको सैद्धान्तिक चर्चा गरेका छन् ।

समीक्षक खनालको फुटकररूपमा गोरखापत्र (२०५६, जेठ ८) मा प्रकाशित **उपमा, रूपक, प्रतीक र सामाधिक सपना** अर्को महत्त्वपूर्ण सौन्दर्यशास्त्रीय लेख हो । यहाँ उनले शीर्षकमा उल्लिखित साहित्यिक घटकहरूको सैद्धान्तिक चर्चा गर्दै कविताको सम्प्रेषण यात्राका चार चरणहरू क्रमशः उपमा, रूपक, प्रतीक र सामाधिक सपना रहेको कुराको चर्चा गरेका छनज् । **सिर्जना, सम्प्रेषण र समालोचना** शीर्षकको अर्को महत्त्वपूर्ण लेखमा आफ्नो पूर्वीय तथा पाश्चात्य बृहत् ज्ञानको बौद्धिक प्रयोग गर्दै काव्यशास्त्रले काव्यलाई सधैं दूर्बोध्य तुल्याउने निष्कर्ष प्रस्तुत गरेका छन् ।

**समालोचनाको सिद्धान्त**का सबै पाठहरूमा समालोचनाको मूल्य पहिल्याउने क्रममा पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनको सुन्दर मिश्रण गरिएको छ, यद्यपि 'काव्यका लक्षण', **काव्यको गुण**, **छन्द**, **काव्यका भेद** (**महाकाव्य, खण्डकाव्य, अरू पाठ्य– कविता**), **हास्यरस कविको नबुझिने हुन कति हक छ** ? लगायतका पाठहरू पूर्वीय साहित्यको सौन्दर्यगत मूल्य पहिल्याउन बढी प्रयत्नरत देखिन्छन् भने **समालोचनाको ऐतिहासिक दिग्दर्शन**, **काव्यका भेद** (**नाटक काव्य**), **काव्यका भेद** (**उपन्यास**), **चरित्र–वर्णन**, **कल्पना**लगायतका पाठहरू पाश्चात्य साहित्यको सौन्दर्यगत मूल्य पहिल्याउनतर्फ बढी ढल्केका देखिन्छन् ।

निष्कर्षमा समालोचक यदुनाथ खनालका कूल समालोचनाहरूमध्ये झण्डै आधाभन्दा बढीमा पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारमा नेपाली समालोचनाको मानदण्ड तयार पार्ने प्रयास गरिएको छ । यिनै समालोचनात्मक लेखहरूले उनलाई आधिकारिक सैद्धान्तिक समालोचकका रूपमा स्थापित गरेका छन् । **समालोचनाको सिद्धान्त** नेपाली समालोचनाको परम्परामा पहिलो सैद्धान्तिक

समालोचनाको पुस्तक हो र यसरी सचेतताका साथ सैद्धान्तिक समालोचनाको थालनी गर्ने पहिला व्यक्ति यदुनाथ खनाल नै हुन् ।

## ६.२ समीक्षामा तुलनालाई मुख्य आधार बनाउनु

यदुनाथ खनालको समालोचनाकारिताको एक मुख्य प्रवृत्ति तुलनात्मकता हो । यदुनाथ खनाल पूर्वीय र पाश्चात्य साहित्यशास्त्रीय मान्यतासित सुपरिचित समालोचक हुन् । आफ्ना अधिकांश समालोचनाहरूमा उनले पूर्वीय र पाश्चात्य साहित्यशास्त्रका बीच तुलनात्मक टिप्पणी गर्दै नेपाली समालोचनाको परिधिभित्र रहेर निष्कर्ष निकालेका छन् । यति मात्र होइन, उनका समालोचनाहरूमा पूर्वीय र पाश्चात्य साहित्यकारहरूका बीच, विभिन्न नेपाली साहित्यकारहरूका बीच, विभिन्न साहित्यिक विधाहरूका बीच, इतिहास र साहित्यका बीच, दुई साहित्यिक युगका बीच, समालोचक र साधारण पाठकका बीच, विज्ञान र साहित्यका बीच, साहित्य र समाजका बीच, साहित्य र कलाका बीचको तुलनात्मक अध्ययन गरी साहित्यिको सिद्धान्त एवम् अन्य विविध पक्ष र स्रष्टा एवम् तिनका सृजनाको मूल्याङ्कन गरिएको छ ।

**समालोचनाको सिद्धान्त**को दोस्रो पाठ **तुलनात्मक समालोचना**मा यदुनाथले समालोचना गर्ने क्रममा तुलनाको कस्तो महत्त्व हुन्छ भन्ने कुराको सविस्तार चर्चा गरेका छन् । “वैज्ञानिक समालोचनाको आरम्भ तुलना हो” भन्ने स्पष्ट र निर्णायक वाक्यबाट थालिएको प्रस्तुत लेखलाई उनले तुलनात्मक समीक्षा प्रणालीको सैद्धान्तिक दस्तावेजकै रूपमा अगि सारेका छन् । यस लेखको सुरुमै खनालले सङ्गीतको उदाहरण दिँदै दुई वा दुईभन्दा बढी सङ्गीतहरू सुनिसकेपछि मात्र स्रोतामा तुलनात्मक पद्धतिद्वारा समीक्षात्मक विचारहरू देखापर्दछन् भन्दै यिनै विचारहरूलाई समालोचनाको बीच भन्न सकिने आफ्नो तर्क प्रकट गरेका छन् । समीक्षामा गरिने तुलनाको क्षेत्र देशविदेशसम्म स्वतन्त्ररूपले फैलिन पाउनुपर्ने निष्कर्ष यदुनाथ खनालको रहेको छ ।

समालोचक यदुनाथ खनालले एउटै लेखमा धेरै तुलनात्मक माध्यमको प्रयोग गर्ने प्रवृत्ति देखाएका छन् । **समालोचनाको ऐतिहासिक दिग्दर्शन** शीर्षकको लेखमा पाश्चात्य साहित्यका तुलनामा पूर्वीय साहित्यको समालोचना निकै पछाडि रहेको धारणा व्यक्त गर्दा पूर्वी र पाश्चात्य समालोचनाको स्तरका बीच तुलना गरिएको छ भने इतिहासको पुनरावृत्ति नभएझैं साहित्यको पनि पुनरावृत्ति हुँदैन भन्दै इतिहास र साहित्यका बीच तुलना गरिएको छ । वर्तमान नेपाली साहित्य भानुभक्तकालीन साहित्यभन्दा महान् छ, जसका कारण वर्तमान साहित्यले वर्तमान जातीयता, विचार, भावनालाई बढी

समेटेको मत व्यक्त गर्दा भानुभक्तकालीन नेपाली साहित्य र वर्तमान नेपाली साहित्यका बीच तुलना गरिएको छ ।

**समालोचनाको सिद्धान्त**मा त्यस्तो कुनै पनि पाठ छैन जसमा पूर्वीय साहित्यको सौन्दर्य चिन्तन र पाश्चात्य साहित्यको सौन्दर्य चिन्तनका बीचमा कत्ति पनि तुलना नगरिएको होस् । यस सङ्ग्रहमा समालोचक खनालका **काव्यका भेद** शीर्षकका तीन पाठहरू रहेका छन् । यी पाठहरूमा काव्यका स्थापित विधाहरूमध्ये महाकाव्य, खण्डकाव्य, अरू पाठ्यकविता, नाटक र उपन्यासका बीच तुलनामा गर्दै सैद्धान्तिक व्याख्या गरिएको छ । **कल्पना** शीर्षकको लेखमा नेपाली साहित्यका तीन महान् कविहरू लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका एक-एक श्लोकहरूको तुलनात्मक व्याख्या गर्दै कल्पनाको निरूपण गरिएको छ । **उपसंहार**मा विज्ञान र साहित्यका बीच तुलना गर्दै साहित्यको स्थान निरूपण गर्ने क्रममा समालोचक खनालले भनेका छन् - “साहित्य नपढ्ने मानिस जतिसुकै अरू ग्रन्थ पढे पनि एक किसिमले अपूरो रहन्छ ” (खनाल, २०४९[क]: ११३) ।

यदुनाथको अर्को समीक्षात्मक कृति **साहित्यिक चर्चा**मा यस समीक्षा प्रणालीले उल्लेख्य स्थान प्राप्त गरेको छ । **समालोचनाको सिद्धान्त**मा मूलतः पूर्वीय काव्यशास्त्र र पाश्चात्य काव्यशास्त्रका बीच तुलना गरिएको छ भने **साहित्यिक चर्चा** मा मूलत पूर्वीय साहित्यकार र तिनका सिर्जनासँग पाश्चात्य साहित्यकार र तिनका सिर्जनाको तुलना गरिएको छ । **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** शीर्षकको लेखमा उनले देवकोटाको प्रसिद्ध अङ्ग्रेजी स्वच्छन्दतावादी कवि कीट्ससँग तुलना गर्दै उनको साहित्यिक व्यक्तित्वको एकमुष्ट विहङ्गावलोकन गरेका छन् । यति मात्र होइन, यहाँ उनले नेपाली साहित्यका महान् कविहरू लेखनाथ पौड्याल, बालकृष्ण सम एवम् सिद्धिचरण श्रेष्ठसँग लक्ष्मीप्रसाद देवकोटाको तुलना गरी स्वच्छन्दतावादी काव्यधारामा देवकोटाले बनाएको स्थानको उच्च मूल्याङ्कन गरेका छन् । **यौटा सत्य कथा म भन्छु** शीर्षकको माधव घिमिरेको कविता वर्डस्वर्थको **एकली धान्य कन्या** एवम् मार्गारिटको **दुःख** शीर्षकका कवितासँग तुलनीय रहेको चर्चा गरिएको छ । **कवि भूपि शेरचन र उनका कविता** शीर्षकको लेखमा कवि भूपिको पारिवारिक र आर्थिक सम्पन्नता र राणा खानदानका सम्पन्न कवि बालकृष्ण समको पारिवारिक र आर्थिक सम्पन्नताका बीच समअवस्था रहेको कुराको चर्चा गरिएको छ ।

उपर्युक्त तथ्यहरूका आधारमा हामी के निष्कर्षमा पुग्न सक्छौं भने यदुनाथ खनालले आफ्ना समीक्षाहरूमा तुलनालाई मुख्य आधार बनाउँदछन् । यस कारण तुलनात्मकता उनका समीक्षाहरूको उल्लेख्य प्रवृत्ति बनेर रहेको छ ।

## ६.३ गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनु

यदुनाथ खनाल कुनै पनि विषयमा राम्रो अध्ययन गरेर ढिलो कलम चलाउने समालोचक हुन् । २००३ सालमा **समालोचनाको सिद्धान्त** प्रकाशित गरेपछि उनले **इन्दु**, **रूपरेखा**, **नेपाली**, **शारदा**, **भानु**, **गोरखापत्र**लगायतका विभिन्न पत्रपत्रिकाहरूमा कताकति मात्र समीक्षात्मक लेखहरू लेख्दै गए, यद्यपि उनले पूर्वीय तथा पाश्चात्य साहित्यको व्यापक अध्ययन भने गरिरहेका थिए । **साहित्यिक चर्चा** झण्डै बीस वर्षभन्दा पनि बढी समयको अवधिभित्र विभिन्न समयमा साहित्य र साहित्यकारका सम्बन्धमा लेखिएका लेखहरूको सङ्गालो हो । **सिद्धिचरण श्रेष्ठ-एक चित्रण** शीर्षकको लेखमा खनाल आफैले भनेका छन् -

> "सिद्धिचरणलाई बुझ्ने र सम्झने तथा सम्भवतः उनलाई कविका रूपमा मूल्याङ्कनसमेत गर्ने ध्येयले गत केही वर्षसम्म मैले उनको बारेमा निकै चिन्तन गरेँ. । उनको कविताहरूमा विशेष गरेर **मेरो प्रतिविम्ब** भन्ने सङ्ग्रह र लामो **उर्वशी** खण्डकाव्य दोहो-याई-दोहो-याई पढेँ र रत्नध्वज जोशी र विजयबहादुर मल्ललगायतले उनको विषयमा लेखेका आलोचनात्मक लेखहरू पनि पढेँ" (खनाल, २०४९[ख]: १३६) ।

यस आत्मकहानीले के प्रष्ट पार्छ भने यदुनाथ खनाल कुनै पनि विषयको बारेमा गहन अध्ययन गरेर मात्र समालोचना गर्ने समालोचक हुन् ।

यदुनाथका सबै समालोचनाहरूमा निर्णयात्मक विचार सम्प्रेषण गर्नका लागि आधिकारिक तथा प्रामाणिक तथ्यहरूलाई मुख्य आधार बनाइएको छ । उनको यो प्रवृत्ति उनका समालोचनाहरूको पहिलो सँगालो **समालोचनाको सिद्धान्त**को पहिलो अध्याय **समालोचना ऐतिहासिक दिग्दर्शन**बाटै देखापरेको छ । उनले यो लेखमा साहित्य र समालोचनाको स्पष्ट र निर्णायक परिभाषा दिँदै भनेका छन्-

> "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु आलोचना हो" (खनाल, २०४९[क]: ३) ।

उनले यहाँ लेखनाथ पौड्याल, भानुभक्त आचार्य, शेक्सपियर, वर्डस्वर्थ, इब्सेन, शेली जस्ता पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूको चर्चा गर्दै समालोचनाको सैद्धान्तिक व्याख्या गरेका छन् । **काव्यको लक्षण**, **काव्यको गुण**, **काव्यका भेद** (१, २, ३), **चरित्रवर्णन**, **कल्पना**, **एउटा सत्य कथा म भन्छु** , **सिद्धिचरण श्रेष्ठ-एक चित्रण**, **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा**, **कवि भूपि शेरचन र**

**उनका कविता**, **कवि म.वी.बि.शाह**, **सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा**लगायतका थुप्रै समालोचनाहरूमा उनले पूर्वीय तथा पाश्चात्य साहित्यकार एवम् तिनका सिर्जनाहरूलाई तथ्यका रूपमा प्रयोग गर्दै आफ्ना निर्णयात्मक तर्कपूर्ण विचारहरू अगि सारेका छन् । चर्चित श्रृङ्गारिक कविताहरूको सँगालो **सूक्तिसिन्धु**का सम्बन्धमा आफ्ना विचार व्यक्त गर्ने क्रममा यदुनाथले भनेका छन् - "विभिन्न कवितामा व्यक्त गरिएका भावहरूको तुच्छता, मानवताको तिरस्कार र दासत्वको स्तुतिका आधारमा सूक्तिसिन्धुलाई नेपाली साहित्यको कालचक्रमा मध्यरात भन्न सकिन्छ" (खनाल, २०४९[ख]: ४५) ।

**काव्यको भेद** (**नाटक काव्य**) शीर्षकको पाठमा अरिस्टोटल, कालीदास, विश्वनाथ, गेटे, एस्किलस, सोफोक्लिज, युरिपाइडिज, शेक्सपियर, इब्सेन, गल्ज्वर्दि, सम, जर्ज बर्नाड शाँ लगायतका थुप्रै नाटककार तथा नाट्यशास्त्रीहरूको चर्चा गर्दै नाटकको विधागत सैद्धान्तिक व्याख्या गरिएको छ । यो लेख खनालको पूर्वीय तथा पाश्चात्य साहित्यको गहन अध्ययनको परिणाम हो । **कवि म. वी. बि. शाह** शीर्षकको लेखमा कवि राजा महेन्द्रका थुप्रै कविताहरूलाई उद्धृत गर्दै खनालले निष्कर्षस्वरूप भनेका छन् - "कविता समाजका विभिन्न घटनादेखि पृथक रहन सक्दैन । अलग रहयो भने साहित्यको मतलब रहँदैन ।" (खनाल, २०४९[ख] : १६०) ।

जीवनमा जिजीविषाको शक्तिलाई सर्वाधिक महत्त्वपूर्ण प्रमाणित गर्ने क्रममा माधव घिमिरेको एक कविताको विवेचना गरिएको **यौटा सत्य-कथा म भन्छु** शीर्षकको लेखमा कविताको सारवस्तु निरूपण गर्दै घृणालाई प्रेमले अविश्वासलाई विश्वासले , असत्लाई सत्ले त्यस्तै मृत्युलाई जीवनले जित्ने निर्णय अगि सारेका छन् । प्रामाणिक तथ्यका आधारमा निर्णय दिने प्रवृत्ति खनालले लेखेका अरू लेखकहरूका साहित्यिक पुस्तकहरूका भूमिकामा पनि टड्कारो रूपमा पाइन्छ । उनका समालोचनाहरूमा यस्तो प्रामाणिक तथ्यका आधारमा निर्णय दिइएका स्थानहरू अनेकौं छन् । निष्कर्षस्वरूप हामी के भन्न सक्दछौ भने यदुनाथ खनाल गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिने समीक्षक हुन् ।

## ६.४ गुण र दोषको सन्तुलित निरूपण गर्नु

यदुनाथ खनालले आफ्ना समीक्षाहरूमा नैतिक, बौद्धिक एवम् आदर्शकेन्द्री आग्रह राखेर साहित्य सर्जक र तिनका सिर्जनाहरूका गुणहरू र दोषको सन्तुलित निरूपण गर्दछन् । उनका अनुसार त्यस्तो सिर्जना गुणवान् ठहर्छ, जसले सामाजिक चेतनामा नैतिक तथा बौद्धिक प्रभाव छोड्न सफल हुन्छ ; त्यस्तै त्यस्तो सिर्जना दोषवान ठहर्छ , जसले सामाजिक चेतनामा अश्लील तथा निकृष्ट प्रभाव छोडेको हुन्छ । यदुनाथ खनालले समाजमा सर्वाधिक निकृष्ट प्रभाव छाडेको कृति 'सूक्तिसिन्धु

ठहऱ्याएका छन् । भावहरूको तुच्छता, मानवताको तिरस्कार, दासत्वको स्तुति आदिका आधारमा सूक्तिसिन्धु नेपाली साहित्यको मध्यरात्रि र क्षयोन्मुख कविताको नमुना भएको ठहर उनको रहेको छ । उनले नेपाली कविताका प्रमुख प्रतिभा लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सोमनाथ सिग्द्यायल, माधव घिमिरे, सिद्धिचरण श्रेष्ठ, म. वी. वि. शाह र भूपि शेरचनको कवित्व एवम् तिनका कविताकाव्यकाबारे समीक्षा गर्दा छिटफुटरूपमा दोषहरूको चर्चा गरे तापनि आफूलाई मूलतः गुणदर्शक समालोचकका रूपमा उभ्याएका छन् । खनालले **लक्ष्मीप्रसाद देवकोटाः एक अधुरो संस्मरण** मा देवकोटालाई महान् कवि जत्तिकै महान् प्रभावक र सहृदयी बौद्धिक व्यक्तिका रूपमा प्रशंसा गरेका छन् भने **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** शीर्षकको लेखमा देवकोटालाई अङ्ग्रेजी साहित्यका महान् स्वच्छन्दतावादी कवि कीट्ससँग तुलनीय ठहऱ्याएका छन् । सोमनाथको बहुमुखी व्यक्तित्वको प्रशंसा गरेर लेखिएको लेख हो- **पण्डितराज सामेनाथलाई फर्केर हेर्दा** । यस लेखमा समालोचक खनालले १३ श्लोकी कविता रची सोमनाथको निन्दा गर्ने विद्वान् नयराज पन्तको कटु आलोचनासमेत गरेका छन् । समालोचक खनालले कवि म. वी. वि. शाहको कवित्वको चर्चा गर्ने क्रममा उनका गुणहरूको चर्चा गरेका छन् । **नेपाली साहित्यका केही समस्या** शीर्षकको लेखमा खनालले नेपाली समालोचनाको विकास तीव्रतर गतिमा हुन नसक्नुमा अनावश्यक सरल बनाउन खोज्नु , विशेष कवि वा कृतिको उपेक्षा गर्नु, साहित्यको अनावश्यक गुणगान गर्नु, साहित्यका अवगुणहरूलाई स्पष्ट केलाउन नसक्नु, तर्कमा शिथिल हुनु, आफ्नो अनुभूतिभन्दा बढी अर्काको अनुभूति उतार्नु, इमानदारी नहुनु, लक्ष्ययुक्त राष्ट्रिय प्रयत्न नहुनु लगायतका कारणहरूको निर्क्यौल गरेका छन् । निष्कर्षमा के भन्न सकिन्छ भने यदुनाथ खनाल आफ्ना समालोचनाहरूमा गुण र दोषको सन्तुलित निरूपण गर्ने समीक्षक हुन् ।

## ६.५ दार्शनिक र बौद्धिक गहिराइ भएका कृतिहरूको समीक्षण गर्नु

अङ्ग्रजी साहित्यका विद्वान् भए पनि हिन्दू संस्कृतिका आदर्शमा आस्थावान खनाल साहित्यमा बौद्धिकताको पक्ष लिन्छन् । उनले समालोचनाका लागि दार्शनिक र बौद्धिक गहिराइ भएका साहित्यकार एवम् तिनका कृतिहरू नै रोज्छन् र समालोचना गर्दा यस्ता कृतिहरूमा निहित दार्शनिक र बौद्धिक गहिराइ खोतल्ने प्रयास गर्दछन् ।

“भावनाको बौद्धिक कोमलता नै कविता हो” भन्ने समको **आगो र पानी** खण्डकाव्य स्रष्टाको बौद्धिक व्यायाम हो भन्ने कुरा यदुनाथले ठम्याएका छन् (सुवेदी, २०६१: १००) । उनले **बौद्धिकताको प्रयोग : आगो र पानी** शीर्षकको समीक्षात्मक लेखमा आफूलाई बौद्धिक गहिराइ भएका कृतिका सबल

समीक्षक सिद्ध गरेका छन् । यहाँ उनले बौद्धिकता कविको अनुभूतिको एक मुख्य अङ्ग बन्न आउनेमा जोड दिंदै भनेका छन् -"उपनिषद्, गीताजस्ता रचनाहरू बुद्धिप्रधान भए तापनि वास्तवमा उत्तम कविता नै हुन् । बढ्ता नियमबद्ध भई संस्कृत साहित्यले दर्शनदेखि अलग, छुट्टै बाटो लिन थाले पनि साहित्यिक रचनाहरूबाट बौद्धिकताको लोप भएको हुँदैन" (खनाल, २०४९[ख] : १०४) ।

उनले **आगो र पानी** खण्डकाव्यको समीक्षा दुईदुई पटक गर्नुमा यसमा अन्तर्निहित दार्शनिकता र बौद्धिकता नै प्रमुख कारण बनेर **देखापरेको छ ।**

**कवितामा बौद्धिकताको प्रयोग : हिउँ एक आधुनिक इङ्गलिस कविता** आधुनिक इङ्गलिस कवि लुई म्याकनिसको 'snow' शीर्षकको कवितालई नेपालीमा अनुवाद गरी सविस्तार व्याख्या गरिएको लेख हो । अङ्ग्रेजीका प्रख्यात बौद्धिक कविको एक बौद्धिक कवितालाई विश्लेषणका लागि रोजेर यहाँ खनालले आफूलाई बौद्धिकताका प्रखर पक्षपाती ठहऱ्याएका छन् । साहित्यलाई बौद्धिकताले सङ्कुचन होइन, विस्तृति प्रदान गर्छ भन्दै समालोचक खनालले भनेका छन्- "एक सफल कविताले मानिसका सबै इन्द्रियहरूलाई राम्ररी प्रयोगमा ल्याउनु पर्छ" (खनाल, २०४९[ख] :६५) ।

समालोचक खनालको एउटा पनि त्यस्तो समालोचनात्मक लेख छैन, जसमा उनको पूर्वीय र पाश्चात्य साहित्यको बृहत् अध्ययन एवम् बौद्धिकताको प्रभाव नपरेको होस् । **सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा** शीर्षकको लेखमा उनले अत्यन्त गहन तर्कहरूका आधारमा सूक्तिसिन्धुलाई नेपाली साहित्यको मध्यरात्रि र क्षयोन्मुख कविताको प्रबल नमुना ठहऱ्याएका छन् । **तरुण तपसी एक दृष्टिकोण** मा कवि शिरोमणि लेखनाथ पौड्यालको नव्यकाव्य **तरुण तपसी** (२०१०) को पाश्चात्य स्वच्छन्दतावादी साहित्य चिन्तक कलरिजको **कल्पना सिद्धान्त**का आधारमा विवेचना गरिएको छ । पण्डितराज सोमनाथलाई एक दार्शनिक एवम् बौद्धिक व्यक्तित्वका रूपमा व्याख्या गर्नु एवम् हरिनाथ खनाललाई लुकेका बौद्धिक सर्जकका रूपमा चित्रण गर्नुले के सिद्ध हुन्छ भने यदुनाथ खनाल दार्शनिक र बौद्धिक गहिराइ भएका कृतिकार र तिनका कृतिको समीक्षण गर्ने समालोचक हुन् ।

## ६.६ स्थापित सिद्धान्तहरूको समीक्षात्मक प्रयोग गर्नु

समालोचक यदुनाथ खनाल आफैले समालोचनाको सिद्धान्त निर्माण गर्ने अनि तिनीहरूको आधारमा स्थापित कविहरू एवम् तिनका कृतिहरूको समालोचना गर्ने समालोचक हुन् । यदुनाथले आफ्नो पहिलो कृति **समालोचनाको सिद्धान्त** मा साहित्य तथा समालोचनाको सैद्धान्तिक व्याख्या गरेका छन् भने आफ्ना समीक्षाहरूको दोस्रो सँगालो **साहित्यिक चर्चा** मा स्थापित सिद्धान्तहरूको प्रयोग गरेका

छन् । अथवा **समालोचनाको सिद्धान्त** मा उब्जाएका सैद्धान्तिक सबालहरूको प्रायोगिक जवाफ बनेको छ - **साहित्यिक चर्चा** ।

**समालोचनाको सिद्धान्त** मा पूर्वीय र पाश्चात्य मान्यता र व्यवहारलाई अध्ययन गरी समालोचनाको ऐतिहासिक दिग्दर्शन, तुलनात्मक समालोचना प्रणालीको व्याख्या, काव्यमा लक्षण, गुण, छन्द, रस आदिको चर्चा, काव्यका विधागत भेदहरूको तुलनात्मक व्याख्या, साहित्य र समाजको अविभाज्य सम्बन्धको चर्चा, साहित्यमा कल्पनाको महत्त्व, कवितामा सहज सम्प्रेषणको आवश्यकताजस्ता समालोचनाका सैद्धान्तिक प्रारूपहरूको निरूपण गरिएको छ । **समालोचनाको सिद्धान्त** को पहिलो पाठमा समालोचनाको परम्पराका आधारमा सिद्धान्त प्रस्तुत गर्ने खनालल **साहित्यिक चर्चा**को पहिलो पाठमै तिनै सिद्धान्तका आधारमा नेपाली साहित्यको ऐतिहासिक सिंहावलोकन गरेका छन् । **तुलनात्मक समालोचना** शीर्षकको लेख लेखेर समालोचनामा तुलनाको उल्लेख्य महत्त्व दर्शाउने समालोचक यदुनाथ खनालका प्रायः सबै समालोचनाहरूमा तुलनालाई प्राथमिकता दिइएको छ । एकातिर उनले **काव्यका भेद** शीर्षकका तीन लेख लेखी महाकाव्य, खण्डकाव्य, अरू पाठ्य कविता, नाटक र उपन्यासको सैद्धान्तिक चर्चा गरेका छन् भने अर्कातिर आफैले संयोजन गरेका सिद्धान्तहरूको आधारमा **आगो र पानी** खण्डकाव्य, **तरुण तपसी** नव्यकाव्य, **शाकुन्तल**, महाकाव्य, **यौटा सत्य कथा म भन्छु**, कविता, **हिउँ** कविता, **सूक्तिसिन्धु** कविता सङ्ग्रह एवम् सोमनाथ सिग्द्याल, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन, म.वी.वि. शाहलगायतका कविहरूका कविताहरूको समीक्षा गरेका छन् । **तरुण तपसी एक दृष्टिकोण** मा कवि शिरोमणि लेखनाथ पौड्यालको नव्यकाव्य **तरुण तपसी** (२०१०) को पाश्चात्य स्वच्छन्दतावादी साहित्य चिन्तक कलरिजको **कल्पना सिद्धान्त** का आधारमा विवेचना गरिएको छ । आफ्नो पहिलो कृति **समालोचनाको सिद्धान्त** (२००३) को चौधौं सैद्धान्तिक लेख **कल्पना** को समीक्षात्मक प्रयोगका रूपमा देखापरेको यो लेखमा पष्किारवादी कविको उत्कृष्ट काव्यलाई स्वच्छन्दतावादी समीक्षा संयन्त्र **कल्पना** जस्तो नमिल्दो आधार लिएर समालोचक खनालले सार्थक विवेचना गरेका छन् । यति मात्र होइन, यदुनाथ खनालले एउटै समीक्षात्मक लेखमा पनि एकातिर सिद्धान्त र अर्कातिर त्यसै सिद्धान्तका आधारमा कृतिहरूको विवेचना गरेका उदाहरणहरू पनि प्रशस्त पाइन्छन् । **कवितामा बौद्धिकताको प्रयोगः हिउँ– एक आधुनिक कविता** शीर्षकको लेखमा साहित्यलाई बौद्धिकताले सङ्कुचन होइन, विस्तृति प्रदान गर्छ भन्दै कवितामा बौद्धिकताको महत्त्वको सविस्तार व्याख्या गरेका छन् । साथै अङ्ग्रेजी साहित्यका प्रख्यात बौद्धिक कवि 'लुइ म्याकनिस' को एक बौद्धिक कविता **'Snow'** को नेपालीमा अनुवाद गरी विश्लेषण गरेका छन् । त्यस्तै अर्को एक लेखमा बौद्धिकताकै कसीमा **आगो र पानी** खण्डकाव्यको विश्लेषण गरेका छन् ।

उपर्युक्त तथ्यहरूका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने यदुनाथ खनाल स्थापित सिद्धान्तहरूको समीक्षात्मक प्रयोग गर्ने समीक्षक हुन् ।

### ६.७ समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्नु

यदुनाथ खनाल साहित्यकारमा नैतिक चेतना र समाजप्रतिको उत्तरदायित्व बोध हुनुपर्छ, साहित्यकारहरूले जे मन लाग्यो, त्यही लेख्नु हुँदैन, साहित्यको काम मनोरञ्जन दिनु मात्र होइन, समाजलाई उन्नत स्तरमा उकाल्न सघाउ पुऱ्याउनु पनि हो भन्ने मान्यता राख्छन् (कँडेल, २०५५: १०) । समाज र साहित्य एवम् कला र जीवनको अन्योन्यास्रित सम्बन्धको व्याख्या उनका धेरै समीक्षाहरूले गरेका छन् ।

समाज भनेको जीवन र जगत हो । साहित्य भनेको त्यस समाजमा बस्नेहरूको शैली हो । यसकारण समाज र साहित्यको अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने कुरा 'साहित्य र समाज' शीर्षकको पाठबाट पुष्टि हुन्छ (सुवेदी २०६१ : ९९) । वास्तवमा साहित्य समाजको सम्बन्धले जीवित जँच्तछ । प्रतिभाशाली लेखक त्यो हो, जो कल्पनाजगतको नियम उलङ्घन नगरीकन समाजको चित्रण दिन सक्छ भन्ने समालोचक खनालका भनाइबाट के स्पष्ट हुन्छ भन्ने साहित्य र समाजको सम्बन्ध नङ र मासुसरह रहेको हुन्छ । यदुनाथ खनालले सूक्तिसिन्धुलाई नेपाली साहित्यको कालचक्रमा मध्यरात ठान्नु एवम् क्षयोन्मुख कविताको नमुना मान्नुको प्रमुख कारण नै यस कृतिमा निहित समाज निरपेक्ष अश्लीलताको प्रस्तुति हो । **सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा** शीर्षकको लेखमा यदुनाथले साहित्यमा भावहरूको उच्चता, मानवताको तिरस्कार र सामाजिक मयार्दाको पक्षपातीगुण व्याप्त रहे मात्र उक्त साहित्य महान् हुने कुरामा जोड दिएका छन् । प्रतापचन्द्र प्रधानद्वारा सम्पादित **एक व्यक्ति अनेक अभिव्यक्ति** भन्ने ग्रन्थमा प्रकाशित **मास्टर रत्नदास वरिपरिको चिन्तन** शीर्षकको लेखमा समालोचक यदुनाथ खनालले कला र समाजका सम्बन्धमा आफ्ना धारणा अभिव्यक्त गर्दै समाजको विकास कलाकारको विकासमा अडिएको विचार प्रकट गरेका छन् । कला र समाजको सम्बन्धबारेमा यदुनाथ भन्दछन-

> "कलाकारलाई कसरी सम्मानित गर्ने भन्ने प्रश्न समाज व्यवस्थासँगै जोडिएको छ । कलारको अविकास समाजकै अविकासको अङ्ग हो । सामाजिक व्यवस्था र त्यसको पछौटेपनको निरपेक्षतामा कलाकार-कलाकारको समक्ष र पर्याप्त प्रतिकार छैन" (प्रधान ; २०४१: १४१) ।

यदुनाथका यी भनाइहरूले समाज र कलाको अन्योन्याश्रित सम्बन्धको वकालत गरेका छन् ।

उपर्युल्लिखित तथ्यहरूका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने यदुनाथ खनाल समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्ने समीक्षक हुन् ।

## ६.८ स्पष्ट र स्तरीय भाषामा बौद्धिक चिन्तन प्रस्तुत गर्नु

यदुनाथ खनालले समालोचनाहरूमा आफ्ना विचारहरूलाई स्पष्ट र स्तरीय भाषामा व्यक्त गर्दछन् । यसरी प्रकटित उनका विचारहरूमा पर्याप्त बौद्धिकता एवम् परिपक्वता पाइन्छ । उनमा संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाको गहिरो ज्ञान भएका कारणले विषयवस्तुको ज्ञानार्जन गर्न सहज सिद्ध भएको छ । तीनै भाषाका साहित्यिक कृतिहरूको निरन्तर अध्ययनका कारण उनका लेखनमा बौद्धिकताले उल्लेख्य स्थान प्राप्त गरेको हो । खनालको एउटा पनि त्यस्तो लेख छैन, जसमा परिपक्व बौद्धिक चिन्तन नभएको होस् र जसको भाषा स्पष्ट र स्तरीय नभएको होस् । समीक्षाहरूमा स्पष्ट र स्तरीय भाषा एवम् बौद्धिक चिन्तनको प्रस्तुति गर्ने प्रवृत्ति **समालोचनाको सिद्धान्त** को पहिलो अध्याय **समालोचनाको ऐतिहासिक दिग्दर्शन**बाटै देखापर्छ । यहाँ खनालले साहित्य र आलोचनाको पहिचान निक्यौंल गर्दै भनेका छन्-

> "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु आलोचना हो" (खनाल,२०४९[क] : ३)

यसलाई भाषिक स्तरता र बौद्धिक प्रस्तुतिका दृष्टिले उत्कृष्ट उदाहरण मान्न सकिन्छ । स्पष्ट भाषामा आफ्ना विचारहरूलाई बौद्धिक प्रस्तुति गरिएको **चरित्र वर्णन**का निम्न पङ्क्तिहरूले पनि खनालको भाषिक एवम् बौद्धिक प्रवृत्तिको स्पष्ट चिनारी दिन्छन् -

> "त्यस्ता कुनै मानवीय गुण छन् , जो पुरुषमा मात्र सुहाउँछन् , त्यस्ता फेरि कुनै गुण छन्, जो स्त्रीमा मात्र खुल्दछन् । त्यस्तै बोलचाल, रहनसहन , ढाँचाकाँचा, विचारको प्रणाली यी सबै कुराहरू स्त्री र पुरुषमा भिन्नै तरिकाले रहेका देखिन्छन् । यो मनुष्य प्रकृति हो, नमानी सुख छैन । पुरुषलाई एक किसिमका आशाले प्रेरित गर्छ भने स्त्रीलाई अर्कै किसिमको आशाले प्रेरित गर्छ । स्त्री जातिलाई मातृत्वको अभिलाषाले जतिको प्रभाव गर्छ शायद त्यत्तिको प्रभाव पुरुष जातिलाई पितृत्वको अभिलाषाले गर्दैन" (खनाल, २०४९[क] : ७८) ।

**नेपाली साहित्यमा आलोचनाको अवस्था एक दृष्टिकोण** शीर्षकको लेखमा साधना, ज्ञान र कविताका बारेमा यदुनाथको स्पष्ट्योक्ति रहेको छ-

> "साहित्यसाधना एक तपस्या हो । साधनाको प्रक्रिया नै सिर्जनात्मक प्रक्रिया हो । साधनाको क्रममा मिलेको अनुभूतिलाई सिद्धहरू ज्ञान भन्छन् । साधनाको क्रममा नै मिलेको अनुभूति वा अनुभूतिको अभिव्यक्तिलाई कविहरू कविता भन्छन् " (खनाल , २०४९[क] : ३२) ।

समालोचक रामकृष्ण शर्मासँग सूक्तिसिन्धुका बारेमा गरिएका तार्किक बहसमा समेत खनालको उत्कृष्ट भाषिक कौशल देखापरेको छ । यहाँ खनालले अश्लील कविताको पठनले हाम्रो हृदय उच्च भावनाले नपखालिई दूषित भावनाले कलुषित हुने तर्क राखेका छन् । **कवितामा बौद्धिकताको प्रयोगः हिउँ : एक आधुनिक इङ्गलिस कविता** शीर्षकको लेखमा उनले स्पष्ट भाषामा साहित्यलाई बौद्धिकताले सङ्कुचन होइन, विस्तृति प्रदान गर्ने धारणा राखेका छन् । यहाँ **हिउँ** कविताको दार्शनिक पक्ष केलाउँदै यदुनाथले भनेका छन् -

> "मैले देख्छु अनेक चीजहरू, मैले सुन्छु अनेक आवाजहरू, मैले चाख्छु अनेक किसिमका स्वादहरू । यी सब अनेक छन् भन्न नसकिने किसिमले अनेक तर पनि यी सबै किसिमका विषयवस्तुभित्र एकता पनि अनुभव गरिन्छ, किनभने सुन्ने, देख्ने र चाख्ने, उही व्यक्ति छ" ( खनाल, २०४९[ख] : ६४-६५) ।

कृतिमा अन्तर्निहित बौद्धिक चिन्तनकै कारण बालकृष्ण समको खण्डकाव्य **आगो र पानी** को पटकपटक समीक्षा गरेका छन् । निष्कर्षमा यदुनाथ खनाल स्पष्ट भाषा र बौद्धिक पाराले पूर्वीय तथा पाश्चात्य साहित्यको सौन्दर्यशास्त्रका आधारमा नेपालीमा समालोचनाको सिद्धान्त तयार पार्ने, विभिन्न साहितियक विधाहरूको सैद्धान्तिक व्याख्या गर्ने, नेपाली तथा अङ्ग्रेजी साहित्यका स्रष्टा एवम् तिनका कृतिको विवेचना गर्ने, नेपाली साहित्यको सिंहावलोकन गर्ने, नेपाली साहित्यमा आलोचनाको अवस्थाको चर्चा गर्ने, नेपाली साहित्यका समस्याहरू केलाउने, नेपाली साहित्यमा प्रयुक्त चिन्तनको खोजी गर्ने तथा अरू साहित्यकारहरूका विभिन्न विधाका पुस्तकहरूमा मन्तव्य प्रकट गर्ने बौद्धिक चिन्तन भएका समालोचक सिद्ध भएका छन् ।

## ६.९ समीक्षामा नैतिक र आर्दश दृष्टिकोण राख्नु

आफ्ना समीक्षाहरूमा नैतिक र आर्दश दृष्टिकोण राख्ने प्रवृत्ति समालोचक यदुनाथ खनालको महत्त्वपूर्ण प्रवृत्ति बनेर रहेको छ । उनले समीक्षाहरूमा आदर्श विचारहरू प्रकट गर्नाका साथै नैतिक चेतना र समाजप्रतिको उत्तरदायित्व-बोध हुनुपर्छ, साहित्यकारले जे मन लाग्यो त्यही लेख्नु हुँदैन, साहित्यको काम मनोरञ्जन दिनु मात्र होइन, समाजलाई उन्नत स्तरमा पुऱ्याउन सघाउ पुऱ्याउनु पनि हो भन्ने मान्यता राख्छन् (कँडेल, २०५५: १०) । त्यसैले उनले सूक्तिसिन्धुलाई नेपाली

साहित्यको कालचक्रमा मध्यरात हो र क्षयोन्मुख कविताको नमुना हो भनेका छन् । सूक्तिसिन्धुको समीक्षाले यदुनाथलाई समालोचक रामकृष्ण शर्माका प्रतिस्पर्धी समालोचकका रूपमा मात्र होइन, नैतिक र आदर्श दृष्टिकोण भएका समीक्षकका रूपमा समेत उभ्याएको छ । सूक्तिसिन्धुमा मैथुन व्यापारलाई रुपियाँ पैसाले नराम्रोसँग क्रय-विक्रय गरेको देखिन्छ तर यो नराम्रो कुरालाई 'मनमुग्धकारी' कविताका रूपमा समाजको आदर्श मान्न नहुने धारणा राख्दै उनले समाजमा श्लील साहित्यको माग रहेको कुरा बताएका छन् । **तरुण तपसी-एक दृष्टिकोण**मा समालोचक यदुनाथ खनालले परिष्कारवादी कवि लेखनाथ पौड्यालको उत्कृष्ट परिष्कृत काव्य **तरुण तपसी**को समीक्षा **कल्पनासिद्धान्त**का आधारमा गरेर आफूलाई आदर्श समालोचक तुल्याउन खोजेका छन् । कवि माधव घिमिरेको **एउटा सत्य कथा म भन्छु** कविताको समीक्षा गर्दा खनालले जीवनमा जिजीविषाको शक्ति सर्वाधिक महत्त्वपूर्ण हुने कुराको चर्चा गर्दै घृणालाई प्रेमले, अविश्वासलाई विश्वासले, असत्‌लाई सत्‌ले, मृत्युलाई जीवनले जित्ने आदर्श धारणा राखेका छन् । देवकोटालाई वर्डस्वर्थ, शेली, कीट्सकै समकवि मानेर त्यस्तै माधव घिमिरेलाई वर्डस्वर्थ एवम् मार्गारिटजत्तिकै उच्चकवि ठहऱ्याएर खनालले आफ्नो बौद्धिकता एवम् आदर्शताको अन्तर्भाव व्यक्त गरेका छन् । 'पण्डितराज सोमनाथलाई फर्केर हेर्दा' शीर्षकको लेखमा सोमनाथजस्ता विशिष्ट विद्वान्‌को जीवनको चर्चाबाट समाजलाई लाभ हुने कुराको चर्चा गर्दै यस्ता व्यक्तिको सही मूल्याङ्कन नगरी प्रशंसा वा निन्दामात्र गरेर अवास्तविक चित्र उतारेमा समाजप्रति र भविष्यका पिंढीप्रति इतिहासकारको जिम्मेवारी पूरा नहुने आदर्श विचार व्यक्त गरेका छन् । **बौद्धिकताको प्रयोगः आगो र पानी** शीर्षकको लेखमा समालोचक खनालले बौद्धिक, नैतिक र आध्यात्मिक सबै वर्तमान चेतनाहरू मिली युगचेतना बनेजस्तै कविको चेतनामा पनि बौद्धिक, नैतिक र आध्यात्मिक चिन्तन आवश्यक पर्ने हुनाले बौद्धिकता, नैतिकता र आध्यात्मिकता कविको अनुभूतिको प्रमुख अङ्ग बन्न आउने कुरा बताएका छन् । उपर्युक्त विचारहरू खनालको नैतिक एवम् आदर्श वृत्तिकै फलस्वरूप प्रकट भएका हुन् । उपर्युक्त तथ्यहरूका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने यदुनाथ खनाल समीक्षामा नैतिक र आदर्श दृष्टिकोण राख्ने समालोचक हुन् ।

## ६.१० असङ्ख्य सूचना सम्प्रेषण गर्दै साहित्यकार तथा तिनका कृतिहरूको प्रभावपरक विश्लेषण गर्नु

समालोचक यदुनाथ खनालले साहित्यकार तथा तिनका कृतिहरूको असङ्ख्य सूचना दिंदै प्रभावपरक विश्लेषण गर्ने गर्दछन् । यस्तो प्रवृत्ति बोकेका समालोचनाहरू विशेषतः **साहित्यिक चर्चा**

मा सङ्ग्रहित भएका छन्, साथै फुटकररूपमा छरिएर रहेका समीक्षाका साथै खनालद्वारा लिखित अरूका कृतिमा रहेका भूमिकामा समेत यो प्रवृत्ति पाइन्छ ।

**साहित्यिक चर्चा**मा समालोचक यदुनाथ खनालले नेपाली कविताका प्रमुख प्रतिभा बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, माधव घिमिरे, सिद्धिचरण श्रेष्ठ, म .वी.वि. शाह र भूपि शेरचनका प्रभावपरक धारणा व्यक्त गर्नाका साथै नेपाली साहित्यको सिंहावलोकन गर्ने, एवम् नेपाली आलोचनाको अवस्थाबारे दृष्टिकोण व्यक्त गर्ने काम गरेका छन् । **पण्डितराज सोमनाथलाई फर्केर हेर्दा** शीर्षकको लेखमा समालोचक खनालले आफ्ना गुरु सोमनाथ सिग्द्यालको प्रकाण्ड विद्वताको मुक्त कण्ठले प्रशंसा गरेका छन्, साथै पिताको उनलाई सोमनाथ जस्तै संस्कृतका विद्वान् बनाउने इच्छा एवम् मानुङ गाउँका पण्डितहरूले गरेको सोमनाथको चर्चाले आफू उनको प्रभावपरक व्यक्तित्वबाट प्रभावित भएको बताएका छन् । यस लेख लेख्नुको मुख्य उद्देश्य सोमनाथको विद्वान् व्यक्तित्वको चर्चा गर्नुमात्र होइन, नयराज पन्तले १३ श्लोके कविता रचेर गरेको सोमनाथको निन्दाको प्रतिवाद गर्नु पनि हो । यहाँ यदुनाथले सोमनाथको प्राध्यापक एवम् विद्वान् व्यक्तित्वको चर्चा गर्ने क्रममा नेपालको शैक्षिक तथा राजनैतिक इतिहासका असङ्ख्य सूचनाहरूसमेत दिएका छन् । **हरिनाथ खनाल-एक परिचय** शीर्षकको लेखमा खनाल वंश एवम् हरिनाथको विद्वत् व्यक्तित्वको प्रभावपरक चर्चा गरिएको छ । साथै उनले यहाँ आफ्नै वंशज परम्परा एवम् मानङं गाउँका बारेमा अनेकौ जानकारीमूलक टिप्पणी गरेका छन् । यदुनाथले बालकृष्ण समको **आगो र पानी** खण्डकाव्यको पटक पटक समीक्षा गर्नुमा कृतिमा अन्तर्निहित बौद्धिकताको प्रभाव नै प्रमुख कारण बनेको देखिन्छ । समालोचक खनालले **लक्ष्मीप्रसाद देवकोटा : एक अधुरो संस्मरण** शीर्षकको लेखमा देवकोटासँग सानिध्यता प्राप्त गरेका प्रमुख दुई घटनाको चर्चा गरेका छन् । देवकोटासँग मुनामदनका बारेमा गरेका कुराकानीलाई उनले यसप्रकार नाटकीय शैलीमा प्रस्तुत गरेका छन् -

> “मैले सोधैँ- देवकोटाजी, तपाईंका अनेक कृतिहरूमध्ये सबभन्दा ठूलो कुन सम्झनुहुन्छ, जसमा तपाईं जीवित रहन चाहनुहुन्छ? अर्थात् एक दैवी आगलागीमा एउटाबाहेक अरू सबै जल्ने भए कुन चाहिँ जोगाउन चाहनुहुन्छ ?” तुरुन्त उत्तरु आयो , ‘मुनामदन” (खनाल, २०४९[ख] : ११७) ।

संस्मरण लेखन सधैं प्रभावपरक हुने गर्दछ । **सिद्धिचरण श्रेष्ठः एक चित्रण**मा खनालको सिद्धिचरण विषयक व्याख्या पूर्णतः प्रभावपरक बन्न पुगेको छ । वर्षौंसम्म सिद्धिचरणको कवित्वको अध्ययन गरेको

कुरा उल्लेख गर्दै यदुनाथले भनेका छन्- "तर मलाई लाग्दछ कि उनलाई मैले अझ बुझ्न सकेको छैन । उनी सधैं केही अलग र दूर रहेका जस्ता छन् " (खनाल, २०४९[ख] : १३६) ।

कवि भूपि शेरचनको वैयक्तिक एवम् साहित्यिक जीवनका असङ्ख्य नवीन सूचनाहरू दिंदै प्रभावपरक विश्लेषण गरिएको लेख हो- **कवि भूपि शेरचन र उनका कविता** । यस लेखमा खनालले भूपिको मात्र चर्चा गरेका छैनन् , उनको पुर्ख्यौली थलो टुकुचे प्रदेशको प्राकृतिक मनोरमताले आफूमा पारेको प्रभावको समेत वर्णन गरेका छन् । समालोचक यदुनाथ खनालले आफू भारतका लागि नेपाली राजदूत रहेका बेला राजदूतमा नियुक्त गर्ने कवि राजा म.वी. वि. शाहको कवि व्यक्तित्वको चर्चा गरेर एक लेख लेखेका छन् । यसमा प्रयुक्त भाषिक स्तरता एवम् तथ्य र तर्कका आधारमा यस लेखलाई खनालका उत्कृष्ट समालोचनाहरू मध्येको एक मान्न सकिन्छ । यो प्रभावपरक समीक्षा प्रणालीको प्रयोग गरिएका लेखहरूको नमुनास्वरूप देखापरेको छ । यहाँ कवि म. वी. वि. शाहको कृति **उसैका लागि** को चर्चा गर्ने क्रममा यदुनाथले भनेका छन्-

> "हो, **उसैका लागि** आफ्नै खोज, आफ्नै व्यक्तित्व वा आत्माको खोज, आफ्नै देश, युग र भाषाको खोज यसकारण **उसैका लागि** मा शाहज्यूका कवि आत्माको क्रमिक विकासको मनोवैज्ञानिक चित्रण पाइन्छ । . . . दरबारमा नक्कली वस्तुले घेरिएका कविलाई नेपालको विशुद्ध सौन्दर्य पूजाको विषय बनेको छ " (खनाल, २०४९[ख] : १५४-१५५) ।

उपर्युक्त तथ्यहरूका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने यदुनाथ खनाल असङ्ख्य सूचनाहरू सम्प्रेषण गर्दै साहित्यकार तथा तिनका कृतिहरूको प्रभावपरक विश्लेषण गर्ने समीक्षक हुन् ।

### ६.११ स्वच्छन्दतावादी साहित्यप्रति झुकाउ राख्दै समीक्षामा आत्मपरक शैलीको प्रयोग गर्नु

यदुनाथ खनाल स्वच्छन्दतावादी साहित्यप्रति झुकाउ राख्ने समीक्षक हुन् । उनले नेपाली कवि एवम् तिनका काव्यकृतिको जति पनि समीक्षा गरेका छन् , एकादुई अन्य धाराका कविबाहेक अरू सबै स्वच्छन्दतावादी कविहरू नै रहेका छन् । नेपाली साहित्यका स्वच्छन्दतावादी कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, भूपि शेरचन, म. वी. वि. शाहको नाम उल्लेख्य स्थानमा रहेको छ । समालोचक खनालले यी सबै कविहरूको विस्तृत एवम् सर्वत्र समीक्षा गरेका छन् । नेपाली साहित्यका प्रमुख परिष्कारवादी कवि लेखनाथ पौड्यालको उत्कृष्ट काव्य **तरुण तपसी** को समीक्षा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि कलरिजले प्रतिपादन गरेको **कल्पना सिद्धान्त** का आधारमा विवेचना गरेर आफ्नो झुकाउ स्वच्छन्दतावादतर्फ रहेको कुराको पुष्टि गरेका छन् ।

यदुनाथ खनाल महाकवि लक्ष्मीप्रसाद देवकोटासँग समयसमयमा अत्यन्त निकट भई सहकार्य गरेका समीक्षक हुन् । खनालले देवकोटासँगका अनुभूतिलाई **लक्ष्मीप्रसाद देवकोटाः एक अधुरो संस्मरण** शीर्षकको लेखमा समेटेका छन् भने **लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा** शीर्षकको लेखमा देवकोटालाई प्रसिद्ध अङ्ग्रेजी स्वच्छन्दतावादी कवि कीट्ससँग तुलना गर्दै उनको साहित्यिक व्यक्तित्वको एकमुष्ट विहङ्गालवलोकन गरिएको छ । त्यस्तै **देवकोटा र शाकुन्तलः एक विवरण** शीर्षकको लेखमा नेपाली साहित्यका प्रथम आधुनिक एवम् स्वच्छन्दतावादी महाकाव्य **शाकुन्तल**को केन्द्रीयतामा देवकोटाको कवित्वको चर्चा गरिएको छ । यसरी नेपाली साहित्यका स्वच्छन्दतावादका प्रर्वतक लक्ष्मीप्रसाद देवकोटाको पटक-पटक समीक्षा गर्नुको प्रमुख कारण स्वच्छन्दतावादप्रंतिको झुकाउ नै भएको सिद्ध हुन्छ ।

स्वच्छन्दतावादी कवि माधव घिमिरेको अङ्गी रस 'करुण! भएको १३ श्लोके **यौटा सत्य- कथा म भन्छु** शीर्षकको कविताको विश्लेषण गरिएको लेख हो - **यौटा सत्य कथा म भन्छु** । जिजीविषा शक्तिको महत्त्व केलाइएको यस कवितामा परिष्कृत शैलीमा सशक्त स्वच्छन्दतावादी भावधारा रहेको पाइन्छ ।

सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादी नेपाली कविताका सहप्रवर्तक हुन् । यदुनाथले **सिद्धिचरण श्रेष्ठ- एक चित्रण** शीर्षकको लेखमा कवि श्रेष्ठको समग्र साहित्यिक व्यक्तित्वको चर्चा गरेका छन् । त्यस्तै भूपि शेरचन र म.वी.वि. शाहको कवि व्यक्तित्व एवम् काव्यकृतिहरूको समीक्षाले पनि यदुनाथ खनाललाई स्वच्छन्दतावादी साहित्यप्रति झुकाउ राख्ने समालोचक हुन् भन्ने कुराको सिद्ध हुन्छ ।

समालोचक यदुनाथ खनालले आफ्ना समालोचनाहरूमा आत्मपरक शैलीको प्रयोग गर्दछन् । यस्तो आत्मपरक प्रवृत्ति मूलतः **साहित्यिक चर्चा** मा समाविष्ट समालोचनाहरूमा पाइन्छ । 'म स्वयम् अनुभव गरिरहेछु', 'मलाई लाग्दछ कि', 'मेरो विचारमा', 'म पनि आपत्ति देख्दिन', 'म स्वीकार गर्दछु कि,' '. . . भन्ने मेरो भनाइ छ' जस्ता पदावलीहरूको प्रयोग आत्मपरक शैलीमा मात्र सम्भव हुन्छ । समालोचक यदुनाथ खनालका समालोचनाहरूमा यस्ता पदावलीहरू जताततै पाइन्छन् । आत्मपरक शैलीको उदाहरण स्वरूप केही उद्धरणहरू यहाँ उल्लेख गरिएको छ- " यी ६ श्लोकहरूमध्ये पहिला दुई श्लोकलाई मनमुग्धकारी भन्नुमा म पनि केही आपत्ति देख्तिन " (खनाल, २०४९[ख] : ५४) ।

> "मेरो जन्मस्थल माह्नौं र त्यहाँ वरिपरिका कतिपय पण्डितहरूबाट सोमनाथको नाम बालककालदेखि नै बीचबीचमा सुनेको थिएँ । जान्ने-सुन्ने सबैले उनको प्रकाण्ड विद्वताको मुक्तकण्ठले प्रशंसा गर्ने हुनाले विद्याको खोजमा म काठमाडौं आउनुभन्दा अगाडिदेखि नै

उनीप्रति मेरो उत्सुकताको भाव जन्मिसकेको थियो " (खनाल, २०४९[ख] : ८१) । "यसको दश-एघार वर्षपछि अर्के वातावरणमा फेरि एकपल्ट देवकोटाजीसँग सहबास गर्ने मौका मिल्यो " (खनाल, २०४९[ख] : ११५) ।

निष्कर्षमा यदुनाथ खनालका समग्र समालोचनाहरूको सूक्ष्म अध्ययन गर्दा उनी स्वच्छन्दतावादी साहित्यप्रति झुकाउ राख्दै समीक्षामा आत्मपरक शैलीको प्रयोग गर्ने समीक्षक सिद्ध हुन्छन् ।

## ६.१२ समीक्षकहरूसँग तार्किक एवम् बौद्धिक प्रतिस्पर्धा गर्नु

समालोचक यदुनाथ खनालले आफ्ना विचारहरूको तार्किक एवम् बौद्धिक प्रस्तुति गर्ने गर्दछन् । अङ्ग्रेजी साहित्यका विद्वान् भए पनि हिन्दू संस्कृतिका आदर्शमा आस्थावान् खनाल साहित्यमा नैतिकता र बौद्धिकताको पक्ष लिन्छन् । यदुनाथ खनाललाई सूक्तिसिन्धुको समीक्षाले समालोचक रामकृष्ण शर्माका प्रतिपक्षी समालोचक बनायो भने पण्डितराज सोमनाथ बारेको समीक्षाले नयराज पन्तका प्रतिपक्षी समालोचक बनायो ।

> "श्रृङ्गार रसको विरोध नगरीकन पनि त्यस पुस्तकका विभिन्न कवितामा व्यक्त गरिएका भावहरूको तुच्छता, मानवताको तिरस्कार र दासत्वको स्तुतिको आधारमा सूक्तिसिन्धुलाई नेपाली साहित्यको कालचक्रमा मध्यरात भन्न सकिन्छ" (इन्दु :२०१७, असार/साउन, पृ.२८-३०) ।

**सूक्तिसिन्धु** कविता सङ्ग्रहका बारेमा यदुनाथ खनालका यस्ता टिप्पणीहरू प्रकाशित भएपछि रामकृष्ण शर्माले **सूक्तिसिन्धु एक स्वतन्त्र दृष्टिकोण** (नेपाली , पूर्णाङ्क ५, ५६-६७ पृ.) शीर्षकको लेख प्रकाशित गरी सूक्तिसिन्धु स्वतन्त्र दृष्टिकोणले युक्त क्रान्तिकारी कविता भएको धारणा अगाडि सारे । सूक्तिसिन्धुका बारेमा रामकृष्ण शर्माले यदुनाथ खनाललाई दिएको जवाफस्वरूप यस्तो दृष्टिकोण सार्वजनिक भएको थियो । यो लेखपछि फेरि यदुनाथ खनालले रामकृष्ण शर्मालाई प्रतिउत्तर दिंदै आफ्नो लेखको आशय र सूक्तिसिन्धुप्रति आफ्नो दृष्टिकोण **सूक्तिसिन्धुको मूल्यात्तनको खोजमा** ( रूपरेखा, पूर्णाङ्क-६ २०-२७ पृ.) शीर्षकको लेख लेखेर अझ स्पष्टसँग प्रस्तुत गरे । यस लेख प्रकाशमा आएपछि फेरि रामकृष्ण शर्माको अर्को प्रत्युत्तरात्मक लेख **सूक्तिसिन्धु- थप कुरा** (नेपाली, पूर्णाङ्क ८-२०१८) देखापर्दछ र यसपछि दुबै समालोचकको दोहोरी बन्द भएको पाइन्छ । सूक्तिसिन्धुसम्बन्धी समालोचक यदुनाथ खनाल र समालोचक रामकृष्ण शर्माबीचको तार्किक बहसलाई नेपाली सामालोचनाको परम्परामा महत्त्वपूर्ण घटनाका रूपमा लिइन्छ ।

समालोचक यदुनाथ खनालका अर्का प्रतिपक्षी विद्वान् नयराज पन्त हुन् । यदुनाथले **पण्डितराज सोमनाथलाई फर्केर हेर्दा** शीर्षकको लेखमा नयराज पन्तले गरेको सोमनाथको आलोचनाको खुलेर प्रतिवाद गरेका छन् । यो लेख नयराज पन्तले १३ श्लोके एक कविता रची हेमराजको प्रशंसा र सोमनाथको निन्दा गरेपछि उक्त टिप्पणीको विरोधस्वरूप सोमनाथको प्रशंसा गरेर लेखिएको हो । उपर्युल्लिखित तार्किक प्रतिस्पर्धाहरूबाट यदुनाथ खनाल विभिन्न समीक्षकहरूका तार्किक प्रतिस्पर्धी समालोचक हुन् भन्ने सिद्ध हुन्छ ।

### ६.१३ समीक्षात्मक गुणहरूले भरिपूर्ण निबन्धात्मक सिर्जना एवम् साहित्यिक पुस्तकहरूमा भूमिका लेख्नु

समालोचक यदुनाथ खनालले लेखेका आफ्ना एवम् अरूका विभिन्न विधाका साहित्यिक पुस्तकहरूका भूमिका वा मन्तव्यहरूमा समेत अत्यन्त गहन समीक्षात्मक टिप्पणीहरू पाइन्छन् । साहित्यका क्षेत्रमा उनका नेपाली र संस्कृतमा **समालोचनाको सिद्धान्त, साहित्यिक चर्चा, सुक्ति सञ्चय** र **नेपाली भामिनीविलास** गरी चार पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने **नेपाल अधिराज्यमा तनहुँ** ( डिल्लीराम मिश्र), **प्रा. हरिनाथ खनाल : जीवनी र विचार** (कृष्णराज खनाल) , **मृगस्थली** (डा.दुर्गा भण्डारी), **नेपाली शब्दसागर** (वसन्तकुमार शर्मा) लगायतका अन्य लेखकका विभिन्न विधाका पुस्तकहरूमा समेत भूमिका वा मन्तव्य लेखेका छन् ।

यदुनाथ खनालले आफ्नो सैद्धान्तिक समालोचनाहरूको सङ्ग्रह **समालोचनाको सिद्धान्त** मा भूमिका स्वरूप लेखेका 'निवेदन' मा नेपाली समालोचनाको २००२ चैत्रसम्मको परम्परामा विनासिद्धान्त समालोचना लेखिइरहेको कुराको चर्चा गर्दै समालोचना लेख्नुभन्दा अगाडि केही सिद्धान्तहरूको आवश्यकता महसुस भएकाले प्रस्तुत सैद्धान्तिक पुस्तक लेखेको बताएका छन् । आफ्ना समालोचनाहरूको अर्को सँगालो **साहित्यिक चर्चा**को सानो मन्तव्यमा साहित्य अरूअरू कलाजस्तै मानवीय विशेषता हो, जातीय वा राष्ट्रिय विशेषता होइन भनेर साहित्य र अरू कलाका बीच रहेको समानताको चर्चा गरेका छन् । साहित्यिक चिन्तन र सूचनात्मक प्रस्तुतिका दृष्टिले यी दुवै पुस्तकका भूमिकाहरू महत्त्वपूर्ण छन् । केही मौलिक र केही विविध अन्य भाषाहरूबाट संस्कृतमा अनुवाद गरिएका कविताहरूको सङ्कलन **सूक्तिसञ्चयः**को भूमिकामा यदुनाथले एउटा उत्कृष्ट कवि आफ्नो चेतनाको उच्चतम् अवस्थामा कुनै पनि विश्वजनीन संस्कृतितर्फ सचेत भइरहने कुराको चर्चा गरेका छन् । पण्डितराज जगन्नाथको संस्कृत भामिनीविलासको समश्लोकी -समच्छन्दी नेपाली अनुवाद **नेपाली भामिनीविलास** को भूमिकामा काव्य र काव्यशास्त्रको गहन सैद्धान्तिक चर्चा गरेका छन् ।

डा. दुर्गा भण्डारीको आत्मपरक निबन्धहरूको सँगलो **मृगस्थली** मा समीक्षक खनालले निबन्धकार भण्डारीको एकमुष्ट विहङ्गावलोकन गर्दै नेपाली आत्मपरक निबन्ध परम्पराको समेत सटिक टिप्पणी गरेका छन् । डिल्लीराम मिश्रको **नेपाली अधिराज्यमा तनहुँ**' पुस्तकको भूमिका लेखनका क्रममा समीक्षक खनालले नेपाली साहित्यको क्षेत्रमा तनहुँले दिएको योगदानको चर्चा गरेका छन् । कृष्णराज खनालद्वारा लिखित हरिनाथ खनालको जीवनीपरक कृतिमा यदुनाथले खनालवंशको चर्चा गर्नुका साथै दाजु हरिनाथको प्रभावपरक चर्चा गरेका छन् । वसन्तकुमार शर्माको **नेपाली शब्दसागर** कोश ग्रन्थको भूमिका स्वरूप लेखिएको 'दुई शब्द' मा समीक्षक खनालले भाषाशास्त्रीय चिन्तन गर्दै शब्दहरूको निर्माणमा अलच्किलो नियम र व्यवहार लादिएमा भाषाको विकाससँग सम्बद्ध सिर्जनात्मकताले खेल्न नपाउने कुराको चर्चा गरेका छन् ।

यदुनाथ खनालका विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा छरिएर रहेका **रानीपोखरी , पृथ्वी, समुद्र र आकाश, नारी जीवन, ऐतिहासिक दृष्टिकोण, स्वालम्बन, कठोरता, बाटो बिलायो, म सम्झन्छु, जनताको माया**लगायतका निबन्धहरूले उनलाई निजात्मक र सशक्त चिन्तकका रूपमा स्थापित गरेका छन् । उपर्युक्त तथ्यहरूबाट यदुनाथ खनाल समीक्षात्मक गुणहरूले भरिपूर्ण निबन्धात्मक सिर्जना एवम् साहित्यिक पुस्तकहरूमा भूमिका लेख्ने समीक्षक सिद्ध भएका छन् ।

# उपसंहार तथा निष्कर्ष

नेपाली समालोचनाको आधुनिक कालखण्डको प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक यदुनाथ खनाल (१९७०-२०६१) नेपाली समालोचनाको इतिहासमै पहिला सैद्धान्तिक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् । वि.सं १९८८ सालपछिका समयमा लेखन क्षेत्रमा प्रवेश गरेका खनालका समालोचनाका क्षेत्रमा **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) गरी दुई पुस्तकाकार कृति प्रकाशित छन् । **समालोचनाको सिद्धान्त** पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय मान्यताका आधारमा नेपालीमा लेखिएको सैद्धान्तिक समालोचनाको पहिलो एवम् गहकिलो कृति हो भने **साहित्यिक चर्चा** साहित्यका विविध पक्ष र स्रष्टा एवम् तिनका सिर्जनामा पाइने प्रवृत्तिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको कृति हो । असङ्ख्य सूचना सम्प्रेषण गर्दै विशेषतः स्वच्छन्दतावादी साहित्यको समीक्षा गर्न रुचाउने र समीक्षामा प्रभाववादी चिन्तनसमेत प्रस्तुत गर्ने खनाल बौद्धिक र दार्शनिक गहिराइ भएका नीतिवादी एवम् आदर्शवादी समालोचक हुन् । गुण र दोषको सन्तुलित निरूपण गर्दै गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनुपर्छ भन्ने खनालले आफ्ना समीक्षाहरूमा तुलनालाई मुख्य आधार बनाउँदै स्पष्ट र स्तरीय भाषामा समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्ने प्रयास गर्छन ।

यदुनाथ खनाल सफल समालोचक जस्तै सफल कवि-लेखक, प्राध्यापक, प्रशासक एवम कूटनीतिज्ञ पनि हुन् । वि.सं १९८८ सालदेखि **रानी पोखरी** शीर्षकको निबन्ध लिएर सार्वजनिक साहित्यलेखनतर्फ उत्रेका यदुनाथको प्राध्यापक व्यक्तित्व त्रिचन्द्र कलेजमा वि.सं १९९९ सालमा अङ्ग्रेजी साहित्यको प्राध्यापन गर्न थालेपछि, प्रशासनिक व्यक्तित्व वि.सं २०१२ सालमा प्रधानमन्त्री टङ्कप्रसाद आचार्यका स्वकीय सचिवमा नियुक्त भएपछि एवम् कूटनीतिक व्यक्तित्व पहिलो ऐतिहासिक अफ्रो-एसियाली सम्मेलनमा वि.सं २०१२ सालमा नेपाली प्रतिनिधिमण्डलका सदस्यसचिवका रूपमा भाग लिएपछि थालनी भएको हो ।

संस्कृत, नेपाली र अङ्ग्रेजी तीनै भाषामा एकै साथ कलम चलाउने यदुनाथ खनाल साहित्यिक फाँटका निबन्ध, समालोचना र कविताका क्षेत्रमा एक सुपरिचित र स्थापित व्यक्तित्व हुन् । साहित्यका क्षेत्रमा उनका नेपाली र संस्कृतमा गरी उपर्युल्लिखित दुई समीक्षात्मक पुस्तकका साथै **सूक्तिसञ्चयः** (२०३२) र **नेपाली भामिनीविलास** (२०५५) गरी चार पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने थुप्रै आत्मपरक निबन्धात्मक एवम् समीक्षात्मक लेखहरू विभिन्न पत्रपत्रिका एवम् पुस्तकहरूमा फुटकर रूपमा छरिएर रहेका छन् । वि.सं १९८८ सालमा लेखेको **रानीपोखरी** शीर्षकको निबन्धदेखि

सार्वजनिक साहित्ययात्रा थालेका यदुनाथको यो यात्राले विभिन्न मोड- उपमोडहरू निरन्तररूपमा छिचोल्दै सत्तरी वर्षभन्दा बढी समयको बुढ्यौली उमेरसम्म निरन्तरता पायो । यदुनाथ खनालका साहित्यिक सिर्जनालाई निबन्धात्मक, समालोचनात्मक र कवितात्मक आलोकका निम्न तीन चरणमा छट्याउन सकिन्छ -

१. पहिलो चरण : ( १९८८-२००२) निबन्धकेन्दित लेखन

२. दोस्रो चरण : (२००३-२०३१) समालोचनाकेन्द्रित लेखन र

३. तेस्रो चरण : (२०३२ पश्चात) कविताकेन्द्रित लेखन ।

उपर्युल्लिखित तीन चरणहरूमा प्रस्फुटित कृतिहरूका कृतित्वमा यदुनाथ खनालका अनुवंश, पारिवारिक पृष्ठभूमि, शिक्षा, पेसा, राष्ट्रिय अन्ताराष्ट्रिय परिवेशलगायतका जीवनीका विभिन्न पक्षहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव परेको पाइन्छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्न थालेताकाकै विशुद्ध साहित्यिक सिर्जनाभित्र देखापर्न थालेको अप्रत्यक्ष समीक्षा चेतले वि.सं १९४८ सालमा मोतीराम भट्टद्वारा लिखित 'कवि भानुभक्तको जीवन चरित्र' (१९४८) शीर्षकको कृतिबाट विधागत स्पष्टता प्राप्त गऱ्यो । नेपाली समालोचनाको विकासक्रममा देखापरेका पृष्ठभूमिकालीन अवधिदेखि हालसम्मका विभिन्न मोड उपमोडहरूलाई निम्नानुसार चरण-विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुने देखिन्छ -

१.पृष्ठभूमि काल ( सं १९४८ पूर्व)

२. पूर्वआधुनिक काल ( सं. १९४८ देखि १९७८ सम्म)

३. आधुनिक काल (सं. १९७९ देखि हालसम्म)

क) पहिलो चरण (सं १९७९ -२००३)

ख) दोस्रो चरण (सं. २००४-२०२०)

ग) तेस्रो चरण (सं. २०२१- २०४६)

घ) चौथो चरण (सं. २०४७- हालसम्म)

उपर्युल्लिखित नेपाली समालोचनाको विकासक्रमका चरण- उपचरणहरूमा यदुनाथ खनालले आधुनिक कालखण्डको प्रथम चरणको उठान र विकासमा महत्त्वपूर्ण भूमिका खेली ऐतिहासिक

गुणात्मक योगदान गरेका छन् । उनी नेपाली समालोचनापरम्पराकै पहिलो सैद्धान्तिक समालोचकका रूपमा स्थापित व्यक्तित्व हुन् ।

यस शोधको मुख्य केन्द्र समालोचक यदुनाथ खनालका प्रवृत्तिहरूको गहन अध्ययन एवम् मूल्याङ्कन रहेकाले निष्कर्षस्वरूप समालोचक खनालका प्रवृत्तिहरूको बुँदागत अङ्कन यसप्रकार गर्नु उपयुक्त हुन्छ -

१. पूर्वीय र पाश्चात्य साहित्यको सौन्दर्य चिन्तनका आधारमा पहिलोपटक नेपाली समालोचनाको मानदण्ड तयार पार्नु ,

२. समीक्षामा तुलनालाई मुख्य आधार बनाउनु ,

३. गहन अध्ययन र प्रामाणिक तथ्यका आधारमा निर्णय दिनु ,

४. गुण र दोषको सन्तुलित निरूपण गर्नु,

५. दार्शनिक र बौद्धिक गहिराइ भएका कृतिको समीक्षण गर्नु,

६. स्थापित सिद्धान्तहरूको समीक्षात्मक प्रयोग गर्नु ,

७. समाज र साहित्य एवम् कला र जीवनको केन्द्र खोज्नु ,

८. स्पष्ट र स्तरीय भाषामा बौद्धिक चिन्तन गर्नु ,

९. समीक्षामा नैतिक र आदर्श दृष्टिकोण राख्नु,

१० असङ्ख्य सूचना सम्प्रेषण गर्दै साहित्यकार तथा तिनका कृतिहरूको प्रभावपरक विश्लेषण गर्नु,

११. स्वच्छन्दतावादी साहित्यप्रति झुकाव राख्दै समीक्षामा आत्मपरक शैलीको प्रयोग गर्नु,

१२. समीक्षकहरूसँग तार्किक एवम् बौद्धिक प्रतिस्पर्धा गर्नु र

१३. समीक्षात्मक गुणले भरिपूर्ण निबन्धात्मक सिर्जना एवम् साहित्यिक पुस्तकहरूमा भूमिका लेख्नु ।

# सन्दर्भग्रन्थसूची

**क) पुस्तकसूची**


अधिकारी, रविलाल, **नेपाली समालोचनाको रूपरेखा,** पोखरा : लेकाली प्रकाशन, २०५१ ।

.---------------, **प्रगतिवादी नेपाली समालोचना**, पोखरा : लेकाली प्रकाशन, २०५६ ।

आचार्य, जयराज, **यदुनाथ खनालः जीवनी र विचार,** ललितपुरः साझा प्रकाशन, २०५९ ।

आचार्य, बाबुराम, **पुराना कवि र कविता**, छैटौं सं.,ललितपुर : साझा प्रकाशन, २०५० ।

आचार्य, भानुभक्त, **रामायण,** चौथो सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

कँडेल, घनश्याम, सम्पा., **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

कोइराला, विश्वेश्वरप्रसाद , **आत्मवृत्तान्त**, ललितपुर : जगदम्बा प्रकाशन, २०५५ ।

खनाल, कृष्णराज, **प्रो. हरिनाथ खनालः जीवनी र परिवेश,** काठमाडौं : नगेन्द्रनाथ खनाल, २०५८ ।

खनाल, यदुनाथ, **सूक्तिसञ्चय**, काठमाडौं : यदुनाथ खनाल, २०३२ ।

--------------, **नेपाली भामिनीविलास,** काठमाडौं : उन्नयन प्रकाशन, २०५५ ।

--------------, **समालोचनाको सिद्धान्त**, पाँचौं सं., ललितपुर :साझा प्रकाशन, २०४९[क] ।

--------------, **साहित्यिक चर्चा**, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०४९[ख] ।

गौतम, देवीप्रसाद र लुइँटेल, खगेन्द्रप्रसाद, **नेपाली निबन्ध**, काठमाडौंः नवीन प्रकाशन, २०५४ ।

त्रिपाठी, वासुदेव र अन्य, सम्पा., **नेपाली कविता भाग ४,** तेस्रो सं., ललितपुर : साझा प्रकाशन, २०५४।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,** पाँचौं सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

देवकोटा, लक्ष्मीप्रसाद, अनु., **प्रसिद्ध प्रन्बन्ध सङ्ग्रह,** चोथो सं., ललितपुर : साझा प्रकाशन, २०४९ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, **नेपाली बृहत शब्दकोश**, छैटौँ सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रमा**, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०५६ ।

पौड्याल, लेखनाथ, **तरुण तपसी**, एघारौँ सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

प्रधान, कृष्णचन्द्रसिंह, सम्पा., **साझा समालोचना**, पाँचौ सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

प्रधान, प्रतापचन्द्र, सम्पा., **एक व्यक्ति अनेक अभिव्यक्ति**, काठमाडौं : कुमारधर शर्मा 'ज्ञानी', २०४१ ।

भट्ट, गोविन्द, **गोविन्द भट्टका समालोचनाहरू**, काठमाडौं : बगर प्रकाशन, २०५४ ।

भट्ट, मोतीराम, **कवि भानुभक्तको जीवनचरित्र**, तेस्रो सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

भट्टराई, घटराज, सम्पा., **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेशनल रिसर्च एशोसियसन, २०४० ।

शर्मा अर्याल, श्यामजीप्रसाद, सम्पा., **सूक्तिसिन्धु (फेरि)**, काठमाडौं : पाठ्यसामग्री पसल, २०५५ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, दोस्रो सं., काठमाडौंः सङ्कल्प प्रकाशन, २०३९ ।

शर्मा नेपाल, वसन्तकुमार, **नेपाली शब्दसागर**, काठमाडौं : भाभा पुस्तक भण्डार, २०५७ ।

शर्मा भट्टराई, शरदचन्द्र, **नेपाली साहित्यको इतिहास (माध्यमिक काल)**, काठमाडौं : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र, २०३७ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, दोस्रो सं., ललितपुरः साझा प्रकाशन, २०५५ ।

शर्मा, रामकृष्ण, **सूक्तिसिन्धु र अन्य समालोचना**, ललितपुर : साझा प्रकाशन, २०५१ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३४ ।

सुवेदी, अभि, **पाश्चात्य काव्यसिद्धान्त**, दोस्रो सं., ललितपुर : साझा प्रकाशन, २०५४ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, वाराणसीः भूमिका प्रकाशन, २०६१ ।

**ख) पत्रपत्रिकासूची**


कर्माचार्य, सरस्वती, “कूटनीतिज्ञ खनालको निधन”, **अन्नपूर्ण पोष्ट** (वर्ष ३, अङ्क १५७, २०६१,असोज) पृ. १ ।

खनाल, यदुनाथ, अनु. ‘‘प्रभात वर्णन’’ **प्रज्ञा**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (वर्ष ७, अङ्क २, २०३५ कात्तिक-पुस), पृ. ७५-८५ ।

घिमिरे, युवराज, “विदेशमा नेपाल चिनाउने व्यक्ति”, **समय** (वर्ष १, अङ्क २, २०६१, असोज) पृ. ३३-३५ ।

भट्टराई, मदनकुमार, “बहुआयामिक व्यक्तित्व यदुनाथ खनाल”, **गरिमा** वर्ष २३, अङ्क १०, २०६२, असोज) पृ.६२-७९ ।

---------------, “बहुआयामिक व्यक्तित्व यदुनाथ खनाल”, **गरिमा** वर्ष २३, अङ्क ११, २०६२, कात्तिक ) पृ. ६४-८० । तिज्ञ सरदार”, **कान्तिपुर**

मिश्र, डिल्लीराम, “कूटनी (वर्ष १३, अङ्क २२७, २०६२, असोज) पृ.७ ।